# प्रथम आवधिक योजना

## (आ.व.२०७७/०७८–२०८१/०८२)





## इच्छाकामना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### कुरिनटार, चितवन

### बागमती प्रदेश, नेपाल

Acin
Accountability Initiative Pvt. Ltd.

# एकाउन्टविलिटी इनिसियटिभ प्रा. लि.

पत्र संख्याः

**मिति : २०७७/०३/२१**

चलानी नं.ः

**कृतज्ञता**

सरकारहरूका लागि योजनावद्ध विकास अनिवार्य सर्त हो । स्थानीय सरकारका हैसियतले इच्छाकामना गाउँपालिकाको **"सुखी खुशी समृद्ध इच्छाकामना कृषि पर्यटन पुर्वाधार विकास हाम्रो चाहाना"** दीर्घकालिन सोच राखी आवधिक योजना (आ.व.२०७७/०७८–२०८१/०८२)को दस्तावेज तयार भएको छ ।

यस योजना तर्जुमा प्रकृयमा निरन्तर सहभागी भई आफ्नो सुझाव तथा समय दिनुहुने इच्छाकामना गाउँपालिकाका अध्यक्ष श्री गीता कुमारी गुरुङ प्रति कृतज्ञता व्यक्त गर्दछौ । साथै, गाउँपालिका उपाध्यक्ष श्री कृति कुमार प्रमुख प्रशासकीय अधिकृत श्री सुकदेव लम्साल, पूर्व प्रमुख प्रशासकीय अधिकृत श्री नरहरि सापकोटा, सल्लाहकार श्री रामचन्द्र न्यौपाने तथा सबै वटा वडाका अध्यक्ष, कार्यपालिका सदस्य, विषयगत समितिका संयोजक तथा सदस्यहरू, शाखा प्रमुख एवम् कर्मचारीहरूप्रति आभार प्रकट गर्दछौं ।

आवधिक विकास योजना तर्जुमा गर्ने कार्यमा सल्लाहकारका रूपमा योगदान पुऱ्याउनु हुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा.जगदीशचन्द्र पोखरेल तथा विज्ञहरू श्री सुरेन्द्र वाग्ले, श्री प्रमोद भट्टराई, श्री सुभाष चन्द्र घिमिरे, श्री दीपक कुमार श्रेष्ठ,, श्री गोविन्द अधिकारी, श्री अनिल घिमिरे र श्री अनुप घिमिरेलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै यस योजना तर्जुमा कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर-सरकारी संघ-संस्थाहरू, लगायत सबै सरोकारवालाहरूप्रति कृतज्ञ छौं ।

अन्त्यमा, नतिजामा आधारित यस योजना दस्तावेज मस्यौदालाई गाउँपालिकाले स्वीकार गरी कार्यान्वयनमा ल्याउने विश्वास व्यक्त गर्दछौं ।

**डा.शेषरमण न्यौपाने**

प्रमुख कार्यकारी अधिकृत

प्रसुतिगृह मार्ग बबरमहल, काठमाडौफोनः ०१-४२४८७६९, इमेलः npshesh@accountabilityinitiative.com.np
वेवपेजः https://accountabilityinitiative.com.np/

## शब्द संक्षेप

| | | |
|---|---|---|
| अ/गैसस | : | अन्तर्राष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मि. | : | किलोमिटर |
| गापा | : | गाउँपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| दिविल | : | दिगो विकास लक्ष्य |
| रु. | : | रुपैंयाँ |
| हे. | : | हेक्टर |
| DRR | : | Disaster Risk Reduction |
| SIP | : | School Improvement Plan |
| | : | |
| जि.व.का. | | जिल्ला वन कार्यालय |
| जि.भु.ज.सं. | : | जिल्ला भु तथा जलाधार संरक्षण कार्यालय |
| एकिन | : | एकाउण्टविलिटी इनिसिएटिभ प्रा.लि. |

# विषय सूची

**परिच्छेद एक : परिचय**..........१
१.१ पृष्ठभूमि..........१
१.२ योजना तर्जुमाको उद्देश्य..........१
१.३ कानुनी तथा नीतिगत आधारहरू..........२
१.४ आवधिक योजना तर्जुमा प्रक्रिया..........३
१.५ अध्ययनका सीमा..........४

**परिच्छेद दुई : गाउँपालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक स्थिति बिश्लेषण**..........६
२.१ गाउँपालिकाको संक्षिप्त परिचय..........६
२.२ सामाजिक तथा आर्थिक स्थिति..........९
२.३ मानव विकास र गरिबी..........९

**परिच्छेद तीन : अवसर तथा चुनौति बिश्लेषण**..........१०
३.१ सम्भावना तथा अवसर..........१०
३.२ चुनौती र जोखिम..........११

**परिच्छेद चार : योजनाको अवधारणा र प्रारुप**..........१४
४.१ परिवर्तनको चाहना..........१४
४.२ दीर्घकालीन सोच..........१४
४.३ लक्ष्य..........१५
४.४ उद्देश्य..........१६
४.५ रणनीतिहरु..........१६
४.६ निर्देशक सिद्धान्त..........१७

**परिच्छेद पाँच : आर्थिक क्षेत्र विकास**..........१९
५.१ कृषि तथा पशुपालन क्षेत्र विकास..........१९
५.२ सिंचाई विकास..........२३
५.३ पर्यटन विकास..........२५
५.४ उद्योग र व्यापार..........२९
५.५ वैंक, सहकारी र वित्तिय सेवा..........३१

**परिच्छेद छ : सामाजिक क्षेत्र विकास**..........३३
६.१ शिक्षा तथा सीप विकास..........३३
६.२ स्वास्थ्य तथा पोषण..........३६
६.३ खानेपानी तथा सरसफाई..........४०
६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण..........४२
६.५ युवा तथा खेलकुद..........४४
६.६ सांस्कृतिक सम्पदा..........४६

**परिच्छेद सात : पूर्वाधार क्षेत्र विकास**..........४८

७.१ सडक तथा यातायात........................................................................................................ ४८
७.२ आवास, भवन तथा शहरी विकास........................................................................................५०
७.३ वैकल्पिक उर्जा..................................................................................................................५२
७.४ सूचना तथा संचार .............................................................................................................५३

**परिच्छेद आठ : वन, वातावरण तथा विपद व्यवस्थापन ............................................................................५६**
८.१ वन तथा जैविक विविधता....................................................................................................५६
८.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन......................................................................................५९
८.३ वातावरण तथा स्वच्छता ......................................................................................................६१
८.४ विपद् जोखिम व्यवस्थापन.................................................................................................... ६२

**परिच्छेद नौ : सुशासन तथा संस्थागत विकास...........................................................................................६६**
९.१ संस्थागत क्षमता विकास...................................................................................................... ६६
९.२ कानून नीति तथा सुशासन.................................................................................................... ६९
९.३ श्रोत परिचालन तथा व्यवस्थापनः.......................................................................................... ७१
९.४ विकास व्यवस्थापन ........................................................................................................... ७३

**परिच्छेद दश : बित्तीय व्यवस्थापन ...........................................................................................................७५**
१०.१ सम्भावित स्रोत व्यवस्थापन र नपुग स्रोत परिचालन................................................................... ७६
१०.२ विषय क्षेत्र अनुसार प्रस्तावित बजेट ........................................................................................ ७६
१०.३ निकायगत श्रोत संभाव्यता तथा प्रक्षेपण...................................................................................७७
५.८ अपुग श्रोत विश्लेषण तथा अपुग श्रोत परिचालन रणनीति.............................................................७८
१०.४ स्रोत परिचालन रणनीति .....................................................................................................७८

**परिच्छेद एघार —— योजना अनुगमन तथा मूल्यांकन........................................................................................ ८०**
११.१ बर्तमान अवस्था.............................................................................................................. ८०
११.२ अवसर र चुनौती ............................................................................................................. ८०
११.३ रणनीति.........................................................................................................................८१
११.४ अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय.................................................................८१

## तालिकाहरु

तालिका १ : गाउँपालिकाको वडागत जनसंख्याको अवस्था..........................................................................८
तालिका २ : लक्ष्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)............................................१५
तालिका ३: बजेटका श्रोतहरु र वार्षिक प्रक्षेपण .......................................................................................... ७६
तालिका ४: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट..................................................................................... ७६
तालिका ५: विषयगत क्षेत्र अनुसारको आवश्यक, उपलब्ध तथा अपुग बजेट ..............................................७८
तालिका ६: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट.....................................................................................७८
तालिका ७: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया.................................................................८१

## अनुसूचीहरु

अनुसूची- १ विषय क्षेत्रगत मूख्य मूख्य रणनीतिक कार्यक्रम तथा आयोजना र लागत अनुमान..........................................८३
अनुसूची- २ बार्षिक कार्यान्वयन कार्ययोजना .........................................................................................१००

अनुसूची- ३ विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम....................................................................१०२
अनुसूची- ४ आवधिक योजना तर्जुमा कार्यशालामा सहभागीहरूको उपस्थिति विवरण ..................................................१०३
अनुसूची- ५ आवधिक योजना तर्जुमा का विभिन्न झलकहरू.....................................................................................१०६
अनुसूची- ५ इच्छाकामना गाउँपालिकाका पदाधिकारीहरुको विवरण...........................................................................१०८

## परिच्छेद एक : परिचय

### १.१ पृष्ठभूमि

इच्छाकामना गाउँपालिकाले प्रथम आवधिक योजना (आ.व.२०७७/०७८-०८१/०८२) तर्जुमा गरेको छ । नेपालमा योजनावद्ध विकासको थालनी वि.सं. २०१३ सालदेखि भएको हो । राष्ट्रिय योजना आयोगले तयार पार्ने यस योजना दशौं योजनासम्म ५ वर्षे थियो । एघारौं योजना देखि ३ वर्षे बनाइयो र हालको पन्ध्रौ योजना भने पाँच वर्षे हो जसको यस चालु आ.व. २०७६/०७७ पहिलो वर्ष हो । विगतमा केन्द्रिय योजना मात्र बन्ने गरेकोमा संघीय शासन व्यवस्थाको सुरुवात पछि प्रदेश र स्थानीय सरकारहरुले पनि आवधिक योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्नुपर्ने जसमा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालिन, दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सिमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैगिंक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्नु पर्ने भनिएको छ ।

इच्छाकामनाको यो आवधिक योजना तर्जुमा गर्दा उपर्युक्त नीतिगत व्यवस्थालाई समेत मध्यनजर गरिएको छ । नेपाल सरकारको “समृद्ध नेपाल, सुखी नेपाली” र बागमती प्रदेश सरकारको “सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख प्रदेश” को दीर्घकालीन सोचलाई मूर्त रुपदिन इच्छाकामना गाउँपालिकाले “**सुखी खुशी समृद्ध इच्छाकामना कृषि पर्यटन पुर्वाधार विकास हाम्रो चाहाना**” दीर्घकालीन सोच, तयार गरी यसै अनुरुप लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरु तय गरेको छ ।

गाउँपालिकाको विकट भू-बनोट, अव्यवस्थित बसोबासका कारण वसोबास तथा आवास प्रणालीलाई व्यवस्थित बनाउन कठिनाइ भइरहेको छ । योजनाबद्ध विकासको थालनी गरी व्यवस्थित र समृद्ध गाउँपालिका बनाउन यो योजना तर्जुमा गरिएको हो । यस आवधिक योजनाले यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण क्षेत्र तथा संस्थागत विकासका साथसाथै नागरिकले प्राप्त गर्ने सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी बनाउन समेत महत्वपूर्ण भूमिका खेल्नेछ । साथै यस योजनाको कार्यान्वयनबाट यस गाउँपालिकाको दिगो विकास तथा समृद्धी प्राप्त हुनेछ ।

### १.२ योजना तर्जुमाको उद्देश्य

यस गाउँपालिकाको आवधिक योजनामा यसका समष्टीगत आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण र संस्थागत विकासका लागि निश्चित लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी तोकिएको समय सिमा भित्र हासिल गर्नका लागि उपयुक्त नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरी मार्गचित्र तयार पारिएको छ । यस योजनाले गाउँपालिकालाई निश्चित समय सिमा भित्र निर्धारित गरेको विकासको लक्ष्य तर्फ डोऱ्याउने काममा मद्दत गर्नेछ । नेपाल सरकारले अनुमोदन गरेको दिगो विकास लक्ष्यहरूलाई समेत स्थानीयकरण गर्नका लागि यसको सिद्धान्त, लक्ष्य तथा परिमाणात्मक लक्ष्यलाई समेत आत्मसात गर्दै गाउँपालिकाको कार्यक्रम अनुसार आवधिक योजनामा दिगो विकास लक्ष्यहरुलाई समेत समावेश गरिएको छ । आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य गाउपालिकाको दीर्घकालिन सोच तथा लक्ष्यहरु हासिलका लागि नतिजामूखी कार्यक्रम तथा सूचकहरु तय गरि मार्गचित्र तयार गर्नु हो । उक्त कुराहरु ध्यानमा राखी निम्न उद्देश्यहरू छन :

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा प्रक्रियासँग अनुकुल हुने गरी गाउँपालिकाको सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समावेश गर्नु
- गाउँपालिकाको एकीकृत, नतिजामुलक, योजनाबद्ध एवं दिगो विकासका लागि विकासका साझेदार तथा सरोकारवालालाई लक्ष्य प्राप्तिकालागि सहमति गराई गाउँको समग्र विकासमा साझा उत्तरदायित्व बहन गराउनु ।
- गाउँपालिकाको समग्र विकासका लागि श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी स्थानीयबासी तथा सरोकारवालाको चाहना तथा सहभागितामूलक छलफलका आधारमा दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गर्नु ।
- गाउँपालिकाको विकासको सम्भावना, अवसर तथा चुनौतिको लेखाजोखा गरी दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्नु ।
- गाउँपालिकाको विकासका गति एवं प्रक्रियालाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा निर्धारित समयमा हासिल गर्ने रणनीति कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्नु ।
- गाउँपालिकाको विकासका क्रियाकलापहरू तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्नु ।
- तीनै तहका सरकारहरुको विकास नीति, योजनामा तादाम्यता कायम गरी सहशासन र स्वशासनको अभ्यासलाई वलियो बनाउनु ।

### १.३ कानुनी तथा नीतिगत आधारहरू

नेपालको संविधानमा उल्लेख गरिएको स्थानीय तहको एकल अधिकार राज्यका निर्देशक सिद्धान्त तथा नीति अनुसार नै संघीय एवं प्रदेश सरकारको कानून तथा नीतिले स्थानीय तहको विकासलाई मार्गनिर्देशन गरिएको हुनु पर्दछ । संविधानमा उल्लेख भएका संघ, प्रदेश र स्थानीय तहको अधिकारहरू मध्ये स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार (अनुसुची ८) सूचिमा/कार्यसूचीमा सूचीकृत गरिएको छ ।

यो आवधिक योजना तर्जुमा गर्दा **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय सोच एवं **"सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख प्रदेश"** बनाउने बागमती प्रदेशको सोच, संघीय तथा प्रदेश सरकारका आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिहरू, कानूनी प्रवन्धहरु, दिगो विकासका लक्ष्य प्राप्ति आदिलाई आधार मानी यस योजनका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू तय गरिएका छन् । सन् २०१५ को सेप्टेम्वरमा नेपाल लगायत संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुले अनुमोदन गरेका दिगो विकासको एजेण्डा/कार्यसूचीलाई नेपालले प्रतिवद्धता जनाईसकेको छ । यसै प्रतिवद्धता अनुरुप राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यहरूलाई समाहित गरी दीर्घकालिन सोच सहितको १५ औं आवधिक योजना तर्जुमा गरिएको र स्थानीय तहको योजना प्रक्रियालाई समेत दिगो विकास लक्ष्य उन्मुख बनाउने गरी योजना तर्जुमा दिग्दर्शन (नमूना) उपलब्ध गराएको छ ।

प्रत्येक स्थानीय तहलाई आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य पुरा गर्नका लागि प्रत्येक वर्ष वार्षिक योजना तयार गर्नुपर्ने प्रावधान रहेकोले आवधिक विकास योजनाको औचित्य अझ स्पष्ट हुन गएको छ । आवधिक योजनाका लागि स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार कानूनी तथा नीतिगत आधारहरू निम्नलिखित रहेका छन ।

(क) गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि तोकिएको अधिकार प्रयोगका गरी आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । (दफा २४ को उपदफा १)

(ख) योजना तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तालमेल हुने गरी दिगो विकासको लक्ष्य, भुउपयोग योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्ने उल्लेख गरिएको छ । (दफा २४ को उपदफा २)

(ग) स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दीर्घकालीन गुरुयोजना अनुरुप वार्षिक कार्यक्रमको प्राथमिकीकरण र लक्ष्य निर्धारण गर्ने कुरा उल्लेख गरेको छ ।

## १.४ आवधिक योजना तर्जुमा प्रक्रिया

इच्छाकामना गाउँपालिकाको आवधिक योजनालाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि विभिन्न समसामयिक विधि, पद्धति तथा अवधारणाहरूलाई योजना तर्जुमा प्रक्रियामा अवलम्बन गरिएको छ। उक्त अवधारणाहरू देहायअनुसार रहेका छन् :

- योजना तर्जुमामा सहभागितामूलक योजना तर्जुमा पद्धति (Participatory Approach) अवलम्बन गरिएको छ । गाउँपालिकाको वडाहरुमा गई समुदायसँग सम्बन्धित क्षेत्रमा सहभागितामूलक ढंगले छलफल गरी योजना तर्जुमा प्रक्रियामा समुदायस्तरसम्मको सहभागिता सुनिश्चित गरिएको छ। साथै कार्यपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू तथा सरोकारवालाहरूको सहभागितामा विभिन्न चरणहरुमा छलफल, अन्तरक्रिया गरी सर्वसम्मत ढंगले सर्वोत्तम विकल्पमा साझा सहमती गर्दै योजना दस्तावेज तयारी गर्ने प्रक्रिया अघि बढाइएको छ ।
- संघीय सरकारको दीर्घकालीन सोच, राष्ट्रिय तथा जिल्लास्तरका विगतको क्षेत्रगत आवधिक/रणनीति योजनाका लक्ष्य, उद्देश्यहरूसँग तादत्म्यता कायम हुने गरी सूचनामा आधारित भई योजना तर्जुमा गरिएको छ ।
- उपलब्ध तथ्यांकहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई मध्यनजर गर्दै विश्लेषण गरिएको छ ।
- यस योजनाले गाउँपालिकामा भइरहेको विकासको गतिलाई व्यवस्थित, नियन्त्रित, दिगो लक्ष्य हासिल गर्ने दृष्टिकोणसहित कार्यक्रमहरू तय गरिएका छन् ।
- यो योजना, गाउँपालिकाको विकासको समग्र पक्षहरूलाई समेट्दै अन्य खालका योजनालाई दिशानिर्देश गर्ने हिसाबमा तर्जुमा गरिएको छ ।
- लागत न्यूनीकरण, योजनाको प्राथमिकिकरण गरी स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य गाउँ/नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरु समेत तोकेको छ। यो योजना तर्जुमा गर्दा उपरोक्त विषयहरु समेतलाई समावेश गरिएको छ ।

### १.४.१ अभिमुखीकरण कार्यशाला

प्रारम्भिक कार्याशालामा योजनाको बारेमा जानकारी, यसका सहयोगी संस्थाहरू, योजना तर्जुमाका प्रस्तावित विधि र प्रक्रिया, संलग्न जनशक्ति तथा प्रस्तावित समय सीमाका बारेमा जानकारी गराउन कार्यशाला आयोजना गरिएको थियो । मिति २०७६/०५/२६ गते चुम्लिङटार स्थित सिद्धार्थ होटलमा आयोजित यस कार्यशाला गोष्ठीमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, सदस्यहरू, गाउँपालिका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधि लगायतको अर्थपूर्ण सहभागिता रहेको थियो । सो कार्यशाला पश्चात् वस्तुस्थिति विवरणको संकलन तथा अध्ययन गरी आधाररेखा तयार गरिएको थियो ।

### १.४.२ योजना तर्जुमा कार्यशाला

प्रकाशित तथा अप्रकाशित गरिएका तथ्याङ्कहरूको प्रारम्भिक खाका तयार पश्चात मिति २०७६/११/१६-१७ गते वस्तुस्थिति विवरण प्रस्तुती तथा दीर्घकालीन सोच तथा योजना कार्यशाला सञ्चालन गरियो । उक्त कार्यशालामा

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू तथा अन्य सरोकारवालाहरू लगायत कुल ८२ जनाको उपस्थिति रहेको थियो । ती मध्ये महिलाको संख्या १९ र पुरुषको ६३ रहेको थियो ।

यस कार्यशाला गोष्ठीमा सर्वप्रथम गाउँ वस्तुस्थिति विवरणको सारांश प्रस्तुत गरी सहभागीबाट आवश्यक सल्लाह सुझाव संकलन गरियो । दीर्घकालीन सोच तर्जुमा गर्ने दौरानको सुरुमा आवधिक गाउँ विकास योजनाको अवधारणा, दीर्घकालीन सोचको स्थान, महत्व र आवश्यकता तथा यसका चरित्र लगायतका विषयमा सहभागीलाई प्रष्ट पारिएको थियो । तत्पश्चात् सहभागी सबैलाई मेटाकार्डमा आफूले देख्न चाहेको गाउँपालिकाको आदर्श अवस्थाका बारेमा लेख्न लगाइयो । यसपश्चात् सबै सहभागीलाई चारवटा समूहमा विभाजन गरी सहभागीबाट आएको आदर्श अवस्थालाई सुधार गरी प्रस्तुत गर्न लगाइयो । प्राप्त सोचहरुलाई अन्तिम रुप दिन गाउँपालिका अध्यक्षको संयोजकत्वमा ८ सदस्यीय समिति गठन गरि अन्तिम रुप दिन समय दिइएको थियो । सो समितिले गाउँपालिकाको संभावित दीर्घकालीन सोच तयार गरि सहभागीहरु समक्ष प्रस्तुत गरिएको थियो र उपस्थित सहभागीहरुको सुझाव सहित सर्वसम्मत रुपमा दीर्घकालीन सोच तय गरिएको थियो । जस अनुसार इच्छाकामना गाउँपालिकाको **"सुखी खुशी समृद्ध इच्छाकामना, कृषि पर्यटन पुर्वाधार विकास हाम्रो चाहाना"** भन्ने दिर्घकालिन सोच तयार गरियो ।

उक्त कार्यशालामा आवधिक योजना तर्जुमाका लागि विकासका समग्र विषय क्षेत्र समेट्ने गरी विभिन्न पाँच विषयगत समितिहरू आर्थिक विकास समिति; सामाजिक विकास समिति; भौतिक पूर्वाधार विकास समिति; वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र संस्थागत विकास तथा सुशासन विषयको अलग अलग समूहमा छलफल गरी प्रस्तुतिकरण गरिएको थियो । जसका आधारमा वस्तुस्थिती विश्लेषण, नतिजा खाका, रणनीति तथा कार्यक्रम तर्जुमा गरिएको थियो ।

### १.४.३ *वडा स्तरीय भेला तथा सुझाव संकलन*

गाउँपालिका स्तरमा भएको योजना तर्जुमा कार्यशालाको निष्कर्षलाई थप स्पष्ट गर्न वडास्तर भेलाको आयोजना गरी जानकारी तथा तथ्यहरु संकलन गरिएको थियो ।

### १.४.४ *योजना अन्तिम तयारी*

कोभिड १९ को महामारी तथा लामो समयको लकडाउनका कारण सामाजिक दुरी कायम गर्नुपर्ने बाध्यताले गर्दा इमेल मार्फत दस्तावेजहरुको आदान प्रदान तथा सामाजिक दुरी कायम गरी सानो समूहमा छलफल गरि योजनाको अन्तिम तयारी गरिएको हो ।

### १.४.५ आवधिक विकास योजना स्वीकृति तथा प्रकाशन

आवधिक विकास योजनाको स्वीकृति गाउँ सभा तथा प्रकाशन गाउँपालिका कार्यपालिकाबाट भएको छ ।

## १.५ अध्ययनका सीमा

यस आवधिक विकास योजना तर्जुमाका सीमाहरू निम्नबमोजिम रहेका छन् :

- आवधिक योजना तर्जुमाका लागि गाउँपालिकाले गत वर्ष तयार पारेको पार्श्वचित्रमा उपलब्ध तथ्याङ्क तथा सूचना श्रोतलाई आधार बनाएको छ । विवादास्पद सूचना तथ्यांकको हकमा कार्यशालाबाट सहमति बनाई विश्लेषण गरिएको छ । केन्द्र, प्रदेश तथा जिल्ला तह तथा अन्य सूचना समेतलाई आधार बनाइएको छ । कतिपय सूचकको हकमा केन्द्रीय तथ्यांक विभागको २०६८ को गणनालाई आधार मानिएको छ ।

- आवधिक योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको रणनीतिक मार्गदर्शक योजनाको खाका मात्र भएकोले गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तहसम्म मात्र केन्द्रित छ। समुदाय तथा वडास्तरका क्रियाकलाप तहका परियोजनाहरू समावेश गरिएको छैन ।
- प्रादेशिक सरकारसंगको साझा अधिकार क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यो आवधिक योजनाले समेटेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्णरूपमा कार्यान्वयनमा आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन ।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरिनसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोतमात्र प्रक्षेपण गरिएको छ ।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापनको यथार्थ प्रक्षेपण गर्न सकिएको छैन ।

## परिच्छेद दुई : गाउँपालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक स्थिति बिश्लेषण

### २.१ गाउँपालिकाको संक्षिप्त परिचय

चितवन जिल्लाको उत्तरी भागमा अवस्थित इच्छाकामना गाउँपालिका साविकका चण्डीभञ्याङ्ग, दाहाखानी, दारेचोक र काउले गरी ४ वटा गा.वि.स. हरु मिलाएर गठन गरिएको हो । यस गाउँपालिकालाई ७ वटा वडाहरुमा विभाजन गरिएको छ । १६६.७३ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिका १४७ मीटर देखि १९४७ मीटरसम्मको उचाइमा रहेको छ । यस गाउँपालिकाको केन्द्र राज्य पुनसंरचना हुँदा साविकको चण्डीभञ्याङ्ग गा.वि.स.को कार्यालय तोकिएकोमा स्थानीय तहको निर्वाचन पश्चात साविक दारेचोक गा.वि.स.को कार्यालय रहेको स्थानमा राखिएको छ । गाउँपालिकाको केन्द्र जिल्ला सदरमुकाम भरतपुर देखि ४६ कि.मी. र काठमाण्डौदेखि १०० कि.मी.को दुरीमा अवस्थित छ । यस गाउँपालिकाको पश्चिममा तनहूँ जिल्लाको आँबुखैरेनी गाउँपालिका, दक्षिणमा भरतपुर महानगरपालिका, पूर्वमा धादिङ्ग जिल्लाको बेनीघाट रोराङ्ग र उत्तरमा गोरखा जिल्लाको सहिद लखन थापा गाउँपालिका पर्दछन । पृथ्वी राजमार्ग र गोरखा नारायणगढ राजमार्गले यस गाउँपालिकालाई छोएर गएको छ ।




यस गाउँपालिकाको कुल क्षेत्रफल १६६.७३ वर्ग किलोमिटर मध्ये १०४.६९ वर्ग किलोमिटर क्षेत्र (६२.७९ प्रतिशत) वन क्षेत्रले ओगटेको छ भने ५६.६७ वर्ग किलोमिटर (३३.९८ प्रतिशत) जमिन खेतियोग्य रहेको छ । यस गाउँपालिकामा चरिचरन, झाडी र बाझो जमिनको मात्रा ज्यादै न्यून मात्रामा रहेको छ । सबै वडामा यातायात सुविधा पुगिसकेको छ साथै गाउँपालिकालाई खुला दिशामुक्त क्षेत्र घोषण गरि सकिएको छ ।

यस गाउँपालिकाको वार्ड नं. ३, ४, र ५ मा पर्ने मुख्यबजार फिस्लिंग, कुरिनटार, मुग्लिङ्ग हुँदै Strategic Road Network (SRN) अन्तर्गत पृथ्वी राजमार्ग छ । यो राजमार्गले यस गाउँपालिकालाई पोखरा र चितवन सम्मको आवतजावतमा सुबिधा पुऱ्याएको छ । District Road Core Network (DRCN) रोडले (इच्छाकामना रोड) वार्ड नं. ३ देखि हुँदै वार्ड नं.२ सम्म बाटोको सुबिधा पुऱ्याएको छ । यस बाहेक अन्य ग्रामिण बाटोले पनि यातायातमा सुबिधा पुऱ्याएको छ । यस गाउँपालिकाका महत्वपूर्ण खोलाहरुमा सुकौरा खोला, नाग्दी खोला, बारवाङ खोला, सोताबगर खोला, कुम खोला, धारापानी खोला, रिग्दी खोला, काली खोला, सेती खोला, स्याङ्ग्दी खोला, थाङ्ग खोला, सिमलढाप खोला र खगेरी खोला

**गाउँपालिकाको वडा विभाजन**

| वडा नं. | समावेश भएका साविकका गा.वि.स.हरु | साविक वडा नं. |
|---|---|---|
| १ | काउले | १ देखि ४ सम्म |
| २ | चण्डीभञ्याङ्ग | १ देखि ४ सम्म |
| | काउल | ५ देखि ९ सम्म |
| ३ | दारेचोक | १, २, र ५ देखि ९ सम्म |
| ४ | दारेचोक | ३ |
| ५ | चण्डीभञ्याङ्ग | ५ |
| | दारेचोक | ४ |
| ६ | चण्डीभञ्याङ्ग | ६, ७, ८, ९ |
| | दाहाखानी | ५, ६ |
| ७ | दाहाखानी | १ देखि ४ सम्म र ७, ८, |

प्रमुख रुपमा रहेका छन । पर्यटकीय स्थानहरुमा जलविरे झरना, उपरदाङ्ग गढी, चिसापानी गढी, मनकामना केबलकार, इच्छाकामना मन्दिर, बाल गौरी पाथिभरा मन्दिर (काउले) रहेका छन । यसको अलावा इच्छाकामना-१ हात्तिवाङ, इच्छाकामना-३ तोकदाङ, इच्छाकामना-६ याकराङ गाउँमा पर्यटकहरुलाई सुविधा दिन होमस्टे पनि सञ्चालन भएको छ । यस गाउँपालिकामा चेपाङ्ग, गुरुङ्ग, मगर, ब्राह्मण, क्षेत्री, तामाङ्ग, दमाई/कामी, घर्ती, नेवार, राई र लामा जातिहरु बसोबास गर्दछन् । यस गाउँपालिकामा सबैभन्दा बढी चेपाङ्ग र दोस्रोमा गुरुङ्ग जातिको बाहुल्यता रहेको छ ।

इच्छाकामना गाउँपालिकाका ७ वटा वडा अर्न्तगत रहेका मुख्य मुख्य वस्ती/गाउँ/टोलहरू यसप्रकार रहेका छन् ।

| वार्ड नं. | वडा अनुसार वस्तीको नाम |
|---|---|
| १ | वलम्पुक, हात्तिवाङ्ग, स्यार्लिङ, पिचिवाङ्ग, तासेलिङ, व्यार्तेस, छाङ्गा, बङ्ग्याङ, ताल्तेस, भाराङ,मरभञ्याङ जौतेस, कोलभञ्ज्याङ्ग, मेतराङ, कुलवाङ, तिपाङ, लोवाङ, सापरेनी, दिङलाङ, चौकि डाँडा, जेन्दला, थापराङ, डाँडाबारी, गैरीगाँउ, चाइराङ, प्याक्चिलिङ्ग, राजभोग, जैथली, ढाङ्गकली, कालिङ, छाम्पुक, कोप्चराङ्ग, राङचुराङ्ग, मेट्टराङ्ग,राकसिराङ,तिप्राङ, तारबाङ, खोलाघारी |
| २ | वासपुर, भोटेगाँउ, गुचिवाङ्ग, तोवाङ्ग, विजोक, दुम्किम, सिमलडाँडा, मायाटार, दुलेपाखा, ल्यामघार, काउले, भोगटेघारी, मैतेस, थापथली, तोरडाँडा, थाइतेस, हपनी, भोटेगाँउ, तोलाङ, ठाडो खोला, सालडाँडा, कोटारी, गोगनपानी, धर्मथली, चण्डीभञ्ज्याङ्ग, हेप्चेक, ओर्ल्याङ्ग, बासपुक, छाँपडाँडा, देवीथान, घुर्केस, माझखण्क, तेर्से, डाडा गाऊ, भोर्ले, विपराङ, बायोडाडा, हराडाडा |
| ३ | सिरानगाँउ, ढाँप, धुसा, ओरेक, डाहकी, माझगाँउ, सिस्नेरी, फिस्लिङ्ग, तोक्दाङ्ग, कमेरे, कुरिनघाट, हपनी, नर्सिङ्गटार, चुम्लिङ्गटार, धारापानी, जमुनडाँडा, रुपलाङ्ग, स्वरवेस्ना, कुमडाँडा, सौराहा, नयाँ चौतारा,गोलीबाङ, बाङ्ताराङ, डाडा गाउ, लिलिङटार, जारकाटे, ओखलेटार,गोपे, बारबाङखोला, कुचुङगैरा, |
| ४ | रमाईलो डाँडा, नयाँवस्ती, लामीडाँडा, स्याकलाङ, खैरेनी, कुरिनटार, लेवाटार, वेलडाँडा, गौरीगाँउ, धारापानी, कुरिनभित्ता, केवलकार, सराथोक, नेवाटार, तीनघरे, केरावारी,सोता, स्टाफलाइन, डाडाटोल, कमलाबारी, बोर्लाङ, गैरी गाऊ, बार्बाङ खोला बाझगाऊ |
| ५ | मुग्लिङ्ग, तामीन, खहरेखोला, जोगैहिरा, फुर्केडाँडा, खर्पन, मुख्यटोल, बदेलटार, नेवडाँडा, टार, थाकलडाँडा, पहेलोढुङ्गा, साठ्ठीमुरे, पानीघट्ट, कृसोरा, भोटेसौरा, त्रिपाठी टोल, (गोण्डला)बोक्सेराना,सालडाडा, पामडाडा किटसौरा,फुर्के डाडा |
| ६ | तुनतेस, ऋग्दिखोला, कामितार, ढाँपडाँडा, आधामारा, कालीखोला, चनौटे, नौकिलो, जलबिरे, पाँचकिलो, याकाङ्ग, पैरेनी, काठीसोरा, मुडेबाँस, सोरवेसना, कुयलघारी, टोड्के, चौतारा, सिरानटुडे, रैबुङ्ग, ढाला, मस्राङ, ढुङ्ग्रे, बाघखोर, खानीगाँउ,घलडाडा,चेनमाङ, चारघरे |
| ७ | थाकलाङ्ग, चण्डिथान, गर्दास, पिपलटार, भालुमारा, सिमलढाँप, झौङझडे, स्याग्दी, नयाँबारी, लोसे, सिमलडाँडा,चण्डिस्थान, खेतबारी, कोपगौरी, उपरदाङगढि, दाहाखानी, ढाडबारी, घुट्कना, ढापे,टारगाऊ, भार्ले, सालठाना, कापेगाऊ, सोमीगौडा , नयाँ वस्ती टोल, स्याङ्दी, ढापेटोल, भुम्पटोल, बाघखोर, ल्होसे, नयाँगाउ झुलवारी |

### २.१.१ क्षेत्रफल तथा जनसंख्यिक वनौट

२०७५ सालमा गरिएको गाउँपालिकाको घरपरिवार तथ्याङ्क संकलनबाट प्राप्त तथ्याङ्क अनुसार कूल १६६.७३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको ७ वटै वडाहरूमा गरी जम्मा ५२२७ घरपरिवारमा कुल २६३५० जनसंख्या रहेको छ ।

तालिका १ : गाउँपालिकाको वडागत जनसंख्याको अवस्था

| वार्ड नं. | घरधुरी संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ५४१ | १५८९ | १६४९ | **३२३८** |
| २ | ६५१ | १८७८ | १७४४ | **३६२२** |
| ३ | ६८९ | १७८७ | १६५९ | **३४४६** |
| ४ | ७९८ | १८३३ | १८४४ | **३६७७** |
| ५ | ८५६ | २१४७ | २०३३ | **४१८०** |
| ६ | ७०६ | १८४२ | १९१६ | **३७५८** |
| ७ | ९८६ | २१२६ | २३०३ | **४४२९** |
| **जम्मा** | **५२२७** | **१३२०२** | **१३१४८** | **२६३५०** |

### २.१.२ प्राकृतिक श्रोत

यस गाउँपालिकाको ६२.७९ प्रतिशत भूभाग वन जंगलले ढाकेको छ जसले गर्दा वन जन्य काठ लगायतका वस्तुहरूको प्रयाप्तता छ । यहाँको वनजंगलमा तितेपाति, बाह्रटुसे, चिराइतो, सेतो जरा, पाँच औले, भाजुरी, काजल, पाखनबेद, टिमुर, अमला, अदुवा, कुरिलो, बोझो, कुकुरदनी, बाजुरी, सिमल, गुर्जो, आकासबेदी, बाह्रटुसे, आकासबेली, कुकुरतरुल, वेलवती, लालीगुराँस, कुकुर डाइनो, पानी अमला आदि जस्ता जडिवुटीहरूको उपलब्धता रहेको छ भने इच्छाकामना मन्दिर, सिराईचुली, उपर्दाङगढी, कविलासपुरगढी, कानदाङगढी, चिसापानीगढी, देवीथान, दिङलाङ्ग, बालगौरी, पाथीभारा, शंखदेवी मन्दिर, भद्रकाली मन्दिर, लखन गुफा, चमेरे गुफा जस्ता ऐतिहासिक धार्मिक तथा प्राकृतिक सौन्दर्यता अवलोकन केन्द्रहरू रहेको छ ।

भिर, पहरा, छाँगा र छहराको संयोग, प्राकृतिक छटाले भरिपूर्ण जलविरे झरना (लामो झरना) रहेको छ । यहाँ रिग्दीखोला, कालीखोला, सेतीखोला, महखोला, गौरीखोला लगायतका खोला खोल्सा रहेको छन् । निरन्त बगीरहने ठूला त्रिशुली/नारायणी नदीमा र्‍याफ्टिङ लगायतका जलक्रिडा तथा यस जलाधार क्षेत्रमा साहासिक पर्यटन, सिंचाई, खानेपानी जस्ता नदी प्रणालीबाट सिंचाई सुविधा विकास गर्न सकिने थुप्रै सम्भावना देखिन्छ ।

### २.१.३ जातजाती

यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ३५.८७ प्रतिशत चेपाङ्ग, दोस्रोमा २५.७३ प्रतिशत गुरुङ्ग, तेस्रोमा मगर १२.५ प्रतिशत, चौथो र पाँचौमा क्रमश क्षेत्री ६.३७ प्रतिशत र ब्राम्हण ४.८९ प्रतिशत रहेका छन् । यस गाउँपालिकामा लोपउन्मुख वनकरीया जातीको जनसंख्या ८५ रहेको छ ।

### २.१.४ भाषा

गाउँपालिका भित्र बसोबास गर्ने जनसंख्या मध्ये सबैभन्दा बढी करिब ५० प्रतिशतले नेपाली भाषा, १८ प्रतिशतको हाराहारीले गुरुङ्ग, १७ प्रतिशत भन्दा बढीले चेपाङ्ग भाषा, ११ प्रतिशत बढीले मगर भागा र बाँकी ४ प्रतिशत जतीले तमाङ्ग, लामा र राई लगायतका भाषा प्रयोग गर्ने गरेको पाइन्छ ।

### २.१.५ धर्म संस्कृति

गाउँपालिकामा रहेका कुल जनसंख्या मध्ये ६२.७९ प्रतिशत जनसंख्याले हिन्दु धर्म मान्दछन् । बौद्ध धर्म मान्नेको संख्या करिब २५ प्रतिशत र क्रिस्चियन धर्म मान्नेको संख्या १२.२६ प्रतिशत रहेको छ ।

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने त्यस्तै बौद्ध र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने- माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, छोनाम (न्वागी), कूल-थानी पूजा, ग्रामथान पूजा, कर्कट संक्रान्ति, भुर्की पूजन, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, वकरईद, क्रिशमस डे आदि चाडपर्वहरू रहेका छन् ।

## २.२ सामाजिक तथा आर्थिक स्थिति

### २.२.१ साक्षरता र शैक्षिक अवस्था

घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७५ अनुसार यस गाउँपालिकाको साक्षरता दर ९०.६९ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ । प्रौढ निरक्षरता दर १२ प्रतिशत छ । अझै पनि विद्यालय बाहिर रहेका (५ देखि १५ वर्ष उमेर समुहका) बालबालिकाको संख्या करिब ७ प्रतिशतको हाराहारीमा छ । गाउँपालिका भित्र ५ वटा संस्थागत विद्ययालय समेत गरी ५१ वटा सामुदायिक विद्यालयहरू छन् । एउटा प्राविधिक विद्यालयय र दारेचोक कुरिनटारमा स्नातक तहसम्म पढाई हुने सर्वशान्ति क्याम्पस संचालनमा रहेको छ ।

### २.२.२ आर्थिक अवस्था

इच्छाकामना गाउँपालिकाका अधिकांश घर परिवारको मुख्य पेशा कृषि तथा पशुपालन हो । यस गाउँपालिकामा रहेको कूल घरधुरी ४७७८ मध्ये कृषिमा आश्रित घरधुरी ६० प्रतिशत रहेकोछ । त्यसैगरी व्यापार ब्यावसायमा मुख्य पेशा हुने धरधुरी १४ प्रतिशत छन् भने वैदेशिक रोजगारमा निर्भर धरधुरी ९ प्रतिशत, सरकारी नोकरी गर्ने घरधुरी ३ प्रतिशत, निजी व्यावसाय तथा निजी क्षेत्रमा आश्रित धरधुरी ६ प्रतिशत र अन्य पेशामा आश्रित धरधुरी ७ प्रतिशत रहेको छ ।

## २.३ मानव विकास र गरिबी

गाउँपालिका तहमा आर्थिक सामाजिक र गरिवी सम्बन्धी सूचना उपलव्ध नभएतापनि जिल्लास्तरीय सूचना तथ्यांकको आधारमा गाउँपालिकाको मानव गरिवी सूचकांक २९.९ रहेको छ भने बेरोजगार दर करिब ७ प्रतिशतको हाराहारीमा छ । गाउँपालिका भित्र आफ्नै उत्पादनले वर्षभरी खान पुग्ने घरपरिवारको संख्या करिब १९ प्रतिशत मात्रै रहेको छ । नौ महिनासम्म खान पुग्ने घरपरिवार करिब २४ प्रतिशत र ६ महिनासम्म मात्र खान पुग्ने घरपरिवार ४५ प्रतिशत रहेको अवस्था छ भने ३२ घरपरिबारको जग्गा जमिन केही पनि नभएको देखिन्छ ।

## परिच्छेद तीन : अवसर तथा चुनौति बिश्लेषण

### ३.१ सम्भावना तथा अवसर

गाउँपालिका क्षेत्रमा कृषि, लघु व्यवसाय, उद्योग, व्यापार, व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् । समग्रमा यस इच्छाकामना गाउँपालिकाको क्षेत्र हेर्दा कृषि तथा पशुपालन अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । कृषि तथा पशुपालन क्षेत्रका अलावा पूर्वाधार, शिक्षा र पर्यटनका क्षेत्रमा समेत विकास गरी सम्वृद्धि हासिल गर्न सकिने सम्भावना छ ।

गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, कागती, सुन्तला लगायतका फलफूल, तरकारी मसला र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन ।

जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । गाउँपालिकामा रहेको उर्वर भूमिमा वस्ती विकास तथा अन्य भौतिक पूर्वाधार निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ ।

गाउँपालिकाको अधिकांश भुभाग ग्रामीण क्षेत्र भएकाले दुग्ध उत्पादन तथा व्यवसायिक पशुपंछी पालन तथा उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले ग्रामीण पहुँच विस्तार गर्न सकेको खण्डमा गाउँपालिकाको केही वडाहरुमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

यस गाउँपालिकामा प्राकृतिक रुपका ठूला त्रिशुली र नाराणी नदीमा ऱ्याफ्टिङ लगायतका जलक्रिडाका लागि प्रख्यात रहेकाले त्यस क्षेत्रको उचित व्यवस्थापन र प्रचार प्रसार थप गरी सहासिक पर्यटन क्षेत्रमा थप सम्भावना वृद्धि गर्न गर्न सक्ने सम्भावना रहेको छ । त्यस्तै, भिर, पहरा, छाँगा र छहराको संयोग, प्राकृतिक छटाले भरिपूर्ण जलविरे झरना ( लामो झरना) व्यवस्थित र आवश्यक पूर्वाधारहरु बढाउन सके थप पर्यटकहरु भित्रिने सम्भावना पनि उत्तिकै रहेको छ ।

गाउँपालिकामा रहेको इच्छाकामना मन्दिर, सिराईचुली, उपर्दाङगढी, कविलासपुरगढी, कानदाङगढी, चिसापानीगढी, देवीथान, दिङलाङ्ग, बालगौरी, पाथीभारा, शंखदेवी मन्दिर, भद्रकाली मन्दिर, लखन गुफा, चमेरे गुफा लागयत विभिन्न ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो गाउँपालिकाका गहनाको रूपमा विभिन्न किसिमका जातजातिका रहनसहन तथा चाडपर्व रहेका छन् भने धार्मिक, पौराणिक महत्वका स्थलहरू प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रूपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ ।

गाउँपालिका तथा देशमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी गाउँपालिकामा रोजगारी श्रृजना भएमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

यसका अतिरिक्त इच्छाकामना गाउँपालिकाको विकासका लागि गाउँपालिका क्षेत्र भित्र रहेका पानीका स्रोतहरूबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायीक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्ने, स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्ने, तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ । यस गाउँपालिकामा थप औद्योगिक क्षेत्र विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ । यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ । गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

गाउँपालिकाको अर्थतन्त्रमा प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरूदण्डको रूपमा लिन सकिन्छ । साथै यो गाउँपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रूपमा समेत रहेको छ । कृषि, पशुजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरूमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा गाउँपालिकामा कृषि, पशुलगायतको उद्योगका साथै शैक्षिक र यहाका वन जंलगमा पाइने जडिबुटीको प्रशोधन उद्योग तथा औषधीय पर्यटन (Medical Tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ ।

## ३.२ चुनौती र जोखिम

यस गाउँपालिकाको ठूलो श्रोतको रूपमा रहेको भूमिलाई वसोवास क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सार्वजनिक क्षेत्रलाई व्यवस्थित गर्न भू उपयोग योजना कार्यन्वयन हुन नसक्दा जमिनको वर्गिकरण, उत्पादकत्व वृद्धि जस्ता क्षेत्रमा लगानी आकर्षित हुन सकेको अवस्था छैन । गाउँपालिकाको अधिकांश भूभाग पहाडी क्षेत्र एवं भिरालोपना, पाखा पखेरो र सुख्खा प्रकृतिको रहेको कारण खाद्य उत्पादको हिसावले उत्पादकत्व क्षमता कम हुने भएकोले एकातिर खाद्य सुरक्षाको स्थिति चुनौतिपूर्ण रहेको छ भने भौगोलिक विकटता, अव्यवस्थित वस्ति विकास, घरघरमा वाटो पुऱ्याउने नाराका कारण अधिकांश पहाडलाई चिराचिरा हुने गरी निर्माण भएका सडकका कारण वाढि पहिरोको जोखिम दिन प्रतिदिन वृद्धि भइरहेको छ । सडक, बिद्युत, खानेपानी, वातावरण संरक्षण जस्ता आधारभूत सेवा सुविधाको विकास र बिस्तार अत्यन्तै खर्चिलो भइरहेको अवस्था छ । बजार केन्द्रहरूको विकास योजनाबद्ध तरिकाले हुन नसक्दा मुख्य बजार क्षेत्र जस्तै मुग्लिन, कुरिनटार, फिस्लिंग जस्ता विकासको प्रचुर सम्भावना वोकेका बजारकेन्द्रहरू पनि अव्यवस्थित तवरले विकास हुने जोखिम वढेको छ ।

गाउँपालिका क्षेत्रभित्र कृषि, पर्यटन, पशु, वन वातावरण जस्ता आर्थिक विकासका अग्रणी क्षेत्रमा आवश्यक दक्ष एवं प्राविधिक जनशक्तिको कमी रहेको छ, धेरैजसो भौतिक पूर्वाधारका योजना पर्याप्त प्राविधिक अध्ययनबिना निर्माण भएकाले सडकहरूमा कम चौडाइ, सडक किनारमा ढलको वा नालीको उचित प्रबन्धको अभावमा पूर्वाधार संरचनाहरू विपदको जोखिमा रहेको छ भने भिरालो भुगोलमा बग्ने खहरे खोलानालाहरूको उचित व्यवस्थापनमा लगानीको कमीले गाउँपालिकामा वातावरणीय पक्षको जोखिम पनि बढ्न गएको छ ।

देशकै मुख्य राजमार्ग पृथ्वी राजमार्ग को करिब ४० कि.मी सडक गाउँपालिका क्षेत्र भित्र पर्ने हुंदा पनि गाउपालिकाले अपेक्षित सुविधा लिन सकिरहेको छैन । गाउँपालिकाका अधिकांश निर्माणाधिन सडकहरूको अधिकार क्षेत्र कायम गर्न कठिनाई सृजना भइरहेको छ भने मापदण्ड अनुसार चौडा कायम गर्न सकिरहेको अवस्था छैन । कच्ची सडकको कारण नियमित यातायात संचालनमा समस्या भइरहेको छ भने सडकमा कल्भर्ट तथा नाला निर्माण नभएको कारण सडक दाँयावायां हरियालीकरण बढाउन सकिरहेको अवस्था छैन ।

सडक संजालको विकासले मानिसहरूलाई पहुंचमा सहज बनायो भने अर्कोतिर गाउमा गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सुविधाको अभावमा शहरमा वसाई सराइको जोखिम पनि वढाएको छ । स्थानीय तहमा रोजगार र स्व-रोजगारका अवसरहरू पर्याप्त नहुँदा युवा जनशक्ति विदेशिनुपरेका कारणले कृषियोग्य जमिनको उचित उपयोग नभई खाद्य परनिर्भरता बढिरहेको छ ।

नागरिकहरूमा चेतनाको कमी, बढ्दो अपेक्षाहरू यथोचित रूपमा सम्बोधनमा स्रोत साधनको कमी, बजारमा स्थानीय उत्पादनको न्यूनता, निर्यातयोग्य कृषि वस्तुको उचित बजारीकरण हुन नसक्नु, गाउँपालिकाको आर्थिक आयका स्रोतहरू सीमित हुनु, भएका स्रोतहरूको पनि पहिचान हुन नसक्नु जस्ता कारणले गाउँपालिकाको सेवा प्रवाह प्रभावकारी बन्न सकिरहेको अवस्था छैन । यी समस्याले मूलतः उत्पादकत्वमा कमी, न्यून आयआर्जन, गुणस्तरीय तथा सीपयुक्त जनशक्तिको अभाव, युवा शक्ति वैदेशिक रोजगारमा जाने तथा गाउबाट पलायन हुने प्रवृत्ति बढिरहेको पाइन्छ ।

यस गाउँपालिकाको मुख्य पेसाका रूपमा रहेको निर्वाहमुखी कृषिलाई व्यवसायीकरण गर्दै कृषिमा रोजगारीको अवसर सृजना गर्नु प्रमुख चुनौतीका रूपमा देखिएको छ । कृषि र वन तथा वनमा आधारित उद्योगको विकास, सडक यातायात पूर्वाधारको स्तरोन्नतिका लागि व्यापक रूपमा भइरहेको कटानका कारण वातावरणीय ह्रासलाई न्यूनीकरण गर्दै सडक निर्माण तथा स्तरोन्नति गर्नु चुनौतीपूर्ण देखिन्छ । कमजोर पूर्वाधार रहेका पर्यटकीय स्थलमा आधारभूत भौतिक पूर्वाधारलगायतका सुविधाको विकास गरी पर्यटकलाई आकर्षित गर्ने कार्य पनि चुनौतीपूर्ण छ । गुणात्मक शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक पूर्वाधारहरूको विकास गर्दै नागरिकहरूमा चेतना र सीपको स्तर अभिवृद्धि गरी गाउको प्राकृतिक सुन्दरताको संरक्षण र सर्म्वद्धन, नागरिकहरूमा मानवीय मूल्य र मान्यताको विकास र सोही अनुसारको सोच, चिन्तन र व्यवहारको कसीमा सुन्दर, सभ्य र समृद्ध इच्छाकामनाको रूपमा आफूलाई उभ्याउने चुनौती पनि यस गाउँपालिका समक्ष रहेको छ । यसैगरी परम्परागत बजार क्षेत्रलाई सुव्यवस्थित गरी पृथ्वी राजमार्गको यस हिस्सामा व्यापारिक केन्द्रको रूपमा आफुलाई विकास गर्ने चुनौती पनि गाउँपालिका समक्ष रहेको छ ।

समग्रमा हेर्दा गाउँपालिकाको क्षेत्र भित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना पर्याप्तता नहुनु, सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वयको अभाव, वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु, गाउँपालिका क्षेत्रमा खानेपानी उचित व्यवस्थापन हुन नसक्नु, गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु, कृषियोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु, आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु, योजनाबद्ध बस्ती विकासको अभाव, आकासे पानीमा निर्भर सिचाई, परम्परागत कृषि प्रणाली, सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वयको अभाव, योजनावद्ध वस्ती विकासको अभाव, वातावरण संरक्षणको ठोस कार्यक्रमको अभाव जस्ता समस्याहरू नै प्रमुख रूपमा रहेको छ ।

गाउँपालिकाको आफ्नो श्रोतले मात्र वढदो मागलाई सम्वोधन गर्न सकिने अवस्था छैन । यस कारण ठूला र पूँजी निर्माण हुने आयोजनाका लागि ऋण परिचालन पनि गर्नु पर्ने हुन सक्दछ तर हाल सम्म गाउँपालिकाले मागमा आधारित योजना निर्माण पद्धतिको विकास गरी नसकेको र आवधिक योजना तर्जुमा पश्चात यस तर्फ पनि नीतिगत रूपमा सम्बोधन गर्नु पर्ने अवस्था सृजना भएको छ । यसै गरी यस गाउँपालिका लगायत यस क्षेत्रकै पर्यटन प्रर्वद्धनमा

अहम महत्व राख्ने गढीहरु, जलबिरे झरना र सुर्योदयका लागि प्रख्यात सिराइचुली क्षेत्रको विकास जस्ता आयोजनाका लागि सरकारी लगानी भन्दा सार्वजनिक निजी साझेदारी नीतिमा व्यापक मात्रामा लगानी भित्र्याउनु आवश्यक देखिन्छ ।

सामाजिक समावेसीकरण, लैगिक समानता, लैगिक हिंसामुक्त गाउँपालिका, स्कूल जाने उमेर समुहका सवै बालबालिकालाई अनिवार्य रूपमा बिद्यालय भर्ना, प्रौढ निरक्षरता समेत सून्यमा झार्ने, आधारभूत तथा माध्यामिक शिक्षालाई अनिवार्य एवं गुणात्मक बनाउने, आधारभूत स्वास्थ्य सुविधा, भूकम्प प्रतिरोधात्मक निर्माण जस्ता जोखिमहरू न्यूनीकरण गर्दै व्यवस्थित गर्नु पनि गाउँपालिका सामु चुनौती रहेका छन् ।

यस गाउँपालिकाको अवस्थिति रणनीतिक रहेको, संघ, प्रदेश सरकारी तह वीचको अन्तरसम्बन्ध प्रगाढ रहेको र छिमेकी भरतपुर महानगरपालिका र अन्य पालिकाहरूसंगको अन्तरसम्बन्ध पनि अत्यन्त सुमधुर रहेको भएतापनि साझा हित र तुलनात्मक लाभका क्षेत्रको पहिचान, अन्तर सरकारी सहकार्य सम्बन्धी कार्ययोजनाको खाकाको अभावमा यस तर्फ खासै प्रगति भएको देखिदैन । विगतमा लामो समयसम्म स्थानीय तहमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन ।

## परिच्छेद चार : योजनाको अवधारणा र प्रारुप

### ४.१ परिवर्तनको चाहना

गाउँपालिकामा गाउँकार्यपालिकाका सम्पूर्ण पदाधिकारी, प्रमुख राजनीतिक दल, विषयगत शाखा प्रमुख तथा अन्य सरोकारवालाको उपस्थितिमा इच्छाकामना गाउँपालिकालाई आगामी पाँच वर्षभित्र के कस्तो देख्न चाहनुहुन्छ भनी मष्तिष्क मन्थन र छलफल गरिएको थियो । उक्त छलफलबाट सहभागीमा गाउँपालिका भविष्यमा निम्न अनुसार परिवर्तन भएको चाहना पाइयो :

- सबै कृषियोग्य जमिनको पहिचान र वर्गीकरण भई सबै जमिनमा माटो र हावापानी सुहाउँदो खेती भएको
- आधुनिक कृषि, पशुपालन, उद्योग, व्यवसायको विकास भई सबै युवाहरूले गाउँपालिकाभित्रै आकर्षक रोजगारी प्राप्त गरेको
- कम्तिमा गाउँपालिकाका ७ वटै वडा कार्यालयसम्म पुग्ने पक्की सडक भएको
- सबै नागरिककोलागि स्वास्थ्य र शिक्षाको सहज पहुँच भएको
- सडक, विद्युत्, खानेपानी आपूर्ति, विद्यालय, दूरसञ्चार, सिंचाइलगायत सबै आधारभूत भौतिक पूर्वाधारहरू सबै वडाको आवश्यकता अनुसार पूरा भएको
- निर्माण भएका पूर्वाधार वातावरणमैत्री, बालमैत्री, अपांगमैत्री र विपद् प्रतिरोधी भएको
- आधुनिक प्रविधियुक्त छिटो, छरितो सेवा दिने र सबै नागरिकको पहुँचमा भएको गाउँपालिका
- सम्पूर्ण सुविधाले भरिपूर्ण हरियालीयुक्त गाउँ भएको
- खाद्यान्न र रोजगारीमा आत्मनिर्भर तथा गार्हस्थ उत्पादन सकारात्मक भएको
- पक्की सडक, खानेपानी आपूर्ति, विद्युतीकरण, इन्टरनेट, फोहोर व्यवस्थापनसहितको आधुनिक बसाइयुक्त बसोवास भएको
- पर्यटन, धर्म संस्कृति तथा परम्पराको प्रवर्द्धन भएको
- सुरक्षित मनमोहक गाउँपालिका
- गुणस्तरीय सर्वसुलभ शिक्षा विकास भएको
- सबै नागरिकलाई गाँस बास र कपासको व्यवस्था भई गरिबी निवारण भएको
- कृषि उत्पादनमा आत्मनिर्भर भई निर्यात गर्न सक्ने अवस्थामा पुगेको
- सफा, स्वच्छ, सबै वडामा फूलबारीको व्यवस्था भएको हरियालीयुक्त
- मानिसको सोच र व्यवहारमा सकारात्मक परिवर्तन भएको
- भ्रष्टाचारमुक्त सुशासनयुक्त आधुनिक गाउँपालिका
- समृद्ध इच्छाकामना, सम्पन्न इच्छाकामना

### ४.२ दीर्घकालीन सोच

गाउँपालिकाको अवस्था विश्लेषण, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूको परिवर्तनको चाहनासमेतलाई मध्यनजर गर्दै उपस्थित सहभागीहरूलाई चारवटा समूहमा विभाजन गरी आगामी कम्तीमा ५ वर्षपश्चात्को समयलाई मध्यनजर गर्दै यस गाउँपालिकाको समग्र विकास निर्माणलाई दिशा निर्देश गर्ने दीर्घकालीन सोच के हुन सक्छ भनी बृहत् छलफल गरिएको थियो । उक्त चारवटा समूहलाई समायोजन गरी सानो समूह बनाउँदै पुनः छलफल र विमर्श

गर्ने क्रममा गाउँपालिकाको दीर्घकालीन सोचका विभिन्न अवधारणाहरू प्राप्त भएका थिए। उक्त दीर्घकालीन सोचमा समेटिएका विषयवस्तु र भावना समेटी प्राविधिक टोलीबाट गाउँपालिकाको लागि निम्नानुसार दीर्घकालीन सोच प्रस्ताव गरिएको छ :

**"सुखी खुशी समृद्ध इच्छाकामना**
**कृषि पर्यटन पुर्वाधार विकास हाम्रो चाहाना"**

यस दीर्घकालीन सोच अनुसार कृषिको आधुनिकीकरण, पर्यटन विकास, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य, वन वातावरण संरक्षण, उद्योगको विकास र विस्तार, विपद् प्रतिरोधी पूर्वाधारहरूको तयारी, सुशासन कायम लगायतका विषयलाई मुख्य माध्यम बनाउँदै गाउँपालिकाभित्रै पर्याप्त रुपमा आकर्षक रोजगारी र आम्दानी वृद्धिका अवसरहरू सिर्जना गर्दै सुखी र सम्पन्न गाउँपालिका निर्माण गर्ने विषयलाई समग्र विकास निर्माणको दीर्घकालीन गन्तव्यका रुपमा परिकल्पना गरेको छ।

### ४.३ लक्ष्य

मानव विकास, कृषि , पर्यटन तथा वाणिज्यको माध्यमबाट इच्छाकामना गापाको आर्थिक र सामाजिक विकास गर्दै सुखी नागरिकको संख्यामा उल्लेख्य बढोत्तरी हुनेछ। दिगो विकास लक्ष्य, पन्ध्रौ योजना तथा वागमती प्रदेश सरकारको योजनासँग तादाम्यता हुने गरी यस गाउँपालिकाको आवधिक योजनाको परिमाणात्मक लक्ष्य र गन्तव्य निर्धारण गरिएको छ।

परिमाणात्मक लक्ष्य पुरा गरिएमा वि.स. २०८७ सम्म हालको निरपेक्ष र मानवीय गरिवीको अवस्था ४.९ प्रतिशत तथा वहुआयामिक गरिवी ६.४८ प्रतिशत पुर्‍याइनेछ। प्रतिव्यक्ति आय २५०० डलर, प्रति व्यक्ति खाधान्न ५३० केजि, साक्षरता ९८%, प्राथमिक तथा आधारभूत तहमा भर्ना ९९.५%, छात्र छात्रा लैङिगक अनुपात १००% हुनेछ। आधारभूत सेवा तर्फ विधुत उपभोग ९९%, खाना बनाउनका लागि दाउराको प्रयोग गर्ने सख्या ३०%, वेरोजगारी ६% मा झार्ने, आधारभूत खानेपानी र शौचालय ९९ र ९८% लाई पुर्‍याउने राष्ट्रिय लक्ष्यलाई पुरा गर्न यस योजनाको कार्यान्वयनबाट योगदान गरिनेछ। पहिलो आवधिक योजना अवधि (२०७७।०७८ - २०८१।०८२) सम्मका लागि देहाय बमोजिमका समग्र लक्ष सूचकहरू हासील हुने अपेक्षा गरिएको छ।

समष्टिगत लक्ष्य : **कृषि पर्यटन तथा भौतिक पुर्वाधारको विकासबाट सुखी खुशी समृद्ध गाउँपालिका तर्फ उन्मुख** भएको हुनेछ।

**तालिका २ : लक्ष्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १. | आर्थिक वृद्धिदर (औषत, प्रतिशत) | प्रतिशत | ४.५ | २.१ | ५.३ | ७.१ | वस्तुस्थिति विवरण | राजनीतिक प्रतिबद्धता तथा |
| २. | वैदेशिक रोजगारीमा गएका व्यक्ति | प्रतिशत | १.६१ | १.५ | १ | ०.८ | | |

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| ३. | बेरोजगार दर | प्रतिशत | ७ | ६ | ५ | ४ | मानव विकास सुचकांङ्क<br>राष्ट्रिय आर्थिक सर्वेक्षण<br>दिगो विकास लक्ष्यका प्रतिवेदन | सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा वृद्धि हुनेछ । |
| ४. | मानव गरिबी सुचकांक | | २९.९ | २४ | २० | १५ | | |
| ५. | औषत आयु | वर्ष | ६६.८ | ७० | ७५ | ८० | | |
| ६. | आफ्नो उत्पादन र कृषि आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २९.७६ | ३५ | ४५ | ५५ | | |
| ७. | साक्षरता दर | प्रतिशत | ९०.६९ | ९३ | ९५ | ९७ | | |
| ८. | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | ७ | ३ | १ | ० | | |
| ९. | मापदण्ड अनुसार आवास ढलान भएका घर | प्रतिशत | १३.७७ | १६ | २० | २५ | | |

## ४.४ उद्देश्य

यस योजनाको प्रमुख उद्देश्य इच्छाकामना गाउँपालिकावासीको जीवनस्तरमा गुणात्मक सुधार र बृद्धि गर्नु रहनेछ । साथै विषयगत उदेश्यहरु देहाय वमोजिम रहेको छन् ।

१. कृषिमा आधुनिकिकरण, भूमि बैकको स्थापना, व्यवसायिकिकरण विविधीकरण, स्थानीय शीप, श्रोत साधनमा आधारित उद्योग एवं उद्यमशिलता विकास, पर्यटन क्षेत्रको क्षमता विकास गर्दै दिगो आर्थिक विकास गर्ने

२. गुणस्तरीय शिक्षा र स्वास्थ्य, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्ति, सुसस्कृत एवं समतामूलक समाज निर्माण गर्ने

३. वातावरणमैत्री र दिगो भौतिक पूर्वाधार निर्माण गर्ने ।

४. वन पैदावरमा आधारित उद्योग, वन तथा जैविक विविधताको संरक्षण गर्दै भू जलाधार तथा विपद् व्यवस्थापन गरी स्वच्छ वातावरण निर्माण गर्ने

५. प्रविधी मैत्री कार्य सम्पादन, जवाफदेहीता र पारदर्शिता अभिवृद्धि गरी प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने

### ४.५ रणनीतिहरु

यस गाउँपालिकाको आवधिक योजनाको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न देहाय वमोजिमका रणनीतिहरु अवलम्वन गरिनेछन् ।

१. स्थानीय तुलनात्मक लाभको क्षेत्रका आधारमा योजना र कार्यक्रम सञ्चालन गरी दिगो र रोजगारमूलक आय विकास गर्ने,

२. प्राथमिकरण गरिएका आयोजनाहरुलाई स्रोतको कमी हुन नदिन मध्यमकालिन खर्च संरचनामा निरन्तरता दिइ कार्यान्वयन गर्ने,

३. जवाफदेहिता र सुशासनका अवयवहरुको अवलम्वन गरी शासकीय प्रवन्धलाई जनमुखी बनाउने,

४. स्थानीय गरिवी निवारण र आय आर्जनका कार्यक्रमहरु तय गरी समतामूलक समाज कायम गर्न समन्यायिक नीतिलाई अवलम्वन गर्ने,

५. आर्थिक विकासको सवै क्षेत्रमा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने गरी नीतिगत र कार्यक्रमगत प्रवन्ध गर्न,

६. प्राकृतिक स्रोत साधनको सहि उपयोग गर्दै विपद् व्यवस्थापनको क्षमता बढाउने,

७. ग्रामीण तथा सडक वरपरको वसोवास तथा वजारहरुलाई व्यवस्थित गर्ने तथा विपन्नको आवास तथा अन्य आधारभूत सेवा र सुविधामा स्तरोन्नति गरी वहुआयामिक गरिवी कम गर्ने,

८. सामाजिक सुरक्षा र संरक्षणका क्षेत्रमा मौलिक कार्यक्रमहरु सञ्चालन गरी यसलाई दिगो र उत्पादनमूलक वनाउने,

९. युवा तथा श्रमिकहरुको क्षमतालाई लेखाजोखा गरी गाउँ निर्माणमा जनसहभागितामा बढोत्तरी गर्ने,

१०. सामयिक नीति र कानून तथा कार्यविधिहरुको निर्माण र जनप्रतिनिधि तथा कर्मचारीको सीपमा विकास गरी सस्थागत क्षमताको विकास गर्ने ।

११. वित्तिय सघीयतालाई सफल वनाउन स्थानीय स्रोतको अधिकतम परिचालन र सदुपयोग गर्ने ।

१२. आयोजना तथा कार्यक्रमहरुको नतिजामुखी कार्यान्वयन गर्ने कार्यमा संलग्न विकास प्रशासन तथा कर्मचारीहरुको प्रमुख नतिजा क्षेत्र र प्रमुख कार्यसम्पादन सूचकहरुको व्यवस्था गरी मूल्याङकन र प्रोत्साहन प्रणाली अवलम्वन गर्ने ।

### ४.६ निर्देशक सिद्धान्त

आवधिक विकासको दीर्घकालीन सोच तथा लक्ष्यतर्फ उन्मुख हुनका लागि देहायअनुसारका निर्देशक सिद्धान्तहरू अवलम्बन गरिनेछ :

**भूउपयोग, वस्ती विकास र व्यवस्थित शहरीकरण तथा ग्रामिण विकास :** उपलब्ध भूमिको अधिकतम र दीगो उपयोगका लागि भूउपयोग योजना तर्जुमा सो अनुसार वस्ती, अर्धशहरी क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, औद्योगिक क्षेत्र, खुला मैदानलगायत अन्य क्षेत्रहरू पहिचान गरी सो अनुसारको योजना कार्यान्वयन गरिनेछ । सडक, भवनलगायत पूर्वाधार निर्माणका क्षेत्रमा राष्ट्रिय तथा प्रदेशस्तरीय मापदण्डहरूसँग तादात्म्यता हुने गरी स्तरीय मापदण्डहरू तर्जुमा र कार्यान्वयन गरिनेछ ।

**सहभागितामूलक विधि र नागरिक भावनाको सम्मान :** योजना तर्जुमा, कार्यान्वन तथा अनुगमनमा समेत सम्बन्धित सबै सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ। नागरिकका अपेक्षा, आवश्यकता, परिवेश र भावनालाई योजना तर्जुमा र कार्यान्वयनमा मध्यनजर गरिनेछ।

**सूचना, सञ्चार तथा आधुनिक प्रविधिको अवलम्बन :** सूचना, सञ्चारलगायत क्षेत्रका आधुनिक प्रविधिको अवलम्बन गरी गाउँपालिकाले प्रवाह गर्ने सेवालाई छिटो, छरितो, स्मार्ट बनाउन प्रयास गरिनेछ।

**मानव अधिकार र सामाजिक न्याय** : विश्वव्यापी आधारभूत मानव अधिकारहरूको सुनिश्चित गर्दै न्यायपूर्ण समाजको सिर्जनामा जोड दिइनेछ।

**सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी :** उपलब्ध तथा सम्भावित स्रोतहरूको अधिकतम उपयोगका लागि सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी अघि बढाइने छ।

**सुशासनको प्रवर्द्धन :** सुशासनका लागि आवश्यक जवाफदेहिता, पारदर्शिता, जनसहभागिता, उत्तरदायिपनाको प्रवर्द्धन गरिनेछ। आफ्ना काम, कार्यबाही प्रति सम्बन्धित सबैलाई जवाफदेहि बनाइनेछ। योजना पद्धतिलाई सूचनामा आधारित र नतिजामूलक बनाइनेछ। गाउँपालिकाका काम कारबाही तथा निर्णयहरूलाई पारदर्शी बनाइनेछ। बस्तीदेखि गाउँपालिकास्तरका सबै तहका सबै कार्यक्रममा स्थानीय समुदायको समानुपातिक सहभागिता कायम गरिनेछ।

**वातावरण सन्तुलन र दीगो विकास** : विकास निर्माणका काम तथा प्राकृतिक स्रोतको उपयोग गर्दा वर्तमान तथा भविष्यका पिंढीको आवश्यकता समेतलाई मध्यनजर गरी समुचित उपयोगमा ध्यान दिइनेछ।

**नतिजामूलक व्यवस्थापन प्रणाली :** योजनाको तर्जुमा, अनुगमन तथा मूल्यांकनमा नतिजामूलक ढंगलाई जोड दिइनेछ। हरेक विषयगत क्षेत्रको उद्देश्य, प्रतिफल, हालको अवस्था तथा आगामी पाँच वर्षपछिको अवस्था झल्काउने सूचकहरूको प्रयोग गरिनेछ। योजनाको अनुगमन, मूल्यांकनका क्रममा यी सूचकहरूलाई आधार मानिनेछ। आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

**योजनाको कार्यान्वयनमा सरोकारवालाहरुको भूमिका:** यस योजनाका लक्ष्य, उद्देश्य तथा क्षेत्रगत नीति, रणनीति र कार्यनीति वमोजिमको अपेक्षित नतिजा समेत प्राप्त गर्न सवै सरोकारवालाहरुको एकिकृत प्रयास, श्रोत परिचालन र सहयोगको आवश्यक पर्दछ। नेपाल सरकार, प्रदेश सरकार, बैंक, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्थाहरु, नागरिक समाज तथा अन्य सरोकारवालाहरुबाट यस योजना कार्यान्वयनमा आआफ्नो स्थानबाट सकारात्मक भूमिकाको अपेक्षा गरिने छ।

## परिच्छेद पाँच : आर्थिक क्षेत्र विकास

नेपालको संविधानमा सुनिश्चित गरिएका नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहेको छ । यी भूमिकालाई निर्वाह गर्न स्थानीय तहले संविधानको परिधिभित्र रहेर, संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यलाई टेवा पुग्ने गरी स्थानीय सरकारले दीर्घकालिन सोच सहित योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ । नेपालको संविधानको अनुसूची- ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको **लक्ष्य-१ (शुन्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य) लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य-१० (असमानताको न्यूनीकरण)** संग जोडिएका छन् ।

बागमती प्रदेशको आवधिक योजनाले **"उच्च, फराकिलो र दिगो आर्थिक वृद्धि सहितको समृद्ध प्रदेश"** दीर्घकालिन सोचको परिकल्पना गरेको छ । यसै गरी प्राकृतिक, मानवीय एवम् आर्थिक श्रोत र साधनहरूको उच्चतम परिचालन गरी उच्च, फराकिलो र दिगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । प्रदेश सरकारको दीर्घकालिन सोच समेतलाई टेवा पुऱ्याउन **कृषिमा आधुनिकिकरण, भूमि बैकको स्थापना, व्यवसायिकिकरण विविधीकरण, स्थानीय शीप, श्रोत साधनमा आधारित उद्योग एवं उद्यमशिलता विकास, पर्यटन क्षेत्रको क्षमता विकास गर्दै दिगो आर्थिक विकास गर्ने** विषयगत उद्देश्य तय गरिएको छ । बाग्मती प्रदेशको आवधिक योजनाले **"खाद्य तथा पोषण सुरक्षा सहितको सम्पन्न कृषक"** दीर्घकालिन सोच र "खाद्य र पोषण सुरक्षा, व्यावसायिक कृषि र लाभप्रद रोजगारीद्वारा किसानको आयस्तर वृद्धि भई समृद्ध प्रदेशको निर्माणमा योगदान पुऱ्याउने" लक्ष्यलाई यस गाउँपालिकामा भएका सम्भावनाहरुको उपयोगबाट महत्वपूर्ण सघाउ पुग्नेछ ।

### ५.१ कृषि तथा पशुपालन क्षेत्र विकास

### क. संभावना, अवसर र विद्यमान अवस्था

महाभारत शृंखलामा पर्ने यो क्षेत्र अक्षांशीय विस्तार अनुसार समशीतोष्ण मण्डलमा पर्दछ भने हावापानीको क्षेत्र अनुसार उष्ण मौसमीमा पर्दछ । यस क्षेत्रमा औसत ७५ से.मि. देखि २०० से.मि.वर्षा हुन्छ । जिल्लाको सबैभन्दा बढी वर्षा हुने स्थानहरु काउले, सिद्दी र दाहाखानी हो । आदिम कालदेखि पहाडमा बस्ने चेपाङ्ग समुदाय खेतिमा भन्दा मजदुरीमा बढी रमाउने प्रबृति भएको हुँदा यहाँको कृषि जिल्लाको अन्य भू-भागको जस्तो अघि बढेको छैन । जीविकोपार्जन खेति प्रणाली, वन जंगलमा पाइने कन्दमुल तथा फलफुलमै सन्तुष्टी लिने चेपाङ्ग समुदायले खासै फलफुल समेत लगाएको पाइदैन भने कोहो कोहीले स्थानीय केरा र चिउरीलाई व्यवसायिक रुपमा लिने गरेको पाईन्छ । यस गाउँपालिकामा आधुनिक कृषि जसमा तरकारी खेति, अमिला जातका फलफुल, माहुरी पालन, फूल खेति, जडिबुटी, ट्राउट माछापालन, बाँस खेतिको प्रबल संभावना रहेको छ । पहाडी भू-भागमा सुन्तला तथा कागतीको राम्रो संभावना रहेको छ ।

नियमित खेतीका अतिरिक्त वर्षाको समयमा बेमौसमी तरकारी खेतीको अभ्यास भइरहेको छ । पहाडको फेदी एवं बेशी क्षेत्रमा चिउरी एवं रुदिलोजन्य मुख्य र अन्य सहायक वनस्पतिको प्रचुरताले मौरीपालन व्यवसायलाई टेवा मिल्नुको साथै व्यावसायिक रुपमा घिऊ सिमी तरकारी फस्टाएको र पोली हाउसमा गोलभेडा खेतीको शुरुवात भएको छ ।

सुन्तला र कागती खेतीको पकेट क्षेत्रको रुपमा दारेचोक, काउले, तोलाङ, चण्डिभञ्ज्याङलाई विकास गर्न सकिने संभावना रहेकोछ । यसका साथै यस क्षेत्रमा नासपाती, काको, आरु, अनार, भुईस्याउ, केरा, आँप, अम्बा, मेवा, लिचि,

कटहर जस्ता फलफुलको व्यवसायिक रुपमा खेती गर्ने संभावना समेत रहेको छ । यस क्षेत्रमा उत्पादन भएको सुन्तला पोखरा, नारायणगढ तथा काठमाण्डौका बजारमा बिक्री गर्नका लागि पृथ्वी राजमार्ग तथा मुग्लिङ्ग नारायणगढको बाटोले सहजता भएको छ ।

इच्छाकामना गाउँपालिकाको साबिकका तीन गा.वि.स. दारेचोक, काउले र चण्डीभञ्ज्याङका दुई सय २५ हेक्टरमा सुन्तला खेती गरिएको र सो क्षेत्रबाट दुई हजार मेट्रिक टन भन्दा बढी सुन्तला उत्पादन हुने गरेको अनुमान छ । करिब दुई सय जना किसानले व्यवसायिक रुपमा सुन्तला खेती गरेका छन् । दारेचोकको तामिन भन्ने ठाउँ सुन्तला गाउँका रुपमा परिचित गाउँ भईसकेको छ । तामिनमा मात्र सय भन्दा बढी किसान सुन्तला खेतीमा लागेका छन् । उत्पादन राम्रो हुँदा यही गाउँबाट वर्षमा दुई करोड रुपैयाँको सुन्तला बिक्री हुन्छ । सुन्तला बेचेको पैसाले स्थानीयबासीले दुईबर्ष अघि मुग्लिन बजारबाट आफ्नो गाउँसम्म जाने सडक पनि बनाएका छन् ।

इच्छाकामना गाउँपालिकाका अधिकांश घर परिवारको मुख्य पेशा कृषि तथा पशुपालन हो । यस गाउँपालिकामा रहेको कूल घरधुरी ४७७८ मध्ये कृषिमा आश्रित घरधुरी ६०% रहेकोछ । त्यसैगरी व्यापार ब्यावसायमा मुख्य पेशा हुने धरधुरी १४% छन् भने वैदेशिक रोजगारमा निर्भर धरधुरी ९%, सरकारी नोकरी घरधुरी ३%, निजी व्यावसाय तथा निजी क्षेत्रमा आश्रित धरधुरी ६% र अन्य पेशामा आश्रित धरधुरी ७% रहेको छ ।

यस गाउँपालिकाका घर परिवारको सहायक पेशाको रुपमा ४७० घरधुरीले मौरीपालन र केही घरले माछापालन गरी आफ्नो जिविकोपार्जन गरिरहेका छन् । केही परिवारले पशुपंक्षी र चौपायालाई आर्थिक उपार्जन गर्ने व्यवसायका रुपमा लिएका छन् ।

### ख. समस्या तथा चूनौती

यस गाउँपालिकाका किसानहरू परम्परागत कृषि प्रणालीमा खेति गर्ने अभ्यास रहेकाले लक्ष्य अनुरुप प्रगति हुन सकिरहेको छैन । व्यवसायिक कृषिका लागि उन्नत बीउ, मल र सिंचाइ जस्ता अति आवश्यक सामग्री तथा संयन्त्रको पहुँचबाट बञ्चित छन्, साथै मध्यस्थकर्ताबाट नियन्त्रित बजारभाउले कृषकलाई आफ्नो पेशाबाट बचत नभएकाले कृषिको उत्पादन र उत्पादकत्वमा बढोत्तरी गर्न सकिएको छैन । बाख्रा तथा वंगुर पालनमा व्यवसायिकता भएतापनि उन्नत गाई तथा भैंसीको भने व्यवसायिक पालन गरिएको छैन । धेरै वडामा बिजुलीसम्म पुग्न नसकेको कारण व्यवसायिक कुखुरा पालन निकै कम भएको छ भने उपभोग गरिने मासु अण्डा गाउँपालिका भन्दा बाहिरबाट आयातित गरिन्छ ।

**ग. उद्देश्य :** कृषि एवं पशुपालन क्षेत्रमा उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १. | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | जना | १३१ | ३५० | ७२० | १२०० | वस्तुस्थिति विवरण | कृषि तथा पशुपालनमा नीजी क्षेत्रसंग समन्वय |
| २. | उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने | प्रतिशत | १५ | १८ | २४ | ३० | सर्वेक्षण प्रतिवेदन | |

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | घरपरिवार | | | | | | | निरन्तर हुनेछ । |
| ३. | व्यवसायिक कृषि फार्म | संख्या | ३२ | ३८ | ४५ | ५५ | प्रगति/अनुगमन प्रतिवेदन | उद्योग धन्दाहरू स्थापना भई सुचारु रुपमा सञ्चालन हुने वातावरण रहि रहनेछ । |
| ४. | सक्रिय व्यवसायिक कृषक समूह | संख्या | ७ | ११ | १४ | २१ | | |
| ५. | सक्रिय व्यवसायिक कृषक समूहमा आवद्ध परिवार | संख्या | २०० | ३१० | ३४० | ४२० | राष्ट्रिय आर्थिक सर्वेक्षण प्रतिवेदन | |
| ६. | धानको उत्पादकत्व | मे.ट/हे | ३.५ | ४.० | ४.५ | ५ | पशुसेवा शाखाको सर्वेक्षण प्रतिवेदन | |
| ७. | मकैको उत्पादकत्व | मे.ट/हे | ५ | ५ | ६ | ७ | | कृषिजन्य औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरूको स्थापना, स्तरोन्नति र प्रवर्द्धन हुनेछ । |
| ८. | तेलहनको उत्पादकत्व | मे.ट/हे | १.५ | २.० | ३.० | ३ | | |
| ९. | दलहनको उत्पादकत्व | मे.ट/हे | १.२ | १.५ | १.७ | २ | | |
| १०. | कोल्ड स्टोर/रष्टिक स्टोर/सेलार स्टोर | संख्या | १ | २ | ३ | ५ | | |
| ११. | प्रवर्द्धित कृषि उपज संकलन तथा बजार केन्द्र | संख्या | २ | ४ | ६ | ९ | | |
| १२. | व्यवसायिक पशुपालन फर्म | संख्या | ५२० | ६२० | ७५० | १००० | | पशुपालन व्यवसायमा आधुनिक प्रणालीको प्रयोग भएको हुनेछ । |
| १३. | सक्रिय कृषि तथा पशुपालन समूह | संख्या | २१ | २८ | ३५ | ४५ | | |

### ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकालाई कृषि तथा पशुपन्छी सेवा केन्द्रको रुपमा विकास गर्ने । | १. कृषिजन्य तथा वन पैदावार उत्पादनलाई व्यवस्थित गर्दै, प्रशोधन उद्योग स्थापना, भण्डारण तथा बजारीकरणमका लागि सहुलियतपूर्ण कर्जा, विमा सेवा र वित्तिय उत्प्रेरणा प्रदान गरिनेछ ।<br>२. निजी लगानी आकर्षित गर्न कृषिमा अनुसन्धान तथा प्रविधि हस्तारण, सिंचाई लगायतका पूर्वाधारमा सहयोग गरिनेछ ।<br>३. वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरु एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>४. वडास्तरमा जैविक खेती प्रवर्धन गर्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र |

| रणनीति | कार्यनीति |
|---|---|
| | परिचालन गरिनेछ ।<br>५. मोबाइल भेटेरिनेरी एम्बुलेन्सको व्यवस्था र घरदैलो गरी पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइनेछ ।<br>६. कृषि तथा पशुपालन पकेट क्षेत्रहरुमा कृषि तथा पशुजन्य उत्पादन, संकलन, प्रशोधन केन्द्रको विकास गरिनेछ ।<br>७. पशु विकास पकेट क्षेत्रहरुको सार्वजनिक तथा निजी जग्गामा भुईघाँस तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई गरी पुरा गरिनेछ ।<br>८. स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा कृषि प्रशोधन, पशु वधशाखा, दाना उद्योग, चिज र छुर्पी उत्पादन उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ ।<br>९. सबै वडाका युवा, लक्षित वर्ग र कृषकहरुको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम संचालन गरिनेछ ।<br>१०. स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ ।<br>११. बाँझो जमीन राख्ने प्रवृतिलाई निरुत्साही गरिनेछ । |
| कृषि व्यवसायलाई औद्योगिकरण गर्ने । | १. कृषि, पशुपन्छी, माछा लगायत औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरुको स्थापना, स्तरोन्नति र प्रवर्द्धन गरिनेछ ।<br>२. कृषि र पशुपालन सम्बन्धी तरकारी, कफी, मसलाबाली, माछा, गाईभैसी र वाखापालनमा केन्द्रित गरी एक वडामा एक-एक वटा नमूना कृषि फर्म मोडेलको रुपमा संचालन गरिनेछ ।<br>३. तरकारी, फलफूल, मसलाबाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरुको संकलन, प्रशोधन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ । |
| कृषि र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गर्ने । | १. जैविक उत्पादन केन्द्रको विकास गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम तथा अर्गानिक एग्रीमार्ट स्थापना र संचालनको व्यवस्था गरिनेछ ।<br>२. स्थानीय कृषकको माग, विशिष्टकृत स्थानीय जातमा आधारित एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइनेछ ।<br>३. फूल, कफी, टिमुर, थाकल, दालचिनी, अलैची, तितेपाती, मसलाजन्य बाली, किवी, स्ट्रावेरी, सिस्नु आदिको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ । |
| कृषकलाई कृषि यान्त्रिकीकरण सहयोग गर्ने । | १. कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन कस्टम हायरिङ केन्द्र स्थापना र संचालन गरिनेछ ।<br>२. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरुको उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>३. कृषकहरुको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रसोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिबृद्धि गरिनेछ। |

### च. प्रमुख कार्यक्रम

- खाद्यान्नबाली विकास कार्यक्रम
- जैविक, प्रांगारिक मल तथा जैविक विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम
- कृषि प्राविधिक शिक्षालय स्थापना गर्ने
- बहुउद्देश्यीय कृषि तथा बन नर्सरी  स्थापना र संचालन गर्ने
- व्यवसायिक फलफूल विकास  कार्यक्रम - विशेष सुन्तला, केरा, आंप र लिची
- व्यवसायिक तरकारी विकास कार्यक्रम
- कृषि पूर्वाधार विकास कार्यक्रम
- कृषि वजारीकरण प्रवर्द्धन कार्यक्रम
- कृषि बाली विमा कार्यक्रम
- कृषि सम्बन्धी सालबसाली कार्यक्रम
- नश्ल सुधार, पशु ल्याव तथा पशु उपचार केन्द्र स्थापना
- उन्नत घाँसखेती विस्तार कार्यक्रम
- बाखा, बंगूर/सुँगूर, कखुरा, गाई भैसी नमूना फर्म स्थापना र संचालन गर्ने
- दुग्ध चिस्यान केन्द्र स्थापना
- पशु वधस्थल तथा मासु वजार विकास कार्यक्रम
- पशुवस्तुको संकलन केन्द्र संचालन
- माछा नर्सरी स्थापना
- व्यवसायिक माछापालन कार्यक्रम
- दक्ष जनशक्ति विकास कार्यक्रम
- पशुसेवा सालवसाली कार्यक्रम
- पशु विमा कार्यक्रम

## ५.२ सिंचाई विकास

### क. संभावना, अवसर र विद्यमान अवस्था

जलस्रोतको सन्दर्भमा कुरा गर्दा काउले डाँडाबाट उत्पत्ति भई त्रिशुली नदीमा मिसिएको रिग्दी खोला मुख्य खोला हो। त्यसको अतिरिक्त सुकौरा खोला, नाग्दी खोला, बारवाङ खोला, सोतावगर खोला, कुम खोला, धारापानी खोला, रिग्दी खोला, काली खोला, सेती खोला, स्याङ्गदी खोला, थाङ्ग खोला, सिमलढाप खोला, खगेरी खोला जस्ता साना खोलाहरु पनि रहेका छन। वर्षैभरी वहने खोलाहरु ३ वटा र वर्षातको समयमा बग्ने ५ भन्दा बढी खोला खहरेहरु रहेका छन्। रिग्दीखोला, कालीखोला, सेती खोला जस्ता खोला र अन्य श्रोतबाट समेत गाउँपालिका भित्र सानातिना सिंचाई कूलो तथा पोखरीहरु संचालनमा रहेका छन्। यी खोलाहरुले झरना, गल्छी तथा कन्दराहरु निर्माण गरेका छन। समग्ररुपमा गाउँपालिकाको सिंचित क्षेत्र निकै कम छ। करिव ६०० हेक्टर जमिन मात्र सालैभर सिंचित भएको देखिन्छ भने मौषमी सिंचित क्षेत्र ८०० हेक्टर रहेको पाइन्छ।

### ख. समस्या तथा चूनौती

यस गाउँपालिकाको माथिल्लो भूभागहरुमा हिउँदको समयमा सिंचाई गर्नुपर्ने खालका कृषिजन्य वस्तुको उत्पादन गर्न निकै असुविधा रहेको देखिन्छ । संचालित आयोजनाहरुको नियमित मर्मत सम्भार हुन नसक्नुले पनि जमिन सिंचाईमा कमि देखिएको छ ।

**ग. उद्देश्य:** खेतीयोग्य भूमीमा वर्षै भरी भरपर्दो एवं व्यवस्थित तवरले सिंचाई सुविधा पुगेको हुनेछ ।

**घ. सूचक तथा लक्ष परिमाण**

| क्रम संख्या | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | बाह्रै महिना सिंचाई हुने क्षेत्र | हैक्टर | १० | १५ | २५ | २५ | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति/ अनुगमन प्रतिवेदन<br>राष्ट्रिय आर्थिक सर्वेक्षण प्रतिवेदन | |
| २ | सुचारु नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना ( पोखरी, लिफ्ट आदि) | संख्या | १ | २ | ३ | ५ | | |
| ३ | सुचारु कूलो तथा नहर आयोजना | संख्या | ७ | ८ | ९ | १० | | |

**ङ. रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| सिंचाईको श्रोतको पहिचान गरी व्यवस्थित एवं प्रभावकारीता बृद्धि गर्ने । | १. गाउँपालिकाको अधिकांस भुभागमा सिचाईको अभाव रहेको हुँदा बोरिङ तथा लिफ्टिङ प्रविधिबाट सिंचाईको व्यवस्था गरिनेछ ।<br>२. कुलो निर्माण तथा मर्मत कार्य संचालनका उपभोक्ता समिति, कृषक समूह वा सहकारी मार्फत अनुदान दिईने छ ।<br>३. सम्भाव्यता हेरी सिंचाई कुलो, आकासेपानी संकलन तथा लिफ्ट सिस्टम, थोपा सिंचाइ, पोखरी सिंचाइ प्रणालीको विकासलाई जोड दिइनेछ ।<br>४. पोखरी, नहर, कुलोहरु निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत कोषको स्थापना गरिनेछ । |

**ङ. प्रमुख कार्यक्रम**

- नहर कुलो तथा वाध मर्मत
- डिप बोरिंग संचालन (नाला निर्माण सहित)
- साना बोरिंग संचालन कार्यक्रम
- लिफ्ट सिचाई (त्रिशुली नदी)
- सिंचाई सम्बन्धी सालवसाली कार्यक्रम

## ५.३ पर्यटन विकास

### क. संभावना, अवसर र विद्यमान अवस्था

ग्रामीण पर्यटन विकासका लागि गाउँपालिकामा धार्मिक र पर्यटकीय स्थलहरु प्रयाप्त रहेका छन् । ती स्थानहरुमा यसैगरी आन्तरिक र वाह्य दुवै प्रकारका पर्यटनको निम्ति महत्वपूर्ण स्थल हुन सक्ने इच्छाकामना मन्दिर, सिराईचुली, लामो झरना, उपर्दाङगढी, कविलासपुरगढी, कानदाङगढी, चिसापानीगढी आदि छन् ।

कुरिनटारमा रहेको मनकामना केबुलकार दर्शन प्रा. लि., त्रिशुलीमा हुने ऱ्यापिटङ्ग, दाहाखानीको उपरदाङ्गगढी, लखन गुफा दाहाखानी, काउलेको सिराईचुली हात्तीवाङ्ग, लामो झरना जलविरे, इच्छाकामना मन्दिर चिसापानी आदि पर्यटनका दृष्टिले महत्वपूर्ण मानिन्छन् । भिर, पहरा, छाँगा र छहराको संयोग, प्राकृतिक छटाले भरिपूर्ण जलविरे झरना (लामो झरना) चितवनकै उत्कृष्ट पर्यटकीय गन्तव्य हो । न्यून पूर्वाधारमा पर्यटकको चहलपहल बढी, जलविरे झरना एक पर्यटकीय गन्तव्य बन्दै गएको छ । उक्त झरना १०२ मिटर लामो छ । जुनसुकै समयमा पुग्ने पर्यटक सो झरना हेरेपछि मन्त्रमुग्ध हुन्छन् । सुन्दर प्राकृतिक मनोरम दृष्य तथा लामो छाँगोबाट झरेको पानीको फोहरा र त्यसबाट आउने शीतल पानीका कण र चिसो हावाको स्पर्शले पर्यटकलाई लोभ्याइदिन्छ ।

इच्छाकामना-१ हात्तिवाङ, इच्छाकामना-३ तोकदाङ, इच्छाकामना-६ याकराङ गाउँमा पर्यटकहरुलाई सुविधा दिन होम स्टे पनि सञ्चालन भएको छ । हात्तिबाङमा गिरी-पुरीको बसोबास छ भने तोकदाङ र याकराङ गाउँमा गुरुङ समुदायका बासिन्दा बस्दछन् । आमा समूहबाट सञ्चालनमा आएका होमस्टे भूकम्प आएपछि भने भत्केका घरहरुमा पुननिर्माणको काम पनि हुँदैछ । साथै गाउँमा पुग्ने पाहुनाहरुलाई खानपिन, सेवा सत्कार र आवास भने दिईरहेका छन् । तोकदाङ र याकराङ गाउँमा स्थानीय उत्पादनबाट बनेका परिकार, गुरुङ समुदायको संस्कृतिको अनुभव पर्यटकले पाउँछन् । याकराङ गाउँमा साँझमा गुरुङ समुदायको कौरा नाच तथा झ्याउरे नाचको  सांस्कृतिक कार्यक्रम देखाइन्छ ।

चितवन जिल्लाको रत्ननगर गाउँपालिका टाँडी बजार (महेन्द्र राजमार्ग) देखि ६ माइल उत्तर महाभारत पर्वत श्रृंखलाको इच्छाकामना गाउँपालिकाको वडा नं. ७ मा उपरदाङगढी रहेको छ । यो गढी महाभारत पर्वतमा समुन्द्र सतहबाट करिव १,२७५ मिटरको उचाईमा रहेको छ । बनावटका दृष्टिले महाभारत पर्वतीय श्रृंखलामा रहेका गढीहरु मध्ये यो निकै आकर्षक र बलियो देखिन्छ । वि.सं. १८२८ मा चितवनको राजश्व उठाई बहादुर शाहले आफ्नो नायवी कालमा उनका जेठा छोरा शत्रुभञ्जन शाहले बनाएको हो भन्ने भनाई छ । यसको उत्तर तर्फ एउटा १५ फिट चौडा माथि साँगुरिदै गएको र चारैतिर तोप हान्ने मुख निकालिएको देखिन्छ । किल्लाको बाहिर चारैतिर ७, ८ फिट गहिरो र ७, ८ फिट चौडा खाडल खनिएको देखिन्छ । नजिकैको खानीबाट ठूला चाक्ला लाम्चा र बाक्ला ढुंगाहरु झिकी यो गढी बनाइएको छ । यो गढीलाई बाहिरबाट तोपले छेड्न नसक्ने खालको बज्र लेपनद्वारा बनाइएको छ । यसको दक्षिण तर्फ १०९ फिट उत्तरमा १३४ फिट फिट पश्चिममा १०९ र पूर्वमा ६७ फिट क्षेत्रफलको छ । यस गढीको भित्रपट्टी हतियार राख्ने एक घर र वर्षाको पानी संकलन गर्ने एउटा सुख्खा इनार पनि बनाइएको छ । यो हतियार राख्ने घरमा हाल प्रा.वि. स्कुल चलाइएको छ ।

> गाउँपालिकाको अन्य महत्वपुर्ण बिशेषताहरुमा प्रसिद्ध **धार्मिकस्थल गोरखाको मनकामना मन्दिर आवतजावत गर्ने भक्तजनलाई लक्षित गरी चितवनको इच्छाकामना गाउँपालिकाको कुरिनटार देखि गोरखाको शहीद लखन गाउँपालिकाको मनकामनासम्म केबुलकार** सञ्चालित छ । वि.स २०५४ साल मंसिर ८ गतेबाट व्यवसायिक रुपमा संचालन गरेको मनकानमना केबुलकार करीव ३.०१ कि.मि लम्बाई रहेको र प्रति घण्टा ६ सय यात्रु ओसार पसार गर्ने क्षमता राख्दछ । ३१ वटा केबुलकार मार्फत बार्षिक १० लाख भन्दा बढी भक्तजन तथा यात्रुहरु मनकामना दर्शन गराउँदै आएको छ । **इच्छाकामना मन्दिरको बारेमा व्यापक प्रचार प्रसार गरी मनकामनाको दर्शनको लागि आउने श्रद्धालुहरू समेत आकर्षण** गर्न सकिन्छ ।

वि.सं.२०१३ सालमा यो गढीमा चितवनको सदरमुकाम रहेको थियो । पछि वि.सं. २०१४ सालमा यो गढीमा रहेको सदरमुकाम भरतपुरमा सारिएको थियो । यहाँबाट चितवनको मैदान चुरे र हिमाल देख्न सकिने ऐतिहासिक र दृश्यावलोकन गर्न सकिने हुनाले यो गढी प्रति मानिसहरु आकर्षित हुदै गएका छन ।

इच्छाकामना गाउँपालिकाको साविक चण्डीभञ्याङ्ग गा.वि.स.मा चिसापानीगढी पर्दछ । यसको पूर्वतर्फ धरमथली, पश्चिमतर्फ चण्डिभञ्ज्याङ्ग र दक्षिणतर्फ तुन्तेस गाउँ अवस्थित छ । इच्छाकामनाको दक्षिण पश्चिम फेदीमा रहेको यो गढी उपरदाङ्गगढी भन्दा पहिले नै बनेको हुनाले यसलाई पुरानो गढी पनि भनिने र यसैको काखमा सानो कुवामा जम्मा भइरहने पानी अत्यन्त चिसो हुँदा यसलाई चिसापानी गढी भनिएको हो ।

गाउँपालिकाको अन्य गन्तव्यहरुमा देवीथान, दिङलाङ्ग, बालगौरी, पाथीभारा, शंखदेवी मन्दिर, भद्रकाली मन्दिर, लखन गुफा, चमेरे गुफा छन् । त्यसैगरी त्रिशुली/नारायणी नदीमा र्याफ्टिङ गर्न आन्तरिक र वाह्य पर्यटक आउने गर्दछन् ।

इच्छाकामना गाउँपालिकामा गढी तथा कोपेडाँडा, लामिडाँडा, नागदहडाँडा, काउलेडाँडा र चक्रवर्तिडाँडा टुडिखेल मुख्य हुन् । धार्मिक तथा ऐतिहासीक दृष्टिकोणले कविलासपुरगढी र उपरदाङ्गगढी महत्वपुर्ण स्थानहरु हुन् । जसको संरक्षण र उत्थान गर्न सकेमा अझ पर्यटकलाई आकर्षण गर्न सकिन्छ ।

इच्छाकामना मन्दिर सामुन्द्रिक सतह देखि १,८०० मिटरको उचाईमा रहेको छ । इच्छाकामना माई १९६५ साल अर्थात आजभन्दा १०९ बर्ष अगाडि स्थानीय मनिराज दर्लामी गोठालो जाँदा माईको दर्शन पाएका थिए । त्यसपछि गाउँलेहरुले ढुंगाको मन्दिर निर्माण गरी पुजा-आजाको सुरुवात गरेका किम्बदन्ती छ । इच्छाकामना मन्दिर परिसरमा शिवालयको मन्दिर र गणेशको मूर्ती पनि स्थापना भएको छ । मोटरबाटो खुलेपछि आजभोलि मनकामना पुग्ने केहि तिर्थाटनका पर्यटकहरु इच्छाकामना पुग्ने क्रम बढेको छ । यो मन्दिर इच्छाकामना गाउँपालिकाको वडा नं. ५ को महाभारत पर्वत श्रृखलामा पर्दछ ।

इच्छाकामना गाउँपालिका अन्तर्गत वडा २ मायाटारमा रहेको अर्को धार्मिक स्थल देवि माता जय बाल गौरी तथा पाथिभरा देवीको मन्दिर रहेको छ । चितवन जिल्लाको साबिकको काउले गाबिस वडा नं. ८ मा रहेको पवित्र धार्मिक स्थल एंव शक्तिशाली देवी माता जय बाल गौरी तथा पाथिभरा देबीको मन्दिर जिर्णोद्धार गरि २०६५ साल देखि हरेक बर्ष भव्य र सभ्य रुपमा मेला लाग्दै आएको छ ।

त्यसै गरी राजधानी काठमाण्डौलाई देशको प्राय सवै भूभागमा जोड्ने प्रमुख राजमार्ग पृथ्वी राजमार्ग रहेकाले यस गाउँपाालिकाको क्षेत्रभित्र रहेको करिव १ कि.मि.आसपासमा रहेका मुख्य मुख्य बस्ती र राजमार्गको दुवैतर्फ रहेका साना ठूला रिसोर्ट र होटल, पसल र रेष्टुरेन्टको सेवा र सुविधालाई व्यवस्थित, आधुनिक र गुणस्तरीय बनाई आन्तरिक तथा बाह्य पर्यटकहरुको खर्चको बढोत्तरी र बसाईलाई लम्ब्याइ आय आर्जनमा विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

### ख. समस्या तथा चूनौती

यस गाउँपालिकाको देशकै महत्वपूर्ण पर्यटकीय स्थलहरु रहेको भएता पनि यी पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्साकंन, संरक्षण र व्यवस्थापन हुन सकिरहेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदालाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट खाँका सहितको योजना छैन । पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा सूचना र प्रचार प्रसारको कमी रहेको छ । संघीय शासन प्रणाली अनुसार अन्तर सरकार वन, वातावरण र पर्यटन विकाससँग सम्बन्धित नीति, ऐन, नियम र कार्यविधिमा सामञ्जस्यताको कमीको कारण यस गाउँपालिकामा पर्यटन विकासले अपेक्षाकृत गति लिन सकेको छैन ।

बागमती प्रदेशको प्रथम आवधिक योजनाको दीर्घकालिन सोच **"पर्यटन आयमा वृद्धि; रोजगारी र समृद्धि"** तथा **"पर्यटन सेवा र गन्तव्यको विविधिकरण गर्ने"** लक्ष्यलाई समेत पुरा गर्न इच्छाकामना गाउँपालिका क्षेत्रमा रहेको वातावरणीय, साँस्कृतिक परम्परागत तथा आधुनिक पर्यटकीय गन्तव्य, वस्तु, सेवाहरुको पहिचान, विकास, स्तरोन्नति, प्रचार प्रसारका साथै ती स्थानमा पुग्न सहजै पुग्ने वातावरणको सिर्जना गरी आन्तरिक तथा वाह्य पर्यटकहरुको आवागमनलाई वढोत्तरी गर्न भौगोलिक विकटता चुनौतिपूर्ण देखिन्छ ।

**ग. उद्देश्यः** सुन्दर, व्यवस्थित र आकर्षक पर्यटकीय पूर्वाधारको विकास भएको हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | व्यवस्थित पर्यटकीय स्थल | संख्या | ६ | १० | १२ | १४ | वस्तुस्थिति विवरण<br>पर्यटन बोर्डको प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | पर्यटन बोर्डसंग समन्वय तथा सहकार्य भएको हुनेछ । निजी क्षेत्रको समन्वय र सहकार्यमा पर्यटकीय पूर्वाधार तयार भएको हुनेछ ।<br>पर्यटन गुरुयोजना तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ । |
| २ | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | २ | ५ | ७ | १० | | |
| ३ | पर्यटकीय स्तरका होटेल तथा रेष्टुरेण्ट | संख्या | ३ | ५ | ७ | १० | | |
| ४ | कृषि पर्यटन संचालन स्थान | संख्या | ० | १ | ३ | ५ | | |
| ५ | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संख्या | ६ | ८ | ११ | १४ | | |

### ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटकीय स्थल, स्रोत र सम्पदाको पहिचान नक्साङ्कन, विकास र प्रवर्धन गर्ने । | १. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिबृद्धि लगायतका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ ।<br>२. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरु संचालन गरिनेछ ।<br>४. सिराइचुली, लामो झरना, उपरदाङगढी, इच्छाकामना मन्दिर आदि स्थानमा पर्यटक जाने पथ मार्ग निर्माण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने । | १. कृषि तथा पशुपालन पकेट क्षेत्रमा जलाशय पार्क, कफि, बगान, माछा फर्म जस्ता एकीकृत कृषि फर्म र होमस्टे लगायत कृषि पर्यटनको विकास र विस्तार गरिनेछ ।<br>२. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक, साहसिक खेल, कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ ।<br>३. भ्यू टावर निर्माण गरी पर्यटकलाई थप सेवा दिइनेछ ।<br>४. पर्यटन विकास र विस्तार कार्यलाई सम्पदाको संरक्षण सम्बर्द्धनसँग एकीकृत गरी संचालन गरिनेछ ।<br>५. सिराइचुली, लामो झरना, उपरदाङगढी, इच्छाकामना मन्दिर परिक्रमा हुने गरी प्रमुख पर्यटकीय स्थललाई जोडेर पदमार्ग तथा साइकल मार्गको विकास गरिनेछ ।<br>६. निजी क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य अन्य पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार लगायत सेवासुविधासँग एकीकृत गरी साहसिक पर्यटन विकास गरिनेछ ।<br>७. लामो झरनामा बेलिबृज तथा आवश्यक संरचना बनाई साहसिक पर्यटन विकास गरिनेछ ।<br>८. हाल संचालनमा आएको र्‍याफ्टिङलाई अझै प्रचारप्रसार गरी व्यवस्थित गरिनेछ । |
| पर्यापर्यटनको विकास र विस्तार गर्ने । | १. सामुदायिक वन समूह, स्थानीय समुदायसँग सहकार्य गरी पर्यापर्यटन विकास र विस्तार गरिनेछ ।<br>२. वन, जलश्रोत र जैविक विविधताको संरक्षण गरी पर्यापर्यटनको प्रवर्द्धन र विस्तार गरिनेछ ।<br>३. पर्यापर्यटन विकास र प्रवर्द्धनको लागि पालिकास्तरीय व्यवस्थापन समितिसँग समन्वय र सहकार्य गरिनेछ । |
| पर्यटनको विकासको माध्यमद्वारा दिगो रोजगारी सिर्जना र आय वृद्धी गर्ने । | १. पर्यटन विकास विशेष गरी पर्यापर्यटन, कृषि पर्यटन र साहसिक पर्यटनद्वारा युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय बृद्धि गरिनेछ ।<br>२. कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम संचालन गरिनेछ ।<br>३. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुर्‍याउन विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदायलाई प्राथमिकता दिई संचालन गरिनेछ ।<br>४. कृषि पर्यटन र सरसफाइ र आयआर्जनलाई जोड्दै पर्यावरणीय सरसफाइको माध्यमबाट चक्रिय अर्थनीतिको अवलम्बन गरिनेछ । |

## ङ. प्रमुख कार्यक्रम

- कृषि पर्यटन कार्यक्रम
- ग्रामीण पर्यटन विकास कार्यक्रम
- पर्यटन सुविधा सम्बन्धी सालबसाली कार्यक्रम
- वाटर पार्क, बाल उद्यान पार्क, फन पार्क मनोरञ्जनात्मक स्थल

- मनोरम पोखरी निर्माण
- इच्छाकामना पर्यटकिय क्षेत्र निमार्णमा सयोजन र सहयोग कार्यक्रम ट्रेकिङ रुट समेत

### ५.४ उद्योग र व्यापार

बाग्मती प्रदेशको आवधिक योजनाले उद्योग व्यापारको क्षेत्रमा "औद्योगिक उत्पादनको अभिवृद्धि, प्रदेशको समृद्धि" दीर्घकालिन सोंच र "औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा कृषिको औद्योगिकरण, औद्योगिक रोजगारको सृजना, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनामा सहयोग पुगी समृद्धिको आधार तयार हुने" लक्ष्य लिएको छ । यसका साथै वाणिज्य तथा आपूर्ति क्षेत्रमा "वाणिज्य क्षेत्रको विस्तार र सहज आपूर्ति" दीर्घकालिन सोच र "प्रदेशको व्यापार प्रवर्द्धन तथा आपूर्ति व्यवस्था सुदृढ गर्ने" लक्ष्य लिएर अघि बढेको छ । यसको सेरोफेरोमा रहेर यस गाउँपालिकाको उद्योग र व्यापार क्षेत्रको संभावना, अवसर र विद्यमान अवस्थाको विश्लेषण गरिएको छ ।

**क. संभावना, अवसर र विद्यमान अवस्था**

इच्छाकामना गाउँपालिका, औद्योगिक विकासको लागि नेपालको संघीय राजधानी काठमाण्डौको एक संभाव्य विस्तारित क्षेत्रको रुपमा रहेको छ । गाउँपालिका क्षेत्रमा यातायात पूर्वाधारका साथै उर्जाको पहुँच रहेको छ । यस गाउँपालिकामा हाल एउटा चिज उद्योग, एउटा ईट्टा उद्योग, २८ वटा साना फर्निचर उद्योग, ५६ वटा विभिन्न क्षेत्रका घरेलु उद्योग, २ वटा ह्याचरी र ३३ वटा कुखुरा फार्म संचालनमा रहेका छन् । राष्ट्रिय आर्थिक सर्वेक्षण अनुसार यस गाउँपालिकामा ३५२ व्यवसाय संचालनमा रहेका छन् र यसमा १,१७५ रोजगार रहेको देखिन्छ, जसमा महिलाको अनुपात ४६.५ प्रतिशत रहेको छ । करिब २०० जना व्यक्तिले उद्यम सिर्जना र विकास तथा उद्यमशीलता सम्बन्धी तालिम प्राप्त गरेका छन् । गाउँपालिकामा विशेष गरी कृषि, पशु, माछा र जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको संभावना रहेको छ । कृषि, पशुपंक्षी, माछा, जडिबुटी उत्पादनको लागि आवश्यक प्रविधि, सामग्री र वस्तु सेवा र स्थानीय उत्पादन बजारीकरण सम्बन्धी व्यापार व्यवसायमा पनि क्रमिक बृद्धि हुँदै गईरहेको छ ।

त्यसैगरी व्यापार व्यवसायका हिसाबले यस गाउँपालिकामा होटल व्यवसायी १७२, किराना पसल १४७, खाजा घर तथा चिया पसल १००, ठेक्का पट्टामा संलग्न ४१५ जना, तरकारी तथा फलफुल व्यवसायी ८१, माछा मासु पसल व्यवसायी २१, बंगुरपालन गर्ने २५, टेर्लस ९७, राईस मिल १५, फेन्सी व्यवसायी ४०, क्लिनिक व्यवसायी ६, मदिरा व्यवसायी २०, इलेक्ट्रोनिक व्यवसायी १७, भाँडा व्यवसायी १६, सुनचाँदी व्यवसायी ९, फोटो स्टुडियो ९, घडि रेडियो टिभि मर्मत ११, जुत्ता पसल ५, सि डी पसल ४, चस्मा पसल ४, पाउ भण्डार २, पुस्तक व्यवसायी तथा फोटोकपि २, ग्याँस डिलर १, हेयर सैलुन ११, पेट्रोल पम्प ११, फर्निचर ८, ट्युसन सेन्टर २, आर्ट व्यवसायी १, निर्माण व्यवसायी २, क्याटरिङ्ग १,मसला उद्योग १, सिसा पसल १, मलविउ उत्पादक १, पस्मीना पसल ३, हाउजीङ्ग १, अटो वर्कसप ३, कार्पेट पसल १, मनि ट्रान्सफर १, सहकारी १, बैंक ६, भेटनरि ३, पुल हाउस १, वाल मनोरञ्जन स्थल १ र अन्य उद्योग ५ वटा रहेका छन् ।

**ख. समस्या तथा चूनौती**

यस गाउँपालिकामा औद्योगिक विकासको संभावनाका बाबजुद औधोगिक ज्ञान, सीप र अनुभवमा कमी रहेको छ । यहाँको उद्यम र व्यवसाय निर्वाहमुखी उत्पादन र व्यापारभन्दामाथि उठ्न सकेको छैन । औद्योगिक क्षेत्रको निर्धारण, उद्यमशिलता विकास, ठूला औद्योगिक प्रतिष्ठान र उद्योगपतिसँगको संचार र छलफलमा कमी रहेको छ । उद्योग सिर्जना र विकासको लागि वैकिङ्ग तथा वित्तिय सेवाको कमी रहेको छ । स्थानीय समुदायमा औद्योगिक चेतनाको कमी रहेको पाइन्छ ।

**ग. उद्देश्यः** उत्पादन तथा औद्योगिक एवं व्यवसायिक स्तरमा वृद्धि भएको हुनेछ ।

## घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १. | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | प्रतिशत | १६.५६ | १८ | २१ | २५ | वस्तुस्थिति विवरण | औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरूको स्थापना, र प्रवर्द्धन हुनेछ ।<br>निजी क्षेत्रको लगानीमा वृद्धि हुनेछ । |
| २. | चालु उद्योग | संख्या | ५ | ८ | १२ | १५ | | |
| ३. | उद्योग तथा व्यवसायमा संलग्न | संख्या | ११४९ | १२२५ | १३५० | १५१० | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने । | १. कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालन गरिनेछ ।<br>२. युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ ।<br>३. स्थानीय समुदायलाई उद्योगकोलागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गर्ने ।<br>४. स्थानीय उत्पादनको संकलन र प्रशोधनका आधारित उद्योगको स्थापनामा जोड दिने । |
| औद्योगिक विकासको आधार तयार गर्ने । | १. नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकाको उपयुक्त क्षेत्रमा औद्योगिक ग्राम स्थापना गरी औद्योगिक विकासको ठोस आधार तयार गरिनेछ ।<br>२. उद्योग संचालनको लागि काठमाण्डौका औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारीसंग सम्पर्क र संचार गरिनेछ ।<br>३. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक विकासकोलागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गरिनेछ । |

## च. प्रमुख कार्यक्रम

- उद्योगको संभाव्यता अध्ययन
- कृषि र पशुपंक्षी प्रशोधन उद्योग स्थापना र संचालन गर्ने
- दक्ष जनशक्ति उत्पादन कार्यक्रम
- ग्रामिण औद्योगिक क्षेत्र स्थापना

- निजी क्षेत्रसंग साझेदारीमा उद्योग स्थापना गर्ने

## ५.५ वैंक, सहकारी र वित्तिय सेवा

सहकारी क्षेत्र "लक्ष्य-स्थानीय जनताको श्रम, सिप, पूँजी तथा स्रोतलाई सामुहिक हितका लागि सङ्गठित रूपमा परिचालन गरी आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र समन्यायिक बिकासको आधारशिला तयार गर्ने" लक्ष्य लिएको छ । यस लक्ष्यसंग तादाम्यता हुने गरी यस गाउँपालिकाको बैंक, सहकारी र वित्तिय संस्थाको संभावना, अवसर र विद्यमान अवस्थाको विश्लेषण गरिएको छ ।

### क. संभावना, अवसर र विद्यमान अवस्था

वित्तिय पहुँच तथा सेवाको लागि गाउँपालिकामा हालसम्म लुम्बिनी विकास बैंक, गरीमा विकास बैंक, गण्डकी विकास बैंक, माछापुच्छे बैंक, ग्लोबल आई.एम.ई र प्रभु बैंक गरी ६ वटा वैंकका शाखाहरु, २ लघु वित्त संस्था तथा ३२ वटा सहकारीले सेवा दिइरहेका छन् । इच्छाकामना गाउँपालिकामा ८० भन्दा बढि वचत समूह र ६० भन्दा बढि आमा समूहद्वारा वचत तथा ऋणको कारोवार हुने गरेको छ । त्यसैगरी यस गाउँपालिकामा बिभिन्न सामुदायिक संस्थाहरु टोल विकास संस्था, वन समूह, किसान समूह, बाख्रा पालन समूह, दिगो समिति संस्था लगायत संस्थाहरु क्रियाशिल छन् ।

### ख. समस्या तथा चूनौती

संघीय राजधानीसँग सिधा सम्पर्कमा रहेको र सडक लगायत पूर्वाधारको विकास भएता पनि गाउँपालिकामा संभाव्य स्थानीय व्यक्ति र समुदायमा औद्योगिक सचेतना, चाहना र माग तथा चासो, आर्थिक क्रियाकलापमा कमीको कारण वैंक तथा वित्तिय संस्थाको सेवा विस्तार अपेक्षाकृत रुपमा हुनसकेको छैन । स्थानीय सहकारी संस्था र सदस्यहरुमा पनि उद्यमशिलताको ज्ञान, सीप र अनुभवको कमीको कारण यसको विकास र विस्तार गति न्यून रहेको छ ।

**ग. उद्देश्यः** गाउँपालिकावासी सवैको बैंक तथा वित्तिय सेवाको सहज पहुँच पुगेको हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १. | सहकारी संस्थाबाट ऋण लिने घरपरिवार | प्रतिशत | ३० | ३५ | ४० | ५० | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन<br>राष्ट्र बैंकको प्रतिवेदन | दुर्गम वस्तीहरूमा वित्तिय पहुँच पुगेको हुनेछ ।<br>बैक तथा वित्तिय सेवा सबै वडा तहसम्म विस्तार भएको हुनेछ । |
| २. | कृषक समूहबाट ऋण लिने घरपरिवार | प्रतिशत | ५ | ६ | १५ | २० | | |
| ३. | सेवा सुचारु वैक शाखा | संख्या | ६ | ८ | १० | १२ | | |
| ४. | सेवा सुचारु सहकारी संख्या | संख्या | ३२ | ३० | २८ | २० | | |

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा (आ.व. ०७६/७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | | | | | | | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सहकारी संस्थाको माध्यमबाट बचत गर्न प्रोत्साहन र आकर्षण गर्ने | १. सबै वडामा बैङ्क स्थापना गरिनेछ । <br> २. वित्तिय संस्थाहरूको पहुँच वृद्धि गरी साना बचत तथा ऋण परिचालन, उद्यमशिलताको विकासका जोड दिइनेछ । <br> ३. हरेक नागरिकको अनुत्पादक खर्चलाई निरुत्साहित गरी बचत गर्न अभिप्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । <br> ४. सहकारी तथा सामुदायिक संस्था मार्फत न्यून आय भएका घरपरिवारलाई बचत गर्न अभिप्रेरित गरिनेछ । <br> ५. दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउन सहकारी संघ संस्थालाई अभिप्रेरित गरिनेछ । |

## च. प्रमुख कार्यक्रम

- वित्तिय सेवा कार्यक्रम विस्तार (जैविक उत्पादन, प्रसोधन र बजारीकरणका लागि)
- सहकारी क्षमता विकास कार्यक्रम
- बैदेशिक रोजगारीवाट फर्केका युवामा पुँजी परिचालन कार्यक्रम
- कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय तथा वेरोजगार उद्यमशिलता विकास कार्यक्रम
- जैविक उत्पादन, प्रसोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम
- सहकारी संस्थाको मासिक प्रगतिको अभिलेख

# परिच्छेद छ : सामाजिक क्षेत्र विकास

वर्तमान संविधानले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । बाग्मती प्रदेशले "सामाजिक आर्थिक रूपान्तरणको लागि गुणस्तरीय शिक्षा र दक्ष जनशक्ति" दीर्घकालिन सोंच र "प्रतिस्पर्धी, उद्यमशील र नव प्रवर्तनशील मानव पूजीँको निर्माण गरी प्रदेशको समृद्धिको आधार तयार गर्ने" भन्ने लक्ष्य तय गरी आवधिक योजना तयार पारी अघि बढेको छ । यसको सेरोफेरोमा रहेर यस गाउँपालिकाको सामाजिक विकास क्षेत्रको संभावना, अवसर र विद्यमान अवस्थाको विश्लेषण गरिएको छ ।

माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडि परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरू तयार भई सकेका छन् । स्थानीय सरकारले समृद्धिलाई सामाजिक विकासको लागि गुणस्तरीय जीवनयापनलाई आधार मानी संघ र प्रदेश सरकार तथा विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा अर्थपूर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले **दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य-३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ पानी तथा सरसफाई)** संग सम्बन्धित छ । यस गाउँपालिकाको समृद्धि गर्न सक्षम जनशक्ति उत्पादन र यथोचित अवसरहरू उपलब्ध गराउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा विकास गर्न गुणस्तरीय शिक्षा र स्वास्थ्य, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्ति, सुसस्कृत एवं समतामूलक समाज निर्माण गर्ने विषयगत उद्देश्य राखेको छ ।

## ६.१ शिक्षा तथा सीप विकास

### क. संभावना, अवसर र विद्यमान अवस्था

नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ । वर्तमान १५ औं राष्ट्रिय योजनाको आधारपत्रमा उपरोक्त विषयलाई समेत उच्च प्राथमिकतामा राखेको छ ।

इच्छाकामना गाउँपालिका ऐतिहासिक धार्मिक, साँस्कृतिक, प्राकृतिक र शैक्षिक रुपले सुपरिचित क्षेत्र हो । यस गाउँपालिकाको साक्षरता ९०.६९ (गापा प्रोफाइल) प्रतिशत रहेको छ । सर्वशान्ति क्याम्पस, दारेचोक कुरिनटारमा स्नातक तहसम्म पढाई हुने गर्दछ । सामुदायिक विद्यालय तर्फ ५१ वटा विद्यालयहरु जसमा संस्थागत तर्फ ५ वटा विद्यालयहरु संचालनमा छन् ।

### ख. समस्या तथा चुनौती

शैक्षिक क्षेत्रमा आधारभूत, माध्यमिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा विविध समस्या र चुनौतिहरु विद्यमान रहेका छन् । अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात मिलेको छैन भने विद्यार्थी संख्या न्यून र भौगोलिक दुरी समेतलाई मध्यनजर गर्दा ११ वटा विद्यालय मर्ज गर्नुपर्ने अवस्थामा रहेका छन् । सडक निर्माणका कारण ४ वटा विद्यालयहरु पहिरोको जोखिममा रहेका छन् । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपाङ्गमैत्री पुर्वाधारको व्यवस्था नभएका कारण वालमैत्री विद्यालय हुन सकेको छैन । शैक्षिक अवस्थाको सम्बन्धमा अविभावकको चासो यथोचित नभएका कारण विद्यार्थीमा शिक्षा प्रतिको धारणा गलत हुने र अनुशासित नहुने अवस्था समेत कहीँ कतै देखिन्छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक बीच सुझबुझ तथा समझदारी

निर्माणमा कठिनाइ र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरण सुमधुर हुन सकेको छैन । कतिपय विद्यालयमा विद्यार्थी संख्या बढी तर विषयगत शिक्षक तथा शिक्षक दरवन्दी कम भएको कारण शिक्षण सिकाइमा प्रतिकुलता देखिएको छ । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षक र सुचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परेको देखिन्छ ।

**ग.उद्देश्य:** प्राविधिक तथा माध्यमिक तह सम्मको शिक्षामा पहुँच तथा गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

**घ. सूचक तथा लक्ष परिमाण**

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १. | साक्षरता दर | प्रतिशत | ९०.६९ | ९२ | ९३ | ९५ | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>शिक्षा शाखाको प्रगति/अनुगमन प्रतिवेदन<br>विद्यालय सुधार योजना प्रतिवेदन<br>दिगो विकास लक्ष्य | शिक्षक अभिभावक तथा विद्यालय सञ्चालक समिति बीच समन्वय तथा सहकार्य भएको हुनेछ ।<br>विद्यालय सुधार योजना वार्षिक रुपमा तयार भई प्रभावकारी रुपमा कार्यान्वियनमा आएको हुनेछ ।<br>सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानीमा प्राविधिक विद्यालयको |
| २. | प्रौढ निरक्षरता दर | प्रतिशत | १२ | १० | ५ | २ | | |
| ३. | शिक्षक विद्यार्थी अनुपात आधारभुत (१–५) | अनुपात | ३० | ३० | ३० | ३० | | |
| ४. | शिक्षक विद्यार्थी अनुपात मा.वि. (९–१२) | अनुपात | ५६ | ५० | ४० | ४० | | |
| ५. | शिक्षक विद्यार्थी अनुपात बालबिकास केन्द्र | अनुपात | ३० | २५ | २० | २० | | |
| ६. | कुल भर्ना दर (बालबिकास) | प्रतिशत | ६५ | ७५ | ८० | ९५ | | |
| ७. | आधारभुत तह खुद भर्ना दर | प्रतिशत | ९४.७ | ९७ | ९८ | ९९.६ | | |
| ८. | खुद भर्ना दर .(९–१२) बाग्मती प्रदेश | प्रतिशत | ५१ | ६० | ७० | ८० | | |
| ९. | उच्च शिक्षामा कुल भर्ना दर (नेपालको) | प्रतिशत | २२.७ | २४ | २४ | २५ | | |
| १०. | विद्यालयबाट वञ्चित बालबालिका | प्रतिशत | ७ | ५ | ३ | १ | | |
| ११. | बालमैत्री पूर्वाधार (पर्खाल, कक्षा कोठा, र खेल मैदान) भएका विद्यालय | संख्या | ३० | ३५ | ४५ | ४५ | | |

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १२. | लैगिक मैत्री शौचालय भएका विद्यालय | संख्या | ४१ | ४५ | ४८ | ५१ | | स्थापना भएको हुनेछ। |
| १३. | कम्प्युटर, इन्टरनेट र सुचना प्रविधियुक्त सुविधा उपलब्ध विद्यालय | संख्या | २ | ५ | १० | १५ | | विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि यथोचित बजेटको विनियोजन तथा अनुगमन मुल्याङ्कन प्रभावकारी हुनेछ। |
| १४. | मा.वि.मा विद्युतिय उपकरण (ई.हाजिरी, मनिटर आदी) जडान भएका विद्यालय | संख्या | ७ | १० | १२ | २० | | |
| १५. | विद्युतिय पुस्तक,मार्ट बोर्ड वितरण | संख्या | ० | १ | २ | ४ | | |
| १६. | विद्यालयमा सेनेटरी प्याडको व्यवस्था | संख्या | १२ | १५ | २० | २५ | | |
| १७. | विद्यालयमा वि.व्य.स. गठन | संख्या | ३० | ५१ | ५१ | ५१ | | |
| १८. | विज्ञान प्रयोगशाला भएका | संख्या | ५ | ६ | ७ | ११ | | |
| १९. | प्राविधिक विद्यालय | संख्या | १ | १ | २ | ३ | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आत्मनिर्भर तथा अनुशासित जनशक्ति उत्पादन गर्ने। | १. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालवालिकालाई विद्यालयमा ल्याउने प्रयासलाई निरन्तरता दिइनेछ।<br>२. तरकारी खेती, माछापालन र कृषि नर्सरीको अभ्यासलाई स्थानीय पाठ्यक्रममा आवद्ध गरी विद्यालय नजिकको जमिनलाई भाडामा लिई माध्यमिक तहका विद्यार्थीलाई कृषि प्राविधिक र अगुवा कृषक मार्फत अभ्यास गराइनेछ।<br>३. अभ्यास केन्द्रमा उत्पादित वस्तुलाई बजारीकरणको सुनिश्चित गरी विद्यार्थीको आय आर्जनका अवसर सृजना गरिनेछ।<br>४. सम्भावना अध्ययनबाट कृषि तथा पशुसम्बन्धी प्राविधिक धार सञ्चालनका लागि उपयुक्त स्थलको तय गरिनेछ। |
| मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयागी ज्ञान र सीपमा आधारित पाठ्क्रम मार्फत पुर्व प्राथमिक | १. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि संघीय तथा प्रदेश सरकारसँग लागत साझेदारी गरिनेछ।<br>२. योग्य सहजकर्ता तथा शिक्षकबाट बालविकास केन्द्र तथा विद्यालय शिक्षा मा योगदानको |

| रणनीति | कार्यनीति |
|---|---|
| तह देखि माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने । | व्यवस्था मिलाइने छ ।<br>३. नतिजामा आधारित विद्यालय सुधार कार्ययोजना कार्यान्वयनमा ल्याइने छ ।<br>४. शिक्षण सिकाइमा टेवा पुऱ्याउने डिजिटल पाठ्यसामाग्रीको विकास गरिनेछ ।<br>५. सम्भावना अध्ययनबाट कृषि तथा पशुसम्बन्धी प्राविधिकधार सञ्चालनका लागि उपयुक्त स्थलको तय गरिनेछ ।<br>६. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालवालिकालाई विद्यालयमा ल्याउने प्रयासलाई निरन्तरता दिइनेछ ।<br>७. एक वर्ष अवधिको प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी अनिवार्य गरिनेछ । |

### च. प्रमुख कार्यक्रम

- प्राविधिक कलेजको स्थापना
- विद्यालयमा व्यवहारिक कृषि अभ्यास कार्यक्रम
- व्यवसायिक तालिम संचालन
- सुचना प्रविधि विस्तार कार्यक्रम
- परीक्षा सञ्चालनका लागि मेघा हलको स्थापना
- लाइब्रेरी सञ्चालन
- विद्यालय पक्की भवन निर्माण
- दिवा खाजा कार्यक्रम
- विज्ञान प्रयोगशाला विस्तार कार्यक्रम
- निशुल्क स्यानीटरी प्याडको व्यवस्था
- विद्यालयहरुमा सि.सि.टि.भी जडान
- स्मार्ट क्लासबाट कक्षा संचालन
- विधुतीय हाजीरी कार्यन्वयन

## ६.२ स्वास्थ्य तथा पोषण

दिगो विकास लक्ष्यहरू अन्तर्गत सन् २०३० सम्ममा विश्वव्यापी मातृमृत्यु दरलाई ७० (प्रत्येक एकलाख जीवित जन्ममा) भन्दा कम गर्ने, नवजात शिशुहरू र पाँचवर्ष मुनिका बालबालिकाहरूको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने, पानीजन्य रोगहरू एवं अन्य सरुवा रोगहरू नियन्त्रण गर्ने, यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने जस्ता परिणात्मक लक्ष्यहरू प्रस्ताव गरिएको छ । स्वास्थ्य क्षेत्रमा बाग्मती प्रदेशले “स्वस्थ नागरिक, गुणस्तरीय जीवनयापन” दीर्घकालिन सोच र “स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गरी जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध भएको हुने” लक्ष्य किटान गरी आवधिक योजना तर्जुमा गरी अघि बढेको छ । यसका लक्ष्य तथा दीर्घकालिन सोंचसंग तादाम्यता हुने

**पृथ्वी हाइवे क्राइसिस म्यानेजमेन्ट ट्रमा सेन्टर**

कुरिनटार स्थित सशस्त्र प्रहरीको विपद् व्यवस्थापन तालिम केन्द्रको रुपमा बनेको ट्रमा सेन्टरलाई ‘पृथ्वी हाइवे क्राइसिस म्यानेजमेन्ट ट्रमा सेन्टर’ नाम दिइएको छ । उक्त ट्रमा सेन्टर २५ शैया क्षमताको रहेको छ । निर्माण सम्पन्न भएपछि सशस्त्र प्रहरीलाई हस्तान्तरण गरिएको र केही अमेरिकी चिकित्सक र शसस्त्र प्रहरीका चिकित्सकहरुले संयुक्त सेवा प्रदान गर्ने गरिएको छ । राजमार्ग क्षेत्रमा हुने दुर्घटना पछिको आपलकालिन सेवा समेतको लागि अति उपयागि सावित हुनेछ ।

गरी यस क्षेत्रको संभावना, अवसर र विद्यमान अवस्थाको विश्लेषण गरिएको छ।

### क. संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिका क्षेत्रमा ८ वटा स्वास्थ्य चौकी, ३ वटा ग्रामीण सामुदायिक स्वास्थ्य इकाई, ५ वटा टि.बी. उपचार केन्द्र, ६ वटा पोलिक्लिनिक, ३ वटा फार्मेसी, ७ वटा प्रसुति/वर्थिङ सेन्टरबाट आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराइ रहेका छन्। स्वास्थ्य क्षेत्रमा ८ जना हेल्थ असिस्टेन्ट, १६ जना अहेव, १७ जना अनमि र २ जना ल्याव टेक्निसिएन कार्यरत रहेको देखिन्छ भने ६८ जना महिला स्वास्थ्य स्वयंसेविका परिचालित छन्। वृद्धि अनुगमन गरिएका बालवालिकामा कुपोषण नरहेकोले पोषणको अवस्था सन्तोषजनक रहेको देखाउँछ। स्वास्थ्य र पोषण सम्बन्धी क्षेत्रमा क्रियाशिल गैससले महत्वपुर्ण सहयोग पुऱ्याउँदै आइरहेका छन्। स्वास्थ्य तथा पोषणको क्षेत्रमा जनचेतनामा वृद्धि क्रमश हुँदै गएको देखिन्छ।

### ख. समस्या तथा चूनौती

सामाजिक मान्यता लगायत पुर्वाधारको कमी, जनशक्तिको कमी र उच्च स्तरीय सेवामा सिमितताका कारण यस क्षेत्रमा स्वास्थ क्षेत्रमा विभिन्न खालका समस्या र चुनौति विद्यमान रहेका छन्। स्थानीयस्तरमा चिकित्सक/ विशेषज्ञ सेवाको उपलब्धता नभएका कारण काठमाण्डौंका स्वास्थ्य संस्थाहरुमा जानुपर्ने वाध्यता रहेको छ। स्थानीय स्तरमा नियमित स्वास्थ्य परीक्षण र गर्भ परीक्षण कम हुने गरेको छ। स्वास्थ्य चौकी र गाउँघर क्लिनिकमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा समाग्री र वर्थिङ्ग सेन्टरको कमी रहेको छ। विरामीलाई स्वास्थ्य संस्थामा समयमै लैजान आवश्यक संख्यामा एम्वुलेन्सको व्यवस्थापन हुन सकेको छैन। स्वास्थ्यकर्मीको नियमितता र प्रयाप्त औषधीको कमीले गर्दा उपलब्ध स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन। दुर्गम क्षेत्रमा अझै पनि घरमा सुत्केरी हुने अभ्यास कायम रहेको छ भने आम रुपमा रोग लुकाउने र परिवार नियोजनको साधनको उपयोगमा संकुचित धारणा रहने गरेको छ। बालबालिकाको नियमित तौल, अनुगमनमा ध्यान दिने गरिएको देखिदैन तसर्थ कुपोषित वालबालिकाको संख्या धेरै देखिन्छ। खानपानमा पौष्टिकताको ख्याल गर्ने आनिबानी, धुम्रपान र मद्यपानको कुलतका कारण स्वास्थ्यमा नकारात्मक प्रभाव परेको देखिन्छ। यहाँ स्वास्थ्य विमाको अभ्यास अत्यन्त न्युन रहेको छ।

**ग.उद्देश्य:** आधारभूत चिकित्सकिय स्वास्थ्य सेवामा सहज पहुँच तथा गुणस्तरीयता अभिवृद्धि भएको हुनेछ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | स्वास्थ्य सेवा भवन (मापदण्ड अनुसारको) | संख्या | ६ | ११ | १३ | १५ | वस्तुस्थिति विवरण<br>शिक्षा शाखाको सर्वेक्षण प्रतिवेदन | व्यवस्थित रुपमा तथ्याङ्क व्यवस्थापन भएको हुनेछ।<br>स्वास्थ्य क्षेत्रमा व्यवस्थित तथा |
| २ | चिकित्सकीय सेवाका लागि लाग्ने औसत समय | मिनट | ७५ | ६० | ४५ | ३० मिनट | | |

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| ३ | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | २२ | ३० | ४० | ७० | प्रगति/अनुगमन प्रतिवेदन<br>स्वास्थ्य सुधार तथा व्यवस्थापन योजनाको दस्तावेज | गुणस्तरीय सेवा प्रवाहमा संघ, प्रदेश र स्थानीय तह, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ<br>स्वास्थ्य तथा सरसफाईका कार्यक्रम एकिकृत रुपमा सञ्चालनमा आएको हुनेछ |
| ४ | एम्बुलेन्स सेवा | संख्या | ४ | ५ | ६ | ७ | | |
| ५ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | पटक | ३ | ४ | ५ | ७ | | |
| ६ | स्वास्थ्य कर्मीको संख्या | जना/१० हजारमा | १०.२८ | १२ | १३ | १५ | | |
| ७ | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | १८ | ३० | ४५ | ६० | | |
| ८ | घुम्ती स्वास्थ्य सेवा वा गाँउघर क्लिनिक | पटक | १२ | १५ | १८ | २० | | |
| ९ | पूर्ण स्तनपान | प्रतिशत | ७१ | ८० | ८५ | ९० | | |
| १० | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वडा र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ४ | ५ | ७ | ८ | | |
| ११ | पुरुषहरूको विवाह गर्ने औषत उमेर | वर्ष | १८ | २० | २१ | २१ | | |
| १२ | महिलाहरूको विवाह गर्ने औषत उमेर | वर्ष | १७ | २० | २० | २० | | |
| १३ | बालबालिकाको आर्थिक क्रियाकलाप दर | प्रतिशत | १० | ७ | ५ | १ | | |
| १४ | ५ वर्ष मूनिको बाल मृत्यु दर ( प्रति हजार जिवित जन्ममा) नेपालको | जना | ३९ | ३० | १५ | ४ | | |
| १५ | मातृ मृत्यु दर(प्रति लाख जिवित जन्ममा) नेपालको | जना | २३९ | २०० | १०० | ७० | | |

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १६ | पाँच वर्ष मूनिका कम तौल भएका बालबालिका (नेपालको) | प्रतिशत | ३६ | ३० | २३ | १५ | | |

### ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीयवासीको आधारभूत स्वास्थ्यमा पहुँच तथा गुणस्तरमा सुधार गर्ने । | १. घरदैलो मै प्रत्येक ६ महिनामा हरेक परिवारका सदस्यको आधारभूत स्वास्थ्य परिक्षण सेवा सहित स्वास्थ्य र पोषण सम्बन्धी परामर्श सेवा उपलब्ध गराउन स्वास्थ्यकर्मीको २ वटा टोलीलाई परिचालन गरिनेछ ।<br>२.स्वास्थ्य परिक्षणका आधारमा स्थानीयवासीको स्वास्थ्य अवस्था खुल्ने प्रोफाइल तयार गरी थप सुधारका लागि पहल गरिनेछ ।<br>३. घरदैलौ स्वास्थ्य सेवाको संचालन र नियमित गर्न स्वास्थ्य शाखा अन्तरगत रहने गरी २ जना एच ए र २ जना अहेव रहेको घरदैलो स्वास्थ्य इकाइ स्थापना गरिनेछ ।<br>४. हरेक वडामा कम्तिमा एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना गरिनेछ ।<br>५. नीति निर्माण र कार्यान्वयनमा तथ्यांकको प्रयोगलाई बढावा दिईनेछ ।<br>६. स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गर्दै लैजाने ।<br>७. ठूला हस्पिटल तथा मेडिकल कलेजको सहकार्य बढाइ सेवा बिस्तार, क्षमताबृद्धि तथा गुणस्तर बढाइनेछ । |
| स्थानीय उत्पादनमा आधारित पोषणको गुणस्तरमा अभिवृद्धि गर्ने । | १. जंकफुडको दुरुत्साहन र स्थानीय उत्पादनमा आधारित पोषणयुक्त सन्तुलित भोजनको सम्बन्धमा संचार माध्यम र सडक नाटक मार्फत सुसुचित गरिनेछ ।<br>२. पाँच वर्ष मुनिका बालवालिकालाई कम तौल हुन नदिन पोषण सुधारका गतिविधिलाई निरन्तरता दिइनेछ ।<br>३. बहुक्षेत्रिय पोषण योजनालाई समन्वय र साझेदारी मार्फत अभिवृद्धि गरिनेछ ।<br>४. विद्यालय तथा कलेजको निश्चित दुरी सम्ममा जंकफुड निषेध गरिनेछ । |

### च. प्रमुख कार्यक्रम

- सुरक्षित मातृत्व
- पूर्ण खोप
- जेष्ठ नागरिक स्वास्थ्य सेवामा सहयोग
- स्वास्थ्य चौकीहरुको स्तरोन्नती गर्ने
- सुनौला हजार दिन कार्यक्रमको निरन्तरता
- महामारी विरुद्ध अभियान संचालन
- कुपोषणको सुधार
- कडा कुपोषणको व्यवस्थापन केन्द्र (इत्म्र्)

- प्रजनन स्वास्थ्य (परिवार नियोजनका साधन प्रयोग गर्ने)
- पूर्ण स्तनपान
- सरुवा रोग (क्षयरोग रोगी पत्ता लगाउने)
- ग्रामिण स्वास्थ्य क्लिनिक / आधारभुत
- स्वास्थ्य सेवा केन्द्र, घुम्ती स्वास्थ्य सेवा
- स्वास्थ्य सेवा विस्तार कार्यक्रम
- प्रसुति सेवा विस्तार
- एम्बुलेन्स सेवा थप

## ६.३ खानेपानी तथा सरसफाई

### क. संभावना, अवसर र विद्यमान अवस्था

खानेपानी र सरसफाइका क्षेत्रमा यस गाउँपालिकामा पछिल्ला वर्षमा उल्लेखनिय सुधार देखिएको छ । करिव ७५ प्रतिशत घरमा खानेपानीका लागि धाराको पानी उपयोग हुने गरेको छ । इच्छाकामना गाउँपालिकामा जम्मा १४१ वटा खानेपानीका स्रोतहरु विद्यमान छन् । दक्षिणी क्षेत्रमा पानी मुहानहरुको पर्याप्त उपलब्धताले खानेपानीको उपयोगमा सहज तुल्याएको छ । यहाँ हालसम्म १२८ वटा स्रोतको प्रयोग गरिएको छ । जम्मा ५५७४ घरधुरी तथा ३५२२९ जनसंख्या खानेपानीबाट लाभान्वित भएका छन् । यस क्षेत्रमा सबै बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच वृद्धि गर्न एक घर एक धारा अभियान कार्यान्वयन गर्ने चरणमा रहेको छ । गाउँपालिकामा धाराको पानी खाने घरधुरी ४३९०, मुलको पानी खाने घरधुरी ५६, इनारको पानी खाने घरधुरी ८९, नदी खोलाको पानी खाने घरधुरी ८५ र अन्य श्रोतबाट खाने घरधुरी ५२ छन् । त्यसै गरी हाल सम्ममा करिब ८७ प्रतिशत घरमा प्यान भएको शौचालय निर्माण भईसकेको देखिन्छ भने १३ प्रतिशत घरमा अस्थायी शौचालय भएको देखिन्छ । गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषणा भईसकेकोले पूर्ण सरसफाइका अभ्यासहरु हुँदै गरेका छन् । खानेपानी र सरसफाइको क्षेत्रमा सरकारी तथा गैरसरकारी क्षेत्रको सहयोग रहेको देखिन्छ । हालको अवस्था हेर्दा यहाँका जनतामा स्वच्छ खानेपानी र सरसफाइ सम्बन्धी चेतनामा क्रमशः बृद्धि हुँदै गएको देखिन्छ ।

### ख. समस्या तथा चूनौती

यस गाउँपालिकामा स्वास्थ्य तथा सरसफाइको क्षेत्रमा सुधारका बावजुद स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन सकेको देखिदैन । खुला दिशा मुक्त भए पनि पूर्ण कार्यान्वयनमा कमी रहेको छ भने घरायसी पक्की शौचालयको व्यवस्था अझै १३ प्रतिशत धरधुरीमा छैन । खानेपानीका लागि उत्तरी क्षेत्रमा पानीको मुहान कमी रहेकोले स्वच्छ खानेपानीमा पहुँच पुऱ्याउन अप्ठ्यारो भएको छ । त्रिशुली नदीबाट लिफ्टिङ प्रविधिको मद्दतले खानेपानी व्यवस्था गर्नुपर्ने देखिन्छ । सञ्चालित खानेपानी आयोजनाको स्वच्छता र दिगोपन कम रहेका कारण पुनः लगानी गर्नुपर्ने अवस्था रहेको छ । सार्वजनिक स्थल तथा निजी घरमा फोहोर मैलाको व्यवस्थापन हुन सकेको छैन । गाउँपालिकाको फोहोर व्यवस्थापन, वडा नं. ३, ४ र ५ मा शुरुआत भएको भएता पनि समग्रमा राम्रोसँग हुन सकेको छैन ।

**ग.उद्देश्यः** खानेपानी तथा सरसफाई सेवामा सहज पहुँच तथा गुणस्तरीयता वृद्धि भएको हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|
| | सूचक | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | पुष्ट्याईका आधारहरू | |

| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभुत सुविधा ( खानेपानी, शौचालय, वर्थिङ्ग वडा र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ४ | ५ | ७ | ८ | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन<br>स्वास्थ्य सुधार तथा व्यवस्थापन योजनाको दस्तावेज | खानेपानी तथा सरसफाई क्षेत्रमा व्यवस्थित तथा गुणस्तरीय सेवा प्रवाहमा संघ, प्रदेश र स्थानीय तह, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ<br>व्यवस्थित रुपमा तथ्याङ्क व्यवस्थापन भएको हुनेछ । |
| | पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८३.९८ | ८५ | ९० | १०० | | |
| | उपचार गरिएको/सुरक्षित खानेपानी सुविधा उपयोग गर्ने जनसंख्या | प्रतिशत | ६.७ | ८ | १२ | १५ | | |
| | सार्वजनिक शौचालय | संख्या | १२ | १५ | १८ | २० | | |
| | शौचालय नभएका घरहरु | संख्या | ६९० | ४०० | २०० | ९० | | |

### ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभुत खानेपानी तथा सरसफाइ सेवाबाट बञ्चित रहेका समुदायलाई खानेपानी तथा सरसफाई सेवा पु¥याउने । | १. आधारभुत खानेपानी तथा सरसफाइ सेवाबाट बञ्चित रहेका समुदायको पहिचान तथा नक्सांकन गरिनेछ ।<br>२. एक घर एक धाराको अवधारण अनुरुप खानेपानी आयोजना निर्माण गरिनेछ ।<br>३. सबै घरपरिवारमा स्वच्छ शौचालय, स्वच्छ खानेपानी, फोहोर व्यवस्थापन र व्यक्तिगत सरसफाइका अभ्यासलाई प्रभावकारी गराइनेछ । |
| खानेपानी तथा सरसफाइका सुदृढ अभ्यासलाई दीगो तथा संस्थागत गर्ने । | १. हरेक परिवारमा सुरक्षित खानेपानी, व्यक्तिगत सरसफाइ, शौचालयको प्रयोग, प्लास्टिक सामाग्रीको उपयोग दुरुस्साहन र फोहोरको व्यवस्थापनलाई व्यवस्थित गर्न टोलस्तरमा आफ्नै कोष रहने खानेपानी तथा सरसफाइ समिति गठन गरी कार्यान्वयन र दिगोपनाको सुनिश्चितता गरिनेछ ।<br>२. सुरक्षित खानेपानीको उपयोग र सरसफाइको क्षेत्रमा कृयाशिल टोलस्तरीय समितिलाई आवश्यक सीप तथा सामाग्री उपलब्ध गरिनेछ ।<br>३. खानेपानी र सरसफाइको क्षेत्रमा अन्य स्थानका सफल अनुभवलाई अनुसरण गर्न सरसफाइको क्षेत्रमा उत्कृष्ठ ठहरिएको समितिलाई अध्ययन भ्रमणको व्यवस्था मिलाइने छ ।<br>४. खानेपानीको गुणस्तर परिक्षण र सुधारका लागि आवश्यक कार्य सञ्चालन गरिनेछ ।<br>५. फोहर संकलन केन्द्रलाई बिस्तार गरी सबै वडामा व्यवस्थित बनाउँदै लगिनेछ । |

### च. प्रमुख कार्यक्रम

- ढल व्यवस्थापन तथा सरसफाई
- हेल्थपोष्ट भवन निर्माण कार्यक्रम

- खानेपानी सुविधा विस्तार कार्यक्रम
- लिफ्टिङ खानेपानी आयोजना
- सामुदायिक विद्यालयहरुमा शुद्ध खानेपानीको व्यवस्था गर्ने
- फोहरमैला व्यवस्थापन प्लान्ट विस्तार कार्यक्रम

### ६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

बाग्मती प्रदेशको "सुरक्षित संरचना र सामाजिक न्याय भन्ने दीर्घकालिन सोच" तय गरी सोही अनुसार कार्यक्रम तय गरी अघि बढेको छ । यस प्रदेशले "महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा वञ्चीतिकरणमा परेका समूहको अर्थपूर्ण सहभागिता, आर्थिक समानता, समृद्धि, सामाजिक न्याय र सामाजिक सुरक्षा कायम भै सवै प्रकारको हिंसा, शोषण तथा दुर्व्यवहारबाट मुक्त लैङ्गिक एवम् सामाजिक विभेदको अन्त्य भएको हुने" भन्ने लक्ष्य लिएर अघि बढिरहेको छ । यस योजनाले प्रदेश सरकारले दीर्घकालिन सोच तथा लक्ष्यलाई समेत टेवा पुर्‍याउने गरि सवै प्रकारका हिंसा, शोषण र भेदवाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने उद्देश्य राखेको छ ।

#### क. संभावना, अवसर र विद्यमान अवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण र लक्षित वर्गको हितका सम्बन्धमा हालका दिनहरुमा कानुनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरुले केही सकारात्मक परिवर्तन देखा परेका छन् । यस क्षेत्रमा लक्षित वर्गमा अधिकार र अवसरका सम्बन्धमा चेतनाको वृद्धि हुँदै गएको छ । वडास्तरमा लक्षित वर्गको संजालहरु गठन र कृयाशिल रहेका छन् । गाउँपालिकास्तरमा महिला तथा बालबालिका शाखा स्थापना भइसकेको छ । लक्षित वर्गको हितमा कार्यक्रम सञ्चालन गर्ने गैसस कृयाशिल रहेको देखिन्छ ।

#### ख. समस्या तथा चूनौती

यस गाउँपालिकामा सामाजिक समावेशिकरणको क्षेत्रमा हालका दिनमा सकारात्मक परिवर्तनहरु देखिएता पनि यथोचित पहल र सुधार हुन सकेको देखिदैन । पालिकास्तरमा लक्षित वर्गको संरचनागत पूर्वाधारको कमी रहेको छ । अपांग, दलित, जेष्ठ नागरिक तथा महिला हेर्ने सकारात्मक दृष्टिकोणमा नभएका कारण हिंसाजन्य घटना हुने गरेको देखिन्छ । लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धि चेतनाको कमी रहेको छ । महिलामा बहुकार्य वोझको अवस्था हालसम्म पनि विद्यमान रहेको छ । लक्षित वर्गको तालिममा प्रभावकारी हुन नसक्दा आशातित सुधार हुन सकेको छैन । बाल विवाह, बालश्रम र चेलिवेटी बेच बिखन जस्ता सामाजिक अपराध पनि विद्यमान रहेका छन् । लक्षित वर्गमा आत्मनिर्भरता र आत्मविश्वासको कमी रहेका छ । सामाजिक सुरक्षा भत्ताको वितरण असजहताका कारण गुनासो व्यापक देखिएको छ ।

**ग. उद्देश्यः** सबै प्रकारका हिंसा, शोषण र भेदवाव अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने ।

#### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकामा निर्वाचित महिला प्रतिनिधि | प्रतिशत | ३४ | ३४ | ४० | ४० | | |
| २ | गाउँकार्यपालिकामा निर्वाचित महिला प्रतिनिधी | प्रतिशत | ३८.८८ | ३८.८८ | ३८.८८ | ५० | | |
| ३ | घर, जग्गा र पाल्तु चौपायामा महिलाको स्वामित्व अनुसार परिवारको विवरण | प्रतिशत | १० | ११ | १५ | १७ | वस्तुस्थिती विवरण<br>प्रगति/अनुगमन प्रतिवेदन | |
| ४ | गाउँपालिकामा महिला कर्मचारी | प्रतिशत | ३८.५५ | ४० | ४५ | ५० | | |
| ५ | महिलाहरूकै नाममा जग्गा मात्र भएका घरपरिवार | प्रतिशत | १० | १५ | २५ | ३३ | | |
| ६ | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | ३०३८ | ३१९९ | ३४०० | ३५०० | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सबै प्रकारका हिंसा, शोषण र भेदवाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने । | १. महिला, अपांग, दलित, जेष्ठ नागरिक प्रति हुने दुर्व्यवार र हिंसालाई तत्काल कारवाहीको दायरमा ल्याउन यथोचित पहल गरिनेछ ।<br>२. हिंसा पीडित तथा प्रभावितको राहत र उद्दारको लागि आपतकालिन पुनस्थापना कोष स्थापना गरिनेछ ।<br>३. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>४. लैङ्गिक उत्तरदायी बजेट बिनियोजन पद्धतिलाई संस्थागत गरिनेछ ।<br>५. सार्वजनिक क्षेत्रमा बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माणलाई प्रोत्साहित गरिनेछ ।<br>६. लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्दै लैङ्गिक बजेट विनियोजन अनुपात वृद्धि तथा लैङ्गिक लेखापरिक्षण पद्धति लागू गरिनेछ ।<br>७. सकारात्मक विभेद तथा लक्षित बजेट विजियोजन नीति अवलम्बन गरिनेछ । |
| लक्षित वर्गको आत्मनिर्भरताका लागि अवसर सृजना गर्ने । | १. लक्षित वर्गको लागि बजार मागमा आधारित वस्तु तयार गर्न हस्तकला, नर्सरी व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्रमा सीप तथा श्रोत हस्तान्तरण गरी उत्पादित वस्तुको बजारीकरणलाई सुनिश्चित गरिनेछ ।<br>२. स्थानीय पहिचान सहितको उत्पादित वस्तुको गुणस्तर सुनिश्चित गरी राष्ट्रिय बजार केन्द्रमा आकर्षक वस्तुका रुपमा स्थापित गरिनेछ ।<br>३. जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिको सुरक्षा र सहजताका लागि सामाजिक सुरक्षा सेवालाई सहज र प्रभावकारी गराइने छ ।<br>४. समान रुपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्रित गर्न लैससास नीति अवलम्बन गरिनेछ ।<br>५. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि सार्वजनिक सेवामा सहुलियत तथा विशेष व्यवस्था गरिनेछ । |

**च प्रमुख कार्यक्रम**

- अपांगता भएका बालबालिकाहरूकालागि आवासीय सुविधा सहितको केन्द्र निर्माण
- लागू पदार्थ दुर्व्यसन विरुद्ध जनचेतनामुलक कार्यक्रम सञ्चालन
- सामाजिक कुरिती र विभेद विरुद्ध जनचेतनामूलक कार्यक्रम
- लक्षित वर्ग स्वरोजगार कार्यक्रम
- लक्षित वर्ग प्रवर्द्धन कार्यक्रम
- बालविबाह नियन्त्रण कार्यक्रम
- भेदभाव, शोषण, दुव्यवहार र हिंसा नियन्त्रण कार्यक्रम
- वृद्धवृद्धा आश्रय स्थल निर्माण
- विद्यालय विभुख किशोरीहरुको बहु आयामिक विकास प्रर्वद्धन
- बाल अधिकार प्रर्वद्धन कार्यक्रम

## ६.५ युवा तथा खेलकुद

### क. संभावना, अवसर र विद्यमान अवस्था

बाग्मती प्रदेशको आवधिक योजनामा “युवा तथा खेलकुदमा प्रदेशको गौरव, युवाको पौरख” दीर्घकालिन सोच र “उद्यमशीलता र खेलकुदको विकासको माध्यमबाट युवाशक्तिको विकास गरी प्रदेशको समृद्धिमा योगदान गराएको हुने” लक्ष्य लिएको छ। यससंग तादाम्यता हुने गरी संभावना, अवसर र विद्यमान अवस्थाको विश्लेषण गरिएको छ।

खेलकुदको क्षेत्रमा यस गाउँपालिकाले अन्तराष्ट्रिय स्तरका पनि ख्याती कमाएका २ जना तेकान्डो खेलाडी रहेका छन्। खेलकुदको अभ्यासका लागि ३ खेल मैदान रहेका छन्। यस क्षेत्रमा ६ वटा युवा क्लव सक्रिय रहेका छन्। युवाहरुमा खेलकुद, राजनीति, समाजसेवा र राष्ट्र सेवामा पनि आक्रर्षण रहेको देखिन्छ। युवाको बैदेशिक रोजगारीको आकर्षणले आयआर्जनको महत्वपुर्ण आधार बनेको छ।

### ख. समस्या तथा चूनौती

अन्तराष्ट्रियस्तरमा ख्याती कमाएका खेलाडीहरु रहेको यस क्षेत्रमा खेलकुदमा प्रोत्साहनको कमी रहेको छ। पर्याप्त संख्यामा खेल मैदान नरहेको, खेल प्रशिक्षकको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने कार्य नगरिने प्रचलन र नियमित खेल आयोजना नहुने कारणले खेलकुदको विकासमा सकारात्मक प्रभाब परेको छैन । युवा वर्गमा स्थानीयस्तरमा रोजगार हुनु भन्दा वाह्य रोजगारीमा आकर्षण बढि हुनु, स्वरोजगारका अवसरमा कमीका कारण युवा पलायन विद्यमान रहेको छ। युवा वेरोजगारीको समस्या यस क्षेत्रमा विद्यमान रहेको छ।

**ग.उद्देश्यः** युवाका लागि खेलकुद व्यवसायिकता तथा आत्मनिर्भरताका अवसर सृजना भएको हुनेछ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा वाल क्लब समेत | संख्या | ३० | ४० | ५० | ६० | वस्तुस्थिति विवरण | खेलकुद प्रतियोगिता सञ्चालन हुनेछन । |
| २ | खेलकुद मैदान | संख्या | ३ | ४ | ७ | ८ | सर्वेक्षण प्रतिवेदन | खेलकुदको विकासका लागि स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ । |
| ३ | युवा उद्यमशिलता तालिम | संख्या | ० | ५० | १५० | ३०० | प्रगति/अनुगमन प्रतिवेदन | |
| ४ | युवा स्वरोजगार प्रवर्धन - पूजि तथा स्तरोन्नती | संख्या | ० | २० | १०० | ५०० | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| युवा पिढीमा स्वरोजगार र आत्मविश्वासको भावना अभिवृद्धि गर्ने । | १. युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा सानो स्तरका चिउरा उद्योग, फलफुल खेती, माछापालन, कुखुरा पालन, तरकारी खेती र बाखापालनमा उच्चस्तरीय प्रविधि र सीपको उपयोगको वातावरण तयार गरिनेछ ।<br>२. उत्पादित वस्तुलाई स्थानीय तथा वाह्य बजारसम्म पुऱ्याउने गरी बजारीकरणको व्यवस्था मिलाइनेछ ।<br>३. राष्ट्रियस्तरका सफल युवा उद्यमीहरुका अनुभव स्थानीय युवाहरुमाझ प्रदान गरी उद्यमतर्फ अभिप्रेरित गरिनेछ ।<br>४. युवा उद्यमीलाई सहज कर्जा र सीप हासिल गर्न आवश्ययक पहल गरिनेछ ।<br>५. गाउँपालिकाका आर्थिक तथा सामाजिक विकासमा युवालाई जिम्मेवार बनाउन स्वयंसेवा कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।<br>६. युवा स्वयंसेवी संस्कृतिको विकास गर्ने । |
| खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहनको व्यवस्था गर्ने । | ६. अक्षयकोषको स्थापना गरी खेलाडीको राष्ट्रिय खेलाडीको सामाजिक सुरक्षा सुनिश्चित गरिने छ ।<br>७. स्थानीय स्तरमा नियमित रुपमा खेल प्रशिक्षणको व्यवस्था मिलाइने छ ।<br>८. जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पदक प्राप्त गर्ने खेलाडीलाई सम्मान तथा नगद प्रोत्साहनको व्यवस्था मिलाइने छ ।<br>९. स्थानीय स्तरमा अन्तर वडा तथा अन्तर विद्यालय खेल आयोजना नियमित रुपमा सञ्चालन गरिने छ ।<br>१०. विद्यालयस्तरबाट नै खेलाडी तयार गर्दै लगिन नीति अवलम्बन गरिने छ । |

## ङ प्रमुख कार्यक्रम

- युवा उद्यमशीलता तथा सीप विकास कार्यक्रम
- युवा क्लब गठन तथा तालिम
- खेलकुद विकास कार्यक्रम
- खेल मैदान निर्माण
- इच्छाकामना खेल मैदान निर्माण तथा खेलकुद प्रतियोगिता संचालन

## ६.६ सांस्कृतिक सम्पदा

बाग्मती प्रदेशको आवधिक योजनामा "प्रदेशको पहिचान, भाषा, संस्कृति र कलाको प्रवर्द्धन" दीर्घकालिन सोच र "ऐतिहासिक सम्पदा तथा मौलिक संस्कृतिहरुको जगेर्ना भई समग्र संस्कृतिमा गर्व गर्ने परिपाटीको सामाजिक सदभाव, सहिष्णुता र एकवद्धता सुदृढ भएको हुनेछ ।" भन्ने लक्ष्य लिएको छ । यस योजनाले प्रदेश सरकारले दीर्घकालिन सोच तथा लक्ष्यलाई समेत टेवा पुऱ्याउने गरि स्थानीय भाषा, कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्य राखेको छ ।

### क. संभावना, अवसर र विद्यमान अवस्था

धार्मिक तथा साँस्कृतिक विविधता र सहिष्णुता रहेको यस क्षेत्रमा बौद्ध तथा हिन्दु धर्मसँग सम्बन्धित ६३ वटा धार्मिक सम्पदा रहेका छन् । मौलिक अभ्यासका रुपमा लामा नाच, झाँकी नाच, सेलो, हरि कृतन, सोरठी, घाटु, असारे, लोक दोहोरी, खैंजडी, डम्फु नाच रहेको छ ।

### ख. समस्या तथा चूनौती

ऐतिहासिक महत्व बोकेको इच्छाकामना क्षेत्रमा पश्चिमी संस्कृतिको प्रभावले संस्कृति बढ्दै गएको छ भने स्थानीय कला तथा संस्कृति लोप हुँदै गएको छ । मौलिक कला संस्कृतिको संरक्षणमा पर्याप्त ध्यान पुग्न सकेको छैन । कला तथा संस्कृति संरक्षणको लागि संरचनागत व्यवस्था पनि हुन सकेको छैन ।

**ग.उद्देश्यः** स्थानीय भाषा, कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन भएको हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | संरक्षित कला, सँस्कृति र सम्पदा | संख्या | ४ | ४ | ५ | ६ | वस्तुस्थिति विवरण<br>प्रगति/अनुगमन प्रतिवेदन<br>प्रतिस्थानको प्रतिवेदन | स्थानीय भाषा, साहित्य, कला तथा संस्कृति संरक्षणका लागि एकिकृत प्रतिस्थान स्थापना भएको हुनेछ ।<br>भाषा कला संरक्षणमा गाउँपीलका तथा सरोकारवालाहरूको सहकार्य तथा समन्वय भएको हुनेछ । |
| २ | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ० | १ | २ | ५ | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकता तर्फ आकर्षित गर्ने । | १. मौलिक बाजा, नाच र गीतलाई गायनमा निखरा ल्याउन नियमित अभ्यासको वातावरण मिलाइनेछ ।<br>२. स्थानीय बाजा, नृत्य र गीतलाई पेशाका रुपमा अवलम्बन गर्न महोत्सव, चाडवाड तथा कार्यक्रममा अवसर प्रदान र प्रचार प्रसार गरिनेछ ।<br>३. स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति संवर्द्धन केन्द्रको स्थापना स्थानीय स्तरमा गरिनेछ ।<br>४. स्थानीय कला र संस्कृतिलाई विद्यालयका अतिरिक्त क्रियाकलापसँग आवद्ध गराइने छ ।<br>५. चेपाङ, गुरुङ, मगर, नेवार, थकालीको संस्कृतिको संरक्षण गरी व्यवसायिकता तर्फ आकर्षित गरिनेछ । |

## च. प्रमुख कार्यक्रम

- चेपाङ र गुरुङ साहित्य प्रतिष्ठान स्थापना
- चेपाङ र गुरुङ लगायतका भाषा साहित्य कला प्रवर्द्धन
- स्थानीय बाजा गाजा संरक्षण तथा प्रवर्द्धन

## परिच्छेद सात : पूर्वाधार क्षेत्र विकास

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रुपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रुपमा लिने गरिएको छ ।

यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य-७ (**खर्चले धान्न सकिने स्वच्छ उर्जा**), **लक्ष्य-९ ( उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (सहरहरू र समुदायहरूको दिगोपना**) यस क्षेत्रसंग प्रत्यक्ष रुपमा दिगो विकासका लक्ष्यहरू सम्वन्धित रहेका छन् । पूर्वाधार विकास क्षेत्रको विकासको लागि वातावरणमैत्री र दिगो भौतिक पूर्वाधार निर्माण गर्ने विषयगत उद्देश्य तय गरिएको छ ।

### ७.१ सडक तथा यातायात

### क. संभावना, अवसर र विद्यमान अवस्था

इच्छाकामना गाउँपालिका क्षेत्र भित्र पक्की तथा कच्ची सडक र पैदल मार्ग समेत रहेका छन् । संघीय राजधानी काठमाण्डौं जोड्ने पृथ्वी हाइवेको करिव ४० किमी पक्की सडक यस गाउँपालिकाको वडा नं क्रमश ३, ४, ५, र ६ भित्र पर्दछ । वडा नं २ मा हाल निर्माणाधिन १० किमी पक्की सडकको करिव ४० प्रतिशत निर्माण कार्य सकिएको छ । गाउँपालिकाको सबै वडाहरुमा सडक सुविधा पुगेको छ । ग्रावल सडक करिव १४० किमी तथा धुले सडक १९२ किमी रहेको छ । अव गाउँपालिकाको सबै टोलहरुमा यातायात सुविधा पुर्‍याउन अझै १०८ किमी सडक निर्माण गर्नुपर्ने छ । वडा नं १ र २ सम्म जान पृथ्वी हाइवेको फिस्लङ देखि हुग्दी हुँदै जिप तथा वस सुविधा छ । वडा नं ७ पुग्न भरतपुरको पोखरा बसपार्कबाट बसमा करिव १ घण्टा लाग्दछ । यस गाउँपालिका भित्र ५ वटा वसपार्क रहेका छन् जसमा वडा नं. १ रामसिंह डाँडा, वडा नं. २ मायाटार, वडा नं. ४ कुरिनटार, वडा नं. ७ को खेतवारी र स्याङदीमाा रहेका छन् ।

यस गाउँपालिका भित्र हालसम्म पक्कि पुल १ वटा (हाइवे वाहेक), झोलुङ्गे पुल २९ वटा रहेका छन् भने अझै करिव २० वटा झोलुङ्गे पुल बनाउनुपर्ने आवश्यकता देखिएको छ । जल यातायातको सम्भावना भएतापनि हालसम्म यसको विकास हुन राम्रोसँग हुनसकेको छैन । गाउँपालिकामा भएर बग्ने त्रिशुली तथा नारायणी नदीमा पर्यटकहरु ऱ्याफ्टिङको लागि आउने गर्छन । ऱ्याफ्टिङ फिस्लिङ, कुरिनघाट र मुग्लिनमा सञ्चालन भइरहेको छ ।

### ख. समस्या तथा चूनौती

यस गाउँपालिकामा पक्की बाटो निकै कम भएकोले सदाबहार रुपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन । यस गाउँपालिका भित्रका बिभिन्न खोलाहरुमा पुल/झोलुङ्गे पुलको जरुरी देखिएको छ । वडा नं १ र २ पुग्ने सडक वर्षायाममा यातायात सञ्चालन गर्न कठिनाई हुने गरेको छ । कच्ची बाटोहरुको स्तरोन्नति हुन नसक्दा वर्षामा यातायात सञ्चालन हुन कठिनाइ भएको छ ।

**ग. विषयगत लक्ष :** भौतिक पूर्वाधार तथा संरचना निर्माण व्यवस्थित, सुरक्षित, गुणस्तरीय र दिगो हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|
| | सूचक | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | पुष्ट्याईका आधारहरू | |

| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | पक्की सडकमा पुग्न लाग्ने औषत समय (पैदल) | मिनेट | १२० | १०० | ८० | ६० | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति प्रतिवेदन<br>दिगो विकास लक्ष्य | ठूला आयोजनाहरू संघ, प्रदेश तथा गाउँपालिकाको समपुरक कोषबाट समेत सञ्चालनमा आएको हुनेछ।<br>यातायात गुरुयोजना तर्जुमा भई सोही अनुसार कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| २ | १२ है महिना यातायात सुचारु सडक लम्बाई (राजमार्ग वाहेक) | कि.मि. | ७२ | ८० | १०० | १५० | | |
| ३ | पक्की सडक | कि.मि.. | २.५३ | १२ | २० | २५ | | |
| ४ | ग्राभेल सडक | कि.मि. | ७५.५ | ७७.५ | ११५ | १४५ | | |
| ५ | धुले सडक | कि.मि. | ११० | १२५ | १५० | २०० | | |
| ६ | नयां खोल्नुपर्ने | कि.मि. | ० | २५ | ४० | ४५ | | |
| ७ | पक्की पुल | संख्या | १४ | १५ | १६ | १७ | | |
| ८ | वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | ० | १ | ३ | ७ | | |
| ९ | पक्की पुल राजमार्ग बाहेक | संख्या | १ | ३ | ५ | ७ | | |

## घ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ४.३.१.१ कृषि र पर्यटन र सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय पूर्वाधारको विकास र विस्तार गर्ने। | १. ट्र्याक नखुलेका टोल तथा स्थानहरुमा ट्र्याक खुलाइने छ।<br>२. सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ। |
| ४.३.१.२ पालिकाबाट सबै वडा कार्यालयसँग सहज पहुँच विस्तार गर्ने। | १. बाटोको स्तरोन्नति गरी नियमित रुपमा यातायातको पहुँच पुऱ्याइनेछ।<br>२. सडकको मापदण्ड निर्धारण गरी गाउँपालिकाको प्रमुख स्थानहरुमा बाह्रै महिना यातायात सञ्चालनको व्यवस्था गरिनेछ।<br>३. योजना बैंक सुची तयार गरी सोहीबाट आयोजना छनौट गरी निर्माण गरिनेछ।<br>४. सडक नपुगेका स्थानहरुमा परम्परागत गोरेटो बाटोको सुधार गरी आवागमन सहज बनाइनेछ।<br>५. गुम्बा, मठ मन्दिर र पर्यटकीय स्थलमा जाने सडक निर्माण गरी सुचारु गरिनेछ। |

## ङ प्रमुख कार्यक्रम

- कालोपत्रे सडक
- ग्राभेल सडक
- पक्की सडक (ढलान)
- कच्ची सडक
- झोलुङ्गे पुल निर्माण
- पक्की पुल
- सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार
- वस स्टप र प्रतिक्षालय निर्माण
- कल्भर्ट ट्रस
- सडक अतिक्रमण न्युनिकरणका लागि जनचेतनामूलक कार्यक्रम

### ७.२ आवास, भवन तथा शहरी विकास

### क. संभावना, अवसर र विद्यमान अवस्था

चितवनको पनि एकमात्र गाउँपालिका इच्छाकामनाको अधिकांश भुभाग पहाडी भएकोले भुकम्पले नराम्रोसँग क्षत विक्षत पुऱ्याएको थियो । बहुसंख्यक घरधुरी जनजाति (चेपाङ, गुरुङ) को बाहुल्यता रहेको यस भेगको आर्थिक अवस्था पनि निकै दयनिय छ । यस गाउँपालिकामा भुकम्प प्रतिरोधी मापडण्ड अनुसार हाल ४२७४ घर निर्माण सम्पन्न भइसकेको अवस्था छ । सुधारिएको चुलो प्रयोग गर्ने घरधुरी करीब २० प्रतिशत रहेको छ । गाउँपालिका कार्यालय भवन निर्माणको अन्तिम चरणमा पुगेको छ । वडा नं १, ५ र ७ मा वडा कार्यालयको आफ्नै भवन भएको र अन्य वडाहरु भाडाका घरमा रही कार्यलयको कामकाज चलाइरहरहेका छन् । विभिन्न संघसंस्थाबाट तालिम दिइएका करीब २०० जना भुकम्प प्रतिरोधी घर निर्माण गर्ने दक्ष व्यक्ति यस गाउँपालिकामा छन् । गाउँपालिकाको राजमार्ग आसपासको क्षेत्रमा तरकारी संकलन तथा बजार केन्द्रहरुको निर्माण हुँदै गएको छ ।

यस गाउँपालिका क्षेत्र भित्र बनेका भवनहरु मध्ये मापदण्ड तथा भूकम्प प्रतिरोधी मापन अनुसार बनेका घर संख्या ४,२७४ (४१%), मापदण्ड नपुऱ्याइ बनेका घर संख्या ४,५०७ (४३%) र भुकम्प प्रतिराधी नभएका घर संख्या १,६७३ ( १६%) रहेका छन् ।

त्यसै गरी यस गाउँपालिकामा सामुदायिक भवनहरु ४० वटा रहेका छन् जसमा आमा समूह, युवा समूह, क्लव, फोहर संकलन केन्द्र, हेल्थपोष्ट, थकाली घर, प्रहरी चौकी लगायत रहेका छन् ।

इच्छाकामना गाउँपालिकामा भएका प्रमुख व्यापारिक केन्द्रहरु मुग्लिन बजार, कुरिनटार, कुरिनघाट र फिस्लिङ्ग हुन् । मुग्लिन, पृथ्वी राजमार्ग र नारायणगढ मुग्लिन सडकको चोक रहेको चितवन जिल्लाको पहाडी क्षेत्रको प्रमुख बजार हो । यो भरतपुरबाट ३६ कि.मी राजधानीबाट ११० कि.मी तथा पोखराबाट ९० कि.मी.को दुरीमा रहेको छ । धेरै होटल, किराना पसल, फलफुल पसल संचालित यो ठाउँ इच्छाकामना गाउँपालिकाको प्रमुख व्यापारी केन्द्र हो ।

यस गाउँपालिकाको मुग्लिन पछिको दोस्रो व्यापारिक केन्द्र कुरिनघाट बजार हो । यहाँ गाउँपालिका कार्यालय समेत रहेको छ । सशस्त्र प्रहरी क्याम्प, बैंक, स्वास्थ्य चौकी, खेल मैदान, ठुलो उद्योगको रुपमा रहेको भानु ग्याँस, होटल तथा रिसोर्टहरु समेत यस क्षेत्रमा छन् ।

यसै गरी अर्को प्रमुख व्यापारिक केन्द्र फिस्लिङ्ग भरतपुर देखि ४५ कि.मि.को दुरीमा पर्छ भने काठमाडौं देखि ९८ कि.मि. को दुरीमा पर्छ । यहाँका मानिसहरु बिशेष गरि आफ्नै पसल व्यवसाय, ऱ्याफ्टिङ्ग व्यवसायमा संलग्न भएको छन् र यस ठाउँमा दैनिक तरकारी संकलन गर्न सयौ मानिसहरु आउने गर्दछ ।

त्यस्तै गरी प्रसिद्ध मन्दिर मनकामना जानको लागि बनेको केबलकारको चेरेस चितवनबाट करिब ४४ कि.मी छ भने काठमाडौंबाट १०२ कि.मीको दुरीमा रहेको छ । मनकामना मन्दिरको नाकाको रुपमा रहेको यो क्षेत्रमा हाल बाहिरी क्षेत्रबाट आएर व्यवसायिक रुपमा होटल तथा रेस्टुरेन्ट गर्नेको संख्या बढ्दो छ ।

### ख. समस्या तथा चूनौती

यस गाउँपालिकालाई मध्य पहाडी राजमार्गले छोएर गएकोले यहाँ बजार बस्ने सम्भावना रहेतापनि हालसम्म व्यवस्थित आवास क्षेत्र निर्माण हुन सकेको छैन । हाल सम्म भु-उपयोग योजना नभएकोले व्यवस्थित रुपमा वस्ती बसाउने कार्य हुन सकेको छैन । वडा कार्यालयको भवन निर्माणका लागि जग्गा उपलब्ध नहुँदा सबै वडा कार्यालयको भवन निर्माण गर्न सकिएको छैन । भवन निर्माण आचारसंहिता निर्माण नभएकोले नक्सा पास गरी घर निर्माण हुन सकेको छैन । भुकम्प पीडितको राहतको लागि मात्र नक्सा अनुसार घरहरु निर्माण भएको तर अन्य घरहरुको निर्माण नक्सा पास गरी व्यवस्थित रुपमा हुन सकिरहेको छैन ।

**ग. उद्देश्यः** प्रतिफल ३.२ सबै वर्गका लागि व्यवस्थित तथा सुरक्षित आवास र वस्ती विकास भएको हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | २ | ३ | ४ | ५ | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति प्रतिवेदन<br>दिगो विकास लक्ष्य | उद्योग वाणिज्य संघ र सरोकारवालाहरूसंग समन्वय र सहकार्य भएको<br>हुनेछ ।<br>स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ । |
| २ | भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | १५० | १७५ | २१० | २७० | | |
| ३ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | १० | १५ | २० | २५ | | |
| ४ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ४१ | ४५ | ५० | ६० | | |
| ५ | व्यवस्थित नालाको लम्बाई राजमार्ग बाहेक | कि.मि. | २ | ५ | १० | १५ | | |

### ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिका र वडा कार्यालय भवन निर्माण गरी सेवा प्रवाह व्यवस्थित गर्ने | १. जग्गाको व्यवस्थापन भएका वडाहरुमा आगामी वर्षमा वडा कार्यालय भवन निर्माणका लागि बजेट विनियोजन गरिनेछ |

| रणनीति | कार्यनीति |
| --- | --- |
| सुरक्षित तथा सुविधा सम्पन्न बस्तीको विकास गर्ने । | १. एकिकृत बस्ती विकासकालागि संभाव्यता अध्ययन गरिनेछ ।<br>२. आवश्यक पूर्वाधारहरुको विकास गर्नका लागि स्थानको छनौट गरी कार्य अघि बढाइने छ ।<br>३. बस्ती तथा आवासलाई व्यवस्थित गर्न एकिकृत भुउपयोग योजना तयार पारी कार्यान्वयन गरिनेछ । |
| सुविधा सम्पन्न बजारको व्यवस्था गर्ने । | १. बजार व्यवस्थापनका लागि सहज र आवश्यक पूर्वाधारहरुको निर्माण गरिनेछ । |

### च. प्रमुख कार्यक्रम

- व्यवस्थित र एकिकृत बस्ती निर्माण
- सुरक्षित भवन निर्माण तथा मापदण्ड सचेतना कार्यक्रम
- आधारभूत पूर्वाधार निर्माण तथा बजार व्यवस्थापन
- भूकम्प प्रतिरोधी भवन निर्माण र भवन निर्माण मापदण्ड निर्माण क्षमता विकास कार्यक्रम
- एकीकृत सेवा व्यवस्थापन समेत कार्यपालिका तथा वडा
- वडा कार्यालय भवन निर्माण
- सार्वजनिक जग्गा संरक्षण, व्यवस्थापन तथा विकास कार्यक्रम
- सार्वजानिक शौचालयको निर्माण
- बजार व्यवस्थापन (कृषि बजार), व्यापारिक तथा कृषि प्रर्दशनी केन्द्र
- गाउँपालिकाका महत्वपूर्ण स्थानहरुमा सि.सि.टि.भि.जडान

## ७.३ वैकल्पिक उर्जा

### क. संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकाका ३,२८८ घरधुरी (६३%) मा राष्ट्रिय प्रशारणबाट उत्पादित विजुलीबाट विद्युतीकरण भएको छ भने बाँकी १९३९ घरधुरी (३७% ) मा बिद्युत जडान भएको छैन । करीब ३२ प्रतिशत घरधुरीमा सोलार प्यानलको समेत रहेको देखिन्छ । यस पालिकामा ठाडोखोला हाइड्रो पिको ३ किलोवाट संचालन भई ७० घरले उपभोग गरिरहेको छ । करीब १०% घरहरुमा सुधारिएको चुलो प्रयोगमा ल्याइएको छ भने करिब २% घरहरुमा गोवरग्यासको प्रयोग गरिएको छ । यस गाउँपालिकामा उर्जाको खपतको ठुलो हिस्सा दाउरा नै प्रयोग भएको देखिन्छ । जम्मा घर परिवार मध्ये दाउराको प्रयोग गर्ने ७४.५%, एल. पि. ग्याँसको प्रयोग गर्ने २३.२% र गोवर ग्यास प्रयोग गर्ने २.३% रहेका छन् । यसैगरी, गाउँपालिका क्षेत्रभित्र ६ वटा पेट्रोल पम्पहरु छन् । जसमध्ये मुग्लिनमा २ वटा, कुरिनटारमा २ वटा, चुम्लिङटारमा एउटा र लेवाटारमा एउटा रहेका छन् ।

### ख. समस्या तथा चूनौती

भुकम्पको पश्चात सरकारी तथा गैर सकारी संघ संस्थाहरुले अनुदानमा उपलब्ध गराइएको सोलारहरु बिग्रिएको अवस्थामा रहेका छन् । सबै वडामा विद्युत विस्तार हुन सकेको छैन । अझै करिव ३२% घरधुरीमा विद्युत जडान हुन सकेको छैन । विशिष्ठ उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन त निकै परको विषय भएको छ । उपलब्ध विद्यत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । उर्जाको रुपमा ठुलो हिस्सा दाउँरा कै प्रयोग हुने गरेको हुनाले वन विनास भइरहेको छ । एलपी ग्याँस, गोवर ग्याँस, वायो व्रिकेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग कम मात्र भएको छ ।

**ग. उद्देश्यः** स्वच्छ ऊर्जाको उपलब्धता र उपयोगमा विस्तार भएको हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | सडक वत्ती जडान | स्थान | १ | २ | ३ | ४ | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति प्रतिवेदन | बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग समन्वय भएको हुनेछ । |
| २ | विद्युत् सेवा उपलब्ध घरधुरी | प्रतिशत | ६८ | ८५ | १०० | १०० | | |
| ३ | धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | ५०० | १००० | १५०० | २००० | | |
| ४ | सोलार प्रणाली भएका घरपरिवार | संख्या | २००० | २१०० | २२०० | २३०० | | |

### ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| वडाको सबै बस्तीहरुमा विद्युत बिस्तार गरिनेछ । | १. गाउँपालिकाको सबै टोल बस्तीहरुमा विद्युत बिस्तार गरिनेछ ।<br>२. काठका पोलहरु विस्थापन गरी सिमेन्ट तथा धातुका पोलहरुको व्यवस्था गरिनेछ । |
| थ्री फेजको लाइन विस्तार गर्ने । | १. आवश्यक स्थानहरुमा बढी क्षमताका ट्रान्सफर्मरको जडान गरिनेछ ।<br>२. सबै वडामा थ्री फेजको लाइन विस्तार गरिनेछ । |
| नवीकरणीय ऊर्जाको विस्तार गर्ने । | १. दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।<br>२. गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुर्‍याउन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

### च. प्रमुख कार्यक्रम

- विद्युत क्षमता विस्तार(ट्रान्सफरमर सहित)
- उज्यालो इच्छाकामना (विद्युत विस्तार) कार्यक्रम
- ्घरभित्रको धुवाँमुक्त टोल घोषणा कार्यक्रम
- सोलार प्रणालीमा आधारित उर्जा विकास कार्यक्रम
- सोलार सडक बत्ती जडान कार्यक्रम (सार्वजनिक स्थान)
- इन्डक्सन चुला अनुदान कार्यक्रम

## ७.४ सूचना तथा संचार

### क. संभावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा नेपाल टेलिकम, एन सेल, स्मार्ट फोनबाट मोबाइल फोन उपलब्ध गराएको छ । मोबाइल फोन प्रयोग गर्ने घरसंख्या करिब ८४% रहेको छ । कम्प्युटर प्रयोग गर्ने घर संख्या २७५ मात्र छ भने इन्टरनेटको प्रयोग गर्ने घर संख्या करीब १०% मात्र रहेको छ । गाउँपालिकामा निजी कम्पनीबाट इन्टरनेट सेवा उपलब्ध रहेको छ । गाउँपालिका भित्र २२६ घरमा मोटर कार छ भने मोटरसाइकल हुने घर संख्या ५५६ छ । इच्छाकामना एफ एम १०२.४ मेगा हर्ज रेडियो एउटा मात्र दर्ता भई सञ्चालनमा रहको छ । स्थानीय पत्रिकाका रुपमा इच्छाकामना न्यूज नामको पत्रिका दर्ता भई प्रकाशन भएको छ तर प्रेस भने छैन । उक्त पत्रिकाको छपाइ नारायणगढबाट हुने गरेको छ । कम्प्युटर, इन्टरनेट, टेलिभिजन लगायतको आधुनिक सुचना प्रविधिको उपयोग दिनानुदिन बढ्दै गएको छ ।

### ख. समस्या तथा चूनौती

तीन वटा कम्पनीले मोबाइल सेवा उपलब्ध गराएको भएता पनि मोबाइल फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न सकेको छैन । अप्टिकल फाइबर सञ्चालनमा नहुँदा टावर बेसमा उपलब्ध गराइएको सेवाको गुणस्तरीयतामा कमी रहेको छ । सबै स्थानमा एफ एम रेडियोको प्रशारण क्षमता कमी रहेकोले गाउँपालिकाका सबै क्षेत्रहरुमा रेडियो सुन्न सकिंदैन । दर्ता भएको स्थानीय पत्रिका नियमित रुपमा सञ्चालनमा आउन सकको छैन ।

**ग.उद्देश्य :** सूचना तथा संचार प्रविधिमा आधारित सार्वजनिक सेवा प्रवाह गुणस्तरीय, भरपर्दो र पहुँचयोग्य भएको हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ५० | ६० | ७५ | ९० | स्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति प्रतिवेदन | |
| २ | स्थानीय स्तरमा भएका प्रकाशन र प्रसारण | संख्या | ० | ३ | ३ | ३ | | |
| ३ | पत्रकार संख्या | जना | ७ | ८ | १२ | १५ | | |
| ४ | एफ एम | वटा | २ | २ | ३ | ४ | | |
| ५ | अनलाइन न्यूज | वटा | २ | २ | ३ | ४ | | |

### ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने । | १. अप्टिकल फाइवरबाट इन्टरनेट जडान गर्न नेपाल टेलिकमसंग समन्वय गरिने छ ।<br>२. प्रत्येक वडामा इन्टरनेट जडान गरी केही स्थानहरुमा फ्रि वाइफाइको व्यवस्था गरिनेछ ।<br>३. फोन तथा इन्टरनेटको टावरहरुको उचित स्थानमा निर्माण गरी सञ्चारको गुणस्तरमा वृद्धि गरिनेछ ।<br>४. स्थानीय संचार माध्यम र संचारकर्मीका क्षमता विकास गरी गाउँलाई मिडियामैत्री बनाइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. गाउँपालिकाबाट सम्पादित योजना तथा कार्यक्रम र गतिविधिहरू यस क्षेत्रमा रहेका सामुदायिक रेडियो समेतको सञ्चार माध्यमहरूलाई प्रवर्द्धन र प्रोत्साहित गरिने छ।<br>६. स्थानीयस्तरमा पत्रकार उत्पादनका लागि पत्रकारिता तालिम सञ्चालन गरिनेछ। |
| दुरसञ्चार सेवा प्रभावकारी बनाउने। | १. दुरसञ्चार तथा इन्टरनेटको टावरहरुको उचित स्थानमा निर्माण गरी सञ्चारको गुणस्तरमा वृद्धि गरिनेछ।<br>२. ल्याण्डलाइन टेलिफोन सेवा सञ्चालनका लागि नेपाल टेलिकमसँग समन्वय गरिने छ। |
| सूचनाको हकको प्रत्याभूति गर्न उचित व्यवस्था मिलाउने । | १. स्थानीय संचार माध्यम र संचारकर्मीका क्षमता विकास गरी गाउँलाई मिडियामैत्री बनाइने छ।<br>२. गाउँपालिकाबाट सम्पादित योजना तथा कार्यक्रम र गतिविधिहरू यस क्षेत्रमा रहेका सामुदायिक रेडियो समेतको सञ्चार माध्यमहरूलाई प्रवर्द्धन र प्रोत्साहित गरिने छ।<br>३. स्थानीयस्तरमा पत्रकार उत्पादनका लागि पत्रकारिता तालिम सञ्चालन गरिनेछ। |

### च. प्रमुख कार्यक्रम

- इन्टरनेट क्षमता अभिबृद्धि तथा सेवा विस्तार कार्यक्रम
- सूचना प्रविधिमा आधारित सेवा प्रवाह, राजस्व परिचालन तथा विकास व्यवस्थापन
- प्रशासन, सेवा प्रवाह, योजना व्यवस्थापन, राजस्व संबन्धी सफ्टवयर संचालन
- विकास बुलेटिन प्रकाशन र गतिविधि प्रशारण
- सिसि टिभि जडान कार्यक्रम
- सूचना प्रविधि केन्द्र संचालन
- सञ्चारकर्मि तथा सञ्चार माध्यम प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम
- पत्रकारिता तालिम
- जनप्रतिनिधि कर्मचारी सुचना प्रविधि क्षमता विकास

## परिच्छेद आठ : वन, वातावरण तथा विपद व्यवस्थापन

नेपालको संविधानको भाग ३ को धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक प्रदान गरेको छ । प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान समेत राखेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्व तयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय राखी विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । वातावरणीय दिगोपनालाई दिगो विकासको पक्षबाट चौथो आयामको रुपमा लिएको र नेपालको सन्दर्भमा यसलाई प्राकृतिक प्रकोप व्यवस्थापनको पक्षबाट हेरिनुपर्दछ । स्थानीय सरकारको कार्यक्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै प्रकोप व्यवस्थापन पर्दछन् । यस विषयहरूको प्रभावकारी व्यवस्थापनकालागि स्थानीय सरकारले सरकारका अन्य संयन्त्रहरूसंग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्यहरू मध्ये **लक्ष्य १२ (उपभोग र उत्पादनमा जिम्मेवारीपना), लक्ष्य १३ (जलवायु सम्वन्धी)** यस क्षेत्रसंग जोडिएका छन् ।

गाउँपालिकाले दिगो विकासको लक्ष्य सहितको दीर्घकालीन सोच कायम गरेर अगाडि बढिरहेको तथा संविधान तथा प्रचलित ऐन, कानुनले लिएका लक्ष्य तथा दिगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरू समेत हासिल गर्न स्थानीय स्तरमा गाउँपालिकाको भूमिका अत्यन्त महत्वपूर्ण छ । यसै सन्दर्भमा वन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न वन पैदावरमा आधारित उद्योग, वन तथा जैविक विविधताको संरक्षण गर्दै भू जलाधार तथा विपद् व्यवस्थापन गरी स्वच्छ वातावरण निर्माण गर्ने विषयगत उद्देश्य तय गरिएको छ ।

### ८.१ वन तथा जैविक विविधता

गाउँपालिकाको वस्तुस्थिति विवरण अनुसार यहाँ कुल क्षेत्रफलको ६२.७९% भूमि (१०४.६९ व.कि.मी.) वन जंगलले ढाकेको छ । खेतियोग्य जमिन ३३.९८% (५६.६७ व.कि.मी.) अन्य जमिन ५.४०% रहेको छ । यहाँ पाइने मुख्य वनस्पति प्रजातिमा खासगरी साल, उत्तिस, कटुस, चिलाउने, गुराँस, काफल, खयर, सल्लो, बैस आदि रहेका छन् ।

गाउँपालिकाभरिमा गरी कुल २० वटा सामुदायिक वन, १०७ वटा कबुलियति वन, ४ वटा धार्मिक वनका साथै ८ वटा निजी वन रहेका छन् । कुल वन क्षेत्र करिव ३,३०० हेक्टर भन्दा बढी छ, यसमध्ये करिब ५०% वन क्षेत्र जैविक विविधतायुक्त रहेको अनुमान छ । यहाँ पाइने प्रमुख वन्यजन्तुहरूमा निगाले बाघ, दुम्सी, मृग, कालिज, वन कुखुरा, तित्रा, बाँदर, भालु, वन बिरालो, स्याल, हाप्सिलो) रहेका छन् । जडीबुटीका दृष्टिकोणले समेत यो क्षेत्र धनी रहेको छ । जडिबुटीको प्रर्याप्त सम्भावना रहेको यस गाउँपालिकामा काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ । यहाँ तितेपाति, बाह्रटुसे, चिराइतो, सेतो जरा, पाँच औले, भाजुरी, काजल, पाखनबेद, टिमुर, अमला, अदुवा, कुरिलो, बोझो, कुकुरदनी, बाजुरी, सिमल, गुर्जो, आकासबेदी, बाह्रटुसे, आकासबेली, कुकुरतरुल, वेलवती, लालीगुराँस, कुकुर डाइनो, पानी अमला लगायत अन्य जडीबुटी पाइन्छ । यहाँ रिग्दीखोला, कालीखोला, सेतीखोला, महखोला, गौरीखोला लगायतका खोला खोल्सा रहेको छन् । कृषि तथा घरायसी प्रयोग बाहेक अन्य क्षेत्रबाट हुने कार्वन उत्सर्जन नगण्य रहेको छ । जलवायु परिवर्तन अनुकुलनका लागि गाउँपालिकाले योजना तर्जुमा गरेको छ । वन क्षेत्रमा विद्यमान यस सम्भावनालाई यथार्थमा रुपान्तरण गर्न वन, जैविक विविधता र संरक्षण सम्बन्धी प्राविधिक ज्ञान, सीपमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

**क. संभावना, अवसर र विद्यमान अवस्था**

यस गाउँपालिकामा संरक्षित तथा व्यवस्थित वन जंगलले ढाकेको क्षेत्र ३२९२.५१ हे. रहेको छ । सामुदायिक वन २० वटा र कबुलियती वन १०७ वटा रहेको छन । निजी वन ८ वटा रहेका छन । बन्यजन्तुहरुमा मृग हरिण, जरायो, चित्री, बदेँल, गैडा, बाघ, चितुवा, स्याल, दुम्सी, लोखर्के, बादँरका प्रजाती, कछुवा, खरायो, सालक, मुसा, दुम्सी, अजिंगर,चमेरो जस्ता जीवहरू रहेका छन । चराचुरुगीहरूमा कालिज, जुरेली, पानीहाँस, हुँचिल, गिद्ध, काग बकुल्ला काँडे भ्याकुर, परेवा, सारौ, फिष्टे, तित्रा, लुइचे, लाचे, कोइली, कुकु, भुडिँफोर, मलेवा लगायतका छन । जडिबुटीहरूमा कुरिलो, गाइखोरे, सिकारीलाहारा, पाचऔले, पाखनभेद, सौरह, असुरो, हरो वर्रो, दहिकमला, पानीअमला, सेतो जरो, ध्यू कुमारी, बादल पाते, घोडताप्रे, निम, वेल, तेजपात, दालचिनी चिउरी, गाँजा, भलायो, भक्याम्लो, क्यामुना, जमुना, लालीगुराँस, पाचऔले, सूनगाभा, रिठ्ठा, पाँग्रो, वनतोरी, टिमुर(बोके, सिल), सिस्नो, भिग्रीराज, कुस, लज्जाबती झार, पिप्ला जस्ता वनस्पति रहेका छन् । फलफुलमा आँप, लिची, अम्बा, आरु, कागती, सुन्ताला, आरुवखडा, भोगटे, विमिरो, ऐंसेलु, कापल, कटुस, भूईंकटर, रुखकटर, वनकेरा, वन तरुल, भ्याकुर, गिठ्ठा रहेका छन ।

**ख. समस्या तथा चुनौती**

कुनै पनि क्षेत्रमा वातावरणीय सन्तुलन कायम राख्न सामान्यतया कुल क्षेत्रफलको ४०% भूमिमा वन क्षेत्र रहनुपर्ने मानिन्छ । यस गाउँपालिकामा कुल जमिनको ६२.७९% वन क्षेत्र रहेको तथ्यांक उपलब्ध छ । विभिन्न सामुदायिक वन तथा सरकारी वन समेतको सीमाना कागजमा मात्र सीमित भएको र जमिन यकिन नहुँदा वनहरूबीच सीमा विवाद रहेको छ तथा सरकारी वन क्षेत्र निरन्तरमा अतिक्रमित हुँदै गएका छन् । हरेक वर्षजसो डढेलोबाट वन र जैविक विविधताको क्षति हुन गएको छ तर वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा पालिकास्तरीय कार्ययोजना समेतको अभाव रहेको छ । वन तथा वातावरण र सम्बन्धित सम्पदाप्रति स्थानीय नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिताको वृद्धि गर्नुपर्ने खाँचो रहेको छ ।

जलवायुजन्य अतिशय परिणाम (Climate extremities) तथा अनिश्चिततालाई सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरण सम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वन क्षेत्रमाथि चाप बढ्न गएको छ । वन सम्पदाको दीगो तथा वैज्ञानिक व्यवस्थापन गरी यथोचित लाभ लिन नसकिरहेको अवस्था छ । कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी संरचना निर्माण हुनु, वनको उचित संरक्षण तथा वैज्ञानिक व्यवस्थापन हुन नसक्नु, वन स्रोतको बहुउपयोग हुन नसक्नु, वन डढेलो वर्षेनी बढेर जानु तथा विकास कार्यहरू वातावरणमैत्री नहुनु लगायतका समस्याहरू वन क्षेत्रका थप समस्याका रुपमा रहेका छन् ।

**ग. उद्देश्य :** जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र समुत्थानशिलता सुनिश्चित हुनेछ ।

## घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | रुख विरुवाले ढाकेको/हरियाली क्षेत्र | हेक्टर | ३२९२ | ३३०० | ३४०० | ३५०० | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति प्रतिवेदन | संघ र प्रदेश तहमा वन तथा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा र कार्यान्वयन हुनेछ । |
| २ | वनमा आधारित (वेल, वाँस, जडिबुटी तथा अन्य) उद्यम, व्यापारमा संलग्न घरपरिवार | संख्या | ६ | ७ | ८ | १० | | |
| ३ | दर्ता निजी वन क्षेत्र | सख्या | २ | ४ | ६ | ८ | | |
| ४ | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | २९ | ३५ | ४५ | ६५ | | |
| ५ | वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | ५० | १०० | १५० | २०० | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| वैज्ञानिक वन व्यवस्थापन मार्फत् वनको संरक्षण तथा गुणस्तर वृद्धि गर्दै आम्दानीको स्रोतका रुपमा समेत स्थापित गर्ने । | १. नमुनाका रुपमा सानो क्षेत्रबाट वैज्ञानिक वन व्यवस्थापनको काम सुरु गरिनेछ ।<br>२. वनक्षेत्र पहिचान, कार्ययोजना निर्माण गरी सरोकारवाला निकाय/पक्षहरूसँगको समन्वयमा कार्य गरिनेछ ।<br>३. नांगाडाँडा तथा बिग्रिएका वन क्षेत्रमा कबुलियती वनको विकास मार्फत् वनक्षेत्र, आय आर्जन तथा पर्यटन विकास गरिनेछ । |
| जडीबुटी खेतीलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सञ्चालन गरी आयआर्जनसँग आबद्ध गर्ने । | १. क्षेत्र पहिचान, क्षमता अभिवृद्धि तालिम, संकलन केन्द्र, बजार पहुँच तथा व्यवस्थापन गरी जडीबुटी उत्पादन पकेट क्षेत्रहरू तयार गरी जडीबुटी खेतीको प्रवर्द्धन गरिनेछ ।<br>२. युवा पिंढीलाई आकर्षित गरी आधुनिक, व्यवसायिक रुपमा जडीबुटी खेतीमा संलग्न गराइनेछ ।<br>३. जडीबुटी खेतीका लागि आयुर्वेद कार्यालय तथा अन्य सम्वन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरिनेछ ।<br>४. कार्वन ट्रेडको उपयोग गर्ने नीति लिइनेछ ।<br>५. वनजन्य उपजको व्यवसायिकरण गरी जिवनका लागि वन नीति अवलम्ब गरिनेछ । |
| ाष्ट्रिय तथा सामुदायिक वनको | १. कागजमा मात्र सीमित भएको राष्ट्रिय तथा सामुदायिक वनको सीमालाई जमिनमा |

| रणनीति | कार्यनीति |
| --- | --- |
| सीमाङ्कन, रेखाङ्कन गरी वन क्षेत्रको अतिक्रमण न्यूनीकरण गर्ने तथा मध्यवर्ती क्षेत्र कार्यक्रम गरी वन संरक्षण तथा आय आर्जनका कार्यक्रम समानान्तर रुपमा सञ्चालन गर्ने । | रेखांकित गरी वन क्षेत्रको सीमाना सम्बन्धी विवाद अन्त्य गरिनेछ ।<br>२. सम्बन्धित निकायहरूसँग समन्वय गरी वन सीमाङकन, रेखाङ्कन गरिनेछ ।<br>३. राष्ट्रिय वनलाई सामुदायिक वनमा हस्तान्तरण गरी वन संरक्षणमा स्थानीय समुदायलाई जिम्मेवार बनाइनेछ ।<br>४. कृषि वनको प्रवर्द्धन गरी स्थानीय समुदायको आयआर्जनका अवसर वृद्धि गरिनेछ । |

### च. प्रमुख कार्यक्रम

- वृक्षारोपण विस्तार हरियाली प्रवर्धन कार्यक्रम
- वहुउद्देश्यीय वन नर्सरीको स्थापना र संचालन
- खोला, नहर, किनारा तथा सडक दायावायाँ वृक्षारोपण कार्यक्रम
- वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था पार्क तथा हरीयाली प्रवर्धन कार्यक्रम
- वन, वातावरण र हरियाली प्रवर्धन सचेतनामुलक कार्यक्रम

## ८.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

### क. संभावना, अवसर र विद्यमान अवस्था

गाउँपालिकाभित्र ६२% वन क्षेत्र भएको हुँदा यसबाट जडिबुटी संकलन तथा प्रशोधन गरी प्रचुर आम्दानी गर्न सक्ने देखिन्छ । यस्ता वन क्षेत्रको अतिक्रमण तथा वन डडेलोका कारण वर्षेनी जडिबुटी लगायत जंगली जिव जन्तुको ठूलो क्षति पुगेको छ । विपद जोखिम न्यून गर्न सचेतना तथा तालिम प्राप्त जनशक्ति तयार गर्नु जरुरी छ । यहाँका खोलाबाट निर्मित झरना पोखरीको संरक्षण गर्नु पर्दछ । जैविक विविधताको दृष्टिकोणले समेत धनी क्षेत्र रहेको हुँदा पर्यापर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

यस क्षेत्रमा वर्षैभरी पानी बग्ने त्रिशुली नदी, प्याक्चीलिंग खोला, बग्याङ्ग, कालिंग खोला, भारंड खोला, विजु खोला, रिग्दी, ढुकुर खोला, खानी खोला, चुनखोला, बारवांग खोला, लाटी खोला, सुकौरा, नाग्दी, कुम्मांग, काली, खहरे, चिसाउदी खोला, सिस्ने, गौरीखोला झरना, रानी, भोटी, थाक्लागं, मुल्स्यांगदी, सानो स्याग्दी, भाटी खोला,थांगखोला, सानो काली, ठूलो काली, जिन्दीपुर, अमिलीपानी, खगरी खोला, घरेटीखोला, चोरखोला रहेका छन । लामो झरना जलविरे संरक्षण गरिएकोछ । चिसोपानी पोखरी, क्याम्पाढाप, नागदह, अमले पानी ताल जस्ता ससाना खोलाहरु पनि रहेका छन ।

### ख. समस्या तथा चूनौती

गाउँपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम रहेको छैन र जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षण सुनिचित हुन सकेको छैन । भूसंरक्षणकालागि पर्याप्त बजेट आवश्यक पर्ने र सोअनुसार स्रोत उपलब्ध नभएको हुँदा आवश्यक सबै ठाउँमा भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छैन । सीमसार क्षेत्र सीमित मात्रामा रहेका छन् । सीमसार क्षेत्रको महत्वका बारेमा समुचित ज्ञानको कमी रहेको छ र ती पनि अतिक्रमणको चपेटामा रहेका छन् ।

**ग. उद्देश्य :** जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धि भएको हुनेछ ।

### घ.सूचक तथा लक्ष परिमाण

| क्रम | सूचक तथा पुष्ट्याईका आधारहरू | जोखिम पक्ष |
| --- | --- | --- |

| संख्या | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | संरक्षित बाढी संवेदनशील क्षेत्र | संख्या | २ | ३ | ४ | ५ | वस्तुस्थिति विवरण<br>जि.भु.ज. सं.का.को प्रगति प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | जिल्ला वन कार्यालय, गाउँपालिका र जिल्ला भु तथा जलाधार संरक्षण कार्यालय बीच समन्वय तथा सहकार्य भएको हुनेछ ।<br>संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानीमा नदी नियन्त्रण भएको हुनेछ । |
| २ | जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई | कि.मि. | ५ | १० | १५ | २० | | |
| ३ | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | कि.मि. | ० | २ | ५ | ७ | | |
| ४ | संरक्षित तथा व्यवस्थित पोखरी | संख्या | २ | ३ | ४ | ५ | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूक्षय नियन्त्रण गर्ने । | १. स्थानीयस्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी नाङ्गाडाँडाहरूमा हरियाली र समग्रमा वन क्षेत्रको गुणात्मक वृद्धि गरिनेछ ।<br>२. खोला खोल्साको किनारलगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ । |

## च प्रमुख कार्यक्रम

- नदी नियन्त्रण र तटबन्धन कार्यक्रम
- पोखरी संरक्षण निर्माण तथा मर्मत
- भू-उपयोग नीति तथा क्षेत्र निर्धारण र कार्यान्वयन
- भुसंरक्षण सम्बन्धी सचेतना कार्यक्रम
- खानेपानी मुहान संरक्षण

### ८.३ वातावरण तथा स्वच्छता

#### क. संभावना, अवसर र बिद्यमान अवस्था

गाउँपालिका क्षेत्रको अधिकांश क्षेत्र खुल्ला क्षेत्रको रूपमा वा हरियाली क्षेत्रको रहेको, ग्रामिण बजार केन्द्र रहेको र अन्य साना साना वस्तीहरूमात्र रहेको कारण ध्वनी, वायु तथा जल प्रदुषण नगन्य रहनु वातावरणका हिसावले उत्तम देखिन्छ । पालिकाको वातावरणलाई स्वस्थ्य र स्वच्छ राख्न चिसापानीगढी, उपरदाङ्गगढी लामो झरना, लखन गुफा, चमेरे गुफा, कोपेडाँडा, लामिडाँडा, नागदहडाँडा, काउलेडाँडा र चक्रवर्तिडाँडा टुडिखेल लगायतका रमणीय क्षेत्रहरु रहेका छन् । त्रिशुली लगायतका ठूला नदीले यहाको वातावरण स्वच्छ बनाएको छ । साथै खुल्ला दिसामुक्त गाउँपालिका घोषणा भइसकेको हुंदा गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त पालिका घोषणा गर्ने संभावना देखिन्छ ।

#### ख. समस्या र चुनौति

मुग्लिन लगायतका क्षेत्रका फोहोरको विर्सजनका लागि ल्याडफिलको प्रयाप्त व्यवस्था भएको छैन । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतलहरु जथाभावी फाल्ने प्रचलन रहनु र यस्तो फोहोरको मात्रा निरन्तर बढ्दै गएको छ । फोहोर व्यवस्थापनकोलागि स्थान र जग्गा उपलब्ध हुन नसकेको छैन । वस्ती तथा विभिन्न बाटोमा फोहोर जथाभावी फाल्ने गरिएको छ । प्लाष्टिकजन्य तथा बोतलहरुको मात्रा बढ्दै गएको छ । रासायनिक मलको प्रयोग अनियन्त्रित रुपमा बढ्दै गएको छ । पुनः प्रयोग गर्न सकिने सामानको पुन प्रयोग भएको छैन । कच्ची सडकमा सवारी संचालनको कारण धुलो भई वातावरण प्रदुषित भएको छ । प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु डढाउने परिपाटी रहेको छ । दैनिक उत्पादन हुने फोहोर वर्गीकरण गर्ने तथा व्यवस्थापन गर्ने वानी परेको छैन । सार्वजनिक शौचालयको उचित व्यवस्था भएको छैन । लामो दुरीका सार्वजनिक सवारी साधनहरुले यत्रतत्र फोहोर फाल्ने समस्या रहेको छ ।

**ग.उद्देश्यः** पर्यावरणीय स्वच्छता, सुन्दरता र स्वच्छ व्यवहारमा अभिबृद्धि भएको हुनेछ ।

#### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | २ | ३ | ५ | ७ | वस्तुस्थिति विवरण<br>जि.व.का.को प्रगति प्रतिवेदन<br>जलवायु परिवर्तन सम्बन्धी प्रतिवेदन<br>दिगो विकास | जिल्ला वन कार्यालय तथा बैकल्पिक उर्जा प्रवर्द्धन बोडसंग समन्वय र सहकार्य भएको हुनेछ ।<br>जलवायु परिवर्तन सम्बन्धी |
| २ | व्यवस्थित चरन क्षेत्र | हेक्टर | ० | ५ | १० | १५ | | |
| ३ | कम्पोष्ट-विन प्रयोग गर्ने तथा फोहोर वर्गीकरणको अभ्यास गर्ने परिवार | प्रतिशत | १० | २० | ३५ | ५० | | |
| ४ | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ६३ | ५५ | ५२ | ४० | | |
| ५ | सार्वजनिक शौचालय तथा फोहर व्यवस्थापन (सक्शन मार्फत) | संख्या | १२ | १५ | २० | २२ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए/ नभएको | ० | १ | १ | १ | लक्ष्यका प्रतिवेदन | कार्यक्रममा संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी वृद्धि हुनेछ । |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| जनचेतना अभिवृद्धि गरी वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धित कार्यमा समुदायलाई अभ्यस्त गराउने । | १. वडास्तरीय विपद् व्यवस्थापन समितिहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाइका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>३. जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>४. गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ ।<br>५. **को भन्दा को सफा** वडास्तरीय प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरी समुदाय र घर सरसफाइको अभियान सञ्चालन गरिनेछ । |

## च. प्रमुख कार्यक्रम

- समुदायमा आधारित  वडा तथा टोल सरसफाई कार्यक्रम
- फोहोर वर्गीकरण तथा व्यवस्थापन कार्यक्रम
- फोहोर व्यवस्थापन ल्याण्डफिल साइट डिपिआर तयारी, निर्माण र संचालन
- फोहोर संकलन र व्यवस्थापनका लागि सवारी साधन खरीद
- फोहोरमैला व्यवस्थापन कार्यक्रम
- वातावरणमैत्री स्थानीय शासन कार्यक्रम
- ग्रिन पार्क निर्माण तथा संचालन
- प्लाष्टिजन्य पदार्थहरुको प्रयोगमा नियन्त्रण गर्न ऐन नियम निर्माण

## ८.४ विपद् जोखिम व्यवस्थापन

## क. संभावना, अवसर र विद्यमान अवस्था

विपद् जोखिम व्यवस्थापनकालागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । गाउँपालिकाले विपद् व्यवस्थापन योजना तर्जुमा तथा विपद कोष बनाउने तयारीमा रहेको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप रहेको छ । आपत्कालीन प्रतिकार्यको लागि सामुहिक आश्रय स्थल निर्माण गर्न पर्याप्त खाली जमिन रहेको छ। वर्षैभरि जलस्रोत उपलब्ध गराउने विभिन्न खोला खोल्साहरू रहेका छन् । वि.सं. २०७२ को भूकम्पपछि भूकम्प प्रतिरोधी घरहरुको निर्माण भएको हुँदा भूकम्पीय जोखिमका दृष्टिकोणले सो भन्दा अगाडिको तुलनामा सुरक्षित अवस्थाको आँकलन गर्न सकिन्छ ।

स्थानीय विपद जोखिम व्यवस्थापन ऐन बनेको छ । विपद् पूर्व तयारी तथा प्रति कार्य योजना तयार गरिएको छ । सबै वडा स्तरीय विपद व्यवस्थापन समिति छ । तालिम प्राप्त जनशक्ति छ (दारेचोकमा) सशस्त्र प्रहरी बल, रेडक्रस सोसाइटी (५०), सशस्त्र, विपद् व्यवस्थापन तालिम शिक्षालय - आवश्यक भौतिक पूर्वाधर छ, खोज तथा उद्धारका सम्पूर्ण सामाग्री रहेका छन् ।

### ख. समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ । गाउँपालिकामा भूकम्प, हावाहुरी, पहिरो, बाढी, खडेरी, महामारी, जनावर आतंक लगायत अन्य विभिन्न किसिमका प्रकोपहरू दोहोरिरहने गरेका छन् । विभिन्न स्थानमा नांगाडाँडा रहेका हुँदा भूस्खलनको जोखिम रहेको छ । विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन ।

**ग.उद्देश्यः** विपद् जोखिम, विपद्जन्य क्षति र जलवायु परिवर्तनको असर न्यूनीकरण भएको हुनेछ ।

### घ. सूचक तथा लक्ष परिमाण

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | ४ | ० | ० | ० | | स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ । |
| | तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ५० | ६५ | ८० | १०० | | |
| | विपदबाट वार्षिक क्षती ( जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | लाख | १०००० | ५००० | ३५०० | २५०० | | |
| | नदि कटान र डुवानबाट प्रभावित क्षेत्र | विघाहा | १० | ८ | ५ | २ | | |
| | सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ० | २ | ४ | ७ | | |
| | स्थानीय विपद व्यवस्थित सूचना केन्द्रवाट ज्ञान तथा सिकाई प्राप्त गर्ने | जना | २४ | ३० | ४० | ५० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | व्यक्ति | | | | | | | |
| | विपद् व्यवस्थापन कोष रकम (बार्षिक) | रु. हजारमा | ७२० | १००० | १५०० | १६००० | | |
| | सुरक्षित, व्यवस्थित आवास क्षेत्र/वस्ती | संख्या | ० | २ | ५ | ७ | | |
| | विपद्बाट प्रभावित घरपरिवार ( २०७५/७६) | संख्या | ३०० | २५० | २०० | १०० | | |
| | अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | २५ | २० | १० | ५ | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| समुदाय तथा सरोकारवालाहरूसँगको साझेदारी तथा सहकार्यमा आधारित भई विपद् पूर्वतयारी, सचेतना तथा क्षमता अभिवृद्धिलाई केन्द्रीत गरी विपद् जोखिम न्यूनीकरण गर्ने । | १. वस्ती वस्तीमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ ।<br>२. समिति तथा कार्यदलहरूलाई तालिमलगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. प्रमुख वस्तीहरूमा उद्दार सामग्रीहरू भण्डारण गरी नियमित अद्यावधिक गरिनेछ ।<br>४. बायोइन्जिनिङ प्रविधि प्रवर्द्धन नदी तटबन्धन तथा पहिरो नियन्त्रणलाई दिगोपन दिइनेछ ।<br>५. हरेक किसिमका विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणाहरूलाई सम्बोधन गरिनेछ ।<br>६. आवश्यक पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत्कालका लागि सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ ।<br>७. गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको प्रतिनिधिलाई गाउँ, वडा तथा वस्तीस्तरीय कार्यक्रमहरूमा अनिवार्य रुपमा सहभागी गराई विपद् व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ । |

## च. प्रमुख कार्यक्रम

- विपद् व्यवस्थापन समिति क्षमता अभिबृद्धि कार्यक्रम
- आपत्कालीन आश्रयस्थल निर्माण
- विपद पूर्व तयारी कार्यक्रम
- पालिका स्तरीय आपतकालिन कार्य सञ्चालन केन्दको स्थापना
- वडामा विपद व्यस्थापन समिति गठन
- सामुदायिक विपद रेस्पोन्डर स्वयंसेवक व्यवस्थापन र परिचालन कार्यक्रम
- दमकल व्यवस्थापन कार्यक्रम

- एम्बुलेन्स व्यवस्थापन कार्यक्रम
- सडक सुरक्षा सचेतना केन्द्र स्थापना गर्ने
- आपत्कालीन उद्धार सामग्रीहरु व्यवस्थापन तथा पुनर्भरण कार्यक्रम
- रक्त संकलन केन्द्र स्थापना र संचालन
- आपतकालिन आकस्मिक कोष
- प्राथमिक उपचार प्रशिक्षण कार्यक्रम
- जगंली जनावर आतंक क्षति न्यूनिकरण कार्यक्रम

## परिच्छेद नौ : सुशासन तथा संस्थागत विकास

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रुपमा स्थापित गरिएको छ। लामो समयदेखि जनप्रतिनिधिविहिन भए पश्चात निर्वाचित स्थानीय सरकारसंग नागरिकले ठूलो अपेक्षा राखेका छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै दायित्व स्थानीय सरकारले प्रदान गर्ने सेवा प्रवाह र विकास कार्यलाई विधिसम्मत ढंगले जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी प्रभावकारी बनाउने अहम दायित्व रहेको छ। बदलिदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ। जनआकांक्षालाई सम्बोधन गर्न बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी छ। दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ। दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-**१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी)** यस क्षेत्रसंग जोडिएका लक्ष्यहरू हुन्। यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापन प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत ब्यवस्थापन गर्नुपर्दछ।

संघीय व्यवस्था अनुसार सवैधानिक अधिकारबाट स्थापित स्थानीय सरकार जनताको घरदैलोको सरकारको रुपमा हेरिएको छ। नागरिकले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन्। संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम दायित्व स्थानीय सरकारको हो। स्थानीय सरकारको फराकिलो अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएकोछ। चुलिदै गएका जनआकांक्षा पुरा गर्न हिजोको तरिकाबाट सम्भव देखिदैन। बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरु अवलम्बन गर्न जरुरी देखिएको छ। संस्थागत क्षमता विकास, कर्मचारी व्यवस्थापन र साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ स्थानीय सरकारले विशेष ध्यान दिन आवश्यक रहेको छ। यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापन प्रभावकारिता अभिबृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको लागि प्रविधी मैत्री कार्य सम्पादन, जवाफदेहीता र पारदर्शिता अभिवृद्धि गरी प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने विषयगत उद्देश्य तय गरिएको छ।

### ९.१ संस्थागत क्षमता विकास

#### क. संभावना, अवसर र बिद्यमान अवस्था

गाउँसभा र कार्यपालिकाबाट शिक्षा, सहकारी ऐन लगायत एफएम रेडियो संचालन, 'घ' वर्गको निर्माण व्यवसाय दर्ता र अपाङ्ग परिचय पत्र वितरण कार्यविधि लगायत २३ वटा ऐन, नियम र कार्यविधि तर्जुमा भई कार्यान्वयनको अवस्थामा रहेका छन्। सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेबसाइट र सूचना पाटी, नागरिक वडा पत्र मार्फत सार्वजनिक गर्ने गरिएको छ।

सरकार संचालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिका र संघीय सरकारको लगानीमा गाउँ कार्यपालिका भवन निर्माणधिन रहेको छ। हाल गाउँपालिका रहेकै भवनको सिमित कोठामा सिमित कार्यालय संचालन हुँदै आएको छ। वडा नं. १, ५ र ७ को वडा भवन छ भने अन्य वडाको आफ्नो भवन छैन।  वडा नं. ६ को वडा कार्यालयको आफ्नो भवन छ तर पायकपर्ने स्थानमा नहुँदा भाडाको कोठामा कार्यालयको कामकाज हुने गर्दछ। वडा नं. १ को वडा कार्यालयबाट कृषिउपज केन्द संचालनमा रहेको छ। वडा नं. २ को वडा कार्यालय समुदायिक भवनमा संचालित छ। गाउँपालिकाले प्रत्येक वडा कार्यालयमा एउटा मोटरसाइकल प्रदान गरेको छ भने गाउँपालिकामा ४

पाङग्रे सवारी साधन २ वटा र ८ थान मोटरसाईकल, हालको भवनमा आधारभूत भौतिक व्यवस्था सहितको कार्यालय व्यवस्थापन गरिएको छ । समायोजन प्रक्रियासँगै हाल वडा तहमा २० र गाउँपालिकमा ८३ जना कर्मचारी कार्यरत रहेका छन् ।

स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शनको व्यवस्था अनुसार गाउँपालिकाको विषयगत वस्तुस्थिति झल्कने विवरण सहितको वस्तुगत विवरण तयार भई गाउँपालिकाको समष्टिगत आर्थिक सामाजिक विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम सहितको आवधिक योजना तर्जुमासँगै अद्यावधिक गरिएको छ । बार्षिक बजेट तथा योजना तर्जुमा टोलवस्तीबाट शुरु गर्ने योजना तर्जुमा प्रक्रियामा सेवाग्राही नागरिक र नागरिक समाजका प्रतिनिधिको समेत सहभागिताको व्यवस्था गरिएको छ । गाउँपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा रहेको सडक तथा यातायातलाई मापदण्ड सहित प्राथमिकता अनुसार व्यवस्थित रुपमा संचालन गर्न यातायात गुरुयोजना तर्जुमा र स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ । यसैगरी विकास लगानीको अर्को प्रमुख क्षेत्रको रुपमा रहेको खानेपानी तथा सरसफाई सम्बन्धी गुरुयोजना तर्जुमाको चरणमा रहेको छ । संचालित आयोजना तथा कार्यक्रमको प्रक्रिया अनुगमनको कार्य हुने गरेको छ । गाउँपालिका कूल आय बजेटमा आन्तरिक श्रोतको योगदान मात्र १५.९१% रहेको छ ।

### ख. समस्या तथा चूनौति

नेपालको संविधान, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, संघीय कानून बमोजिम गाउँपालिकाले, कृषि प्रसार तथा व्यवसाय, आधारभूत स्वास्थ्य तथा सरसफाई, पूर्वाधार विकास, महिला, बालबालिका र सशक्तिकरण लगायतका विषयमा ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड तर्जुमा हुन सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको कार्यान्वयन तथा पालनाको स्थिति कमजोर छ । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभै पूर्वाधार विकास खास गरी सडक निर्माणमा बजेटको ठूलो अंश खर्च गर्ने गरिएको छ । रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजनामा लगानी कम रहेको छ ।

कार्यापालिका कार्यालय, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार कर्मचारीको पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाई देखिएको छ । वडा कार्यालय भवन निर्माण कार्य बाँकी रहँदा सेवा प्रवाहमा असुविधा रहेको छ । नतिजामुखी योजना तर्जुमा अभ्यासको कमी, प्राथमिकता निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम धैरै संख्यामा रहेको कारण आयोजना तथा कार्यक्रमको गुणस्तर कायम गर्न सकिएको छैन । ज्ञान, सीप, ढाँचा तथा अनुभवको कमीको कारण आन्तरिक आयको शीर्षकगत अनुमान गरी राजस्व संकलन गर्न र सो अनुसारको अभिलेख राख्न नसकेको अवस्था छ ।

सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, निजी क्षेत्र र समुदायको साझेदारी राम्रोसँग हुन सकेको छैन । गाउँपालिकामा स्थानीय गैसस, व्यावसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धि अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, भएका कार्यको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक निजी र गैसस लागयतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने व्यवस्थासम्म मिलाउन नसकेको अवस्था छ । प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई परिचालन गर्न सकिएको छैन ।

**ग. उद्देश्य :** संगठन विकास तथा स्थानीय सेवा व्यवस्थापन, क्षमता र कार्य सम्पादनमा अभिबृद्धि भएको हुनेछ ।

## घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा (आ.व. ०७६/७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | मानव संशाधन | संख्या | ८३ | ९० | १०० | ११० | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन | संगठन संरचनामा परिमार्जन भई सोही अनुसार कर्मचारीको पदपूर्ति हुनेछ ।<br>कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि भएको हुनेछ |
| २ | प्राविधिक मानव संशाधन | संख्या | १५ | १५ | २० | २५ | | |
| ३ | कार्यपालिका तथा वडा कार्यालय भवन | संख्या | २ | ४ | ५ | ७ | | |
| ४ | संचालित स्थानीय शासन, योजना तर्जुमा तथा सेवाप्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | २ | ३ | ४ | | |

## घ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने । | १. सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक मैत्री रुपमा निर्माण गरिनेछ ।<br>२. पेपरलेस सरकारको अवधारणा क्रमशः लागू गरिनेछ ।<br>३. सेवा प्रवाहको वैकल्पिक व्यवस्थाको लागि गैसस, निजी क्षेत्र तथा सामुदायिक संस्थासँग साझेदारी गरिनेछ ।<br>४. सरकारी जग्गा, भवन, संरचनाको अभिलेख तयार गरी संरक्षण र उपयोग गरिनेछ ।<br>५. उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा शाखा वा केन्द्र स्थापना गरी सेवा संचालन गरिनेछ । |

## ङ. प्रमुख कार्यक्रम

- एकीकृत विषयगत सेवा प्रवाह सहितको गाउँ कार्यपालिका र वडा कार्यालय भवन निर्माण र स्तरोन्नती
- अन्तर स्थानीय तह अध्ययन, परामर्श तथा टिम विल्डिङ कार्यक्रम
- कर्मचारी प्रोत्साहन कार्यक्रम
- जनप्रतिनिधि र कर्मचारी क्षमता अभिबृद्धि कार्यक्रम
- टोल विकास संस्था गठन तथा परिचालन

- टोल विकास संस्था गठन तथा परिचालन
- गाउँ कार्यापालिका विषयगत शाखा र वडा कार्यालयको कार्य कक्ष, प्रतिक्षालय, उपकरण, प्रविधि र भौतिक सुधार कार्यक्रम
- संगठन तथा व्यवस्थापन सर्वेक्षण, विकास तथा सुदृढीकरण कार्यक्रम
- लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम
- स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम
- न्यायिक समिति र मेलमिलाप केन्द्र संचालन तथा न्यायिक कार्य सम्पादन भौतिक सुधार कार्यक्रम
- ठूला तथा साना होटल र व्यावसायीहरुलाई समेटी सेवा प्रभावकारिता र पारदर्शिता सम्वन्धी गोष्ठी

## ९.२ कानून नीति तथा सुशासन

### क. संभावना, अवसर र बिद्यमान अवस्था

गाउँपालिकाको गाउँसभाले सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउनको लागि बिबिध विषय वा क्षेत्रका गरी १२ वटा ऐन, कानून तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याइसकेको छ भने ६ वटा विषयगत समितिलाई क्रियाशील बनाएको छ। पारदर्शिताको लागि गाउँपालिका कार्यालयमा नागरिक वडापत्र, डिजिटल सुचना पाटी तथा बेबसाइटको शुरूवात भएको । योजना अनुगमन तथा मूल्यांकन समिति समावेशी बनाएको छ । पारदर्शिताको लागि चौमासिक रूपमा सार्वजनिक सुनुवाइ हुने गरेको छ भने मासिक रूपमा आय व्ययका विवरण सार्वजनिक गर्ने गरिएबाट गाउँपालिका सुशासन कायम गर्ने तर्फ क्रमशः अग्रसर संकेत पाइन्छ। गाउँपालिकामा गुनासो सुन्ने व्यवस्था रहेको छ ।

### ख. समस्या र चुनौति

गाउँपालिका क्षेत्रमा स्थानीय पत्रपत्रिकाको अभाव, वडा कार्यालयबाट ब्यक्तिगत घटना दर्ता अनलाइन मार्फत बाट शुरू हुन नसक्नु, ग्रामिण वडाहरूमा सामाजिक सुरक्षा भत्ता बैकिंग प्रणालीबाट वितरण गर्न नसक्नु, हेल्पडेस्कको ब्यबस्था नहुनु जस्ता समस्याहरू देखिएका छन् । विषयगत समितिलाई विषय वा क्षेत्रको जिम्मेवारी सहित नियमित वैठक संचालन गराई कार्यपालिकालाई विषय वा क्षेत्रगत सुझाव पेश गर्ने व्यवस्था हुन सकेको छैन । यसै गरी गाउँ सरकारको लागि आवश्यक ऐन, नियम तथा कार्यविधिहरू बनाउदा स्थानीय परिवेस बमोजिम बनाउन नसकिएको, सार्वजनिक सुनुवाइ कार्यक्रम प्रभावकारी एवं व्यवस्थित बनाउन नसकिएको, उपभोक्ता समितिमा सार्वजनिक परिक्षण सम्वन्धी ज्ञान सिपको कमी एवं सामाजिक जवाफदेहिता, पारदर्शिता तथा उत्तरदायित्व सम्वन्धी कार्यविधि तथा प्रभावकारी अभ्यासको कमी रहेका छन् । गाउँपालिकामा प्रयाप्त ऐन, नीति, नियम, कार्यविधि तयार नहुनु र बनेका नीति, नियम, कार्यविधि कार्यान्वयन तथा पालनाको स्थिति कमजोर छ । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभै पूर्वाधार विकास खास गरी सडक निर्माणमा बजेटको ठूलो अंश खर्च गर्ने गरिएको छ ।

**ग. उद्देश्यः** स्थानीय नीति तथा कार्य सम्पादन प्रणाली सरल, स्पष्ट तथा पारदर्शी भएको हुनेछ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | नीति र ऐन कानून नियम तथा विनियम निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | १२ | १५ | २० | २७ | वस्तुस्थिति विवरण सर्वेक्षण प्रतिवेदन प्रगति/अनुगमन प्रतिवेदन दिगो विकास लक्ष्य | संगठन संरचनामा परिमार्जन भई सोही अनुसार कर्मचारीको पदपूर्ति हुनेछ। कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि भएको हुनेछ |
| २ | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र - विधयेक, आर्थिक, वातावरण, संस्थागत तथा क्षमता विकास, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | ६ | ८ | १० | १२ | | |
| ३ | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारको प्रकार (क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदि) | प्रकार | ३ | ५ | ७ | ७ | | |
| ४ | स्थानीय कानून, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरु (संचार माध्यम, सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिक, सामाजिक सञ्जाल, हेलो सरकार आदि) | प्रकार | १ | ३ | ४ | ५ | | |
| ५ | गाउँपाालिका पेश भएका नीति, योजना तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख प्रतिशत (सामाजिक संजालबाट आएको र समाधान गरिएको) | प्रतिशत<br>मौखिक गुनासो केही मात्रामा आएको | २० | १५ | १० | ५ | | |
| ६ | गाउँपाालिका पेश भएका नीति, योजना तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो अभिलेख | प्रतिशत | २० | २५ | ५० | १०० | | |

## ङ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय कानून, नीति, नियम, निर्णय, कार्य सम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने। | १. संविधान, संघीय र प्रदेश कानूनको आधारमा स्थानीय तहको अधिकार क्षेत्रका विषयमा ऐन, नीति, नियम, कार्यविधि तथा मापदण्ड विकास  तथा प्रवोधीकरण गरी परिपालना बृद्धि गरिनेछ।<br>२. स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. गाउँपालिकाको नीति, निर्णय,, सेवा प्रवाह र कार्यसम्पादनबारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>४. स्थानीय कानुन तथा नीति निर्माणमा सबै पक्षको सहभागिता तथा चासो समावेश गरिनेछ । |

## च. प्रमुख कार्यक्रम

- ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रवोधीकरण तथा प्रकाशन
- सुशासन र जबाफदेहिता प्रवर्द्धन कार्यक्रम
- सूचना तथा सहायता कक्ष संचालन
- सूचना प्रविधिमैत्री शासन प्रवर्धन
- विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम
- लैंगिक समानता तथा समाजिक समावेशीकरण स्थानीयकरण कार्यक्रम
- संघीय, प्रदेश र अन्य आवश्यक ऐन, कानून र सुशासन प्रवर्द्धन सम्वन्धी अध्ययन सामग्री खरीद
- सार्वजनिक परीक्षण
- सामाजिक परीक्षण
- वित्तिय व्यवस्थापन सुधार कार्यक्रम (राजश्व सुधार, खर्च व्यवस्थापन सुधार)
- प्रगति समीक्षा
- इच्छाकामना बुलेटन (इबुलेटिन समेत)
- नागरिक बडापत्र स्थापना

## ९.३ श्रोत परिचालन तथा व्यवस्थापनः

### क. संभावना, अवसर र बिद्यमान अवस्था

गाउँपालिकाले को आन्तरिक आय तर्फ कर तथा गैरकर राजश्व गरी करीव १० करोड १२ लाख रहेको छ। आन्तरिक श्रोतमा कर राजश्व भन्दा गैरकर राजश्वमाथीको निर्भरता वढि देखिन्छ। यसैगरी विभिन्न स्थलहरूमा पर्यटन पूर्वाधार प्रर्वद्धन गर्न सकेको खण्डमा थप श्रोत परिचालन गर्न सकिने संभावना देखिन्छ । पर्ति ऐलानी र वांझो जमिनमा कवुलियती खेती, व्यवसायिक खेती संचालन गर्न सकेको खण्डमा थप श्रोत परिचालन हुन सक्ने देखिन्छ । गाउँपालिकाले समयमै गाउँसभाबाट बजेट स्विकृत गर्ने गरिएको र लेखा प्रणालीलाई कम्प्यूटराइज्ड गरिएको छ । रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजनामा लगानी कम रहेको छ। बजेटको बेरुजु १२% देखिएको छ।

### ख. समस्या र चुनौती

स्थानीय स्थानीय स्तरमा रहेको सम्पत्ति, व्यवसाय, अन्य राजश्व आधार सम्बन्धी तथ्यांकको अभाव, उत्पादन र क्षेत्रफलमा आधारित मालपोत प्रणालीको स्थानमा जमिन वा भौतिक संरचनाको व्यापारिक मूल्यको आधारमा लगाइने वैज्ञानिक सम्पत्तिकर प्रणाली लागु हुन नसक्नु, राजश्व संकलनका साझा अधिकार क्षेत्रको विषयमा संघ तथा प्रदेशबाट संबिधान प्रदत्त व्यवहारको कमी, दोहोरो करको सम्भावना, कर सचेतना सम्बन्धी कार्यक्रमहरूको अभाव, वडा कार्यालयहरूमा इन्टरनेट संचार एक आपसमा नजोडिएकोले सूचना आदान प्रदानमा गर्न कठिनाइ र पर्यटन प्रबर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम भए पनि कार्यान्वयनमा कमी जस्ता प्रमुख चुनौतिको रूपमा रहेका छन् ।

गाउँपालिकामा उपलब्ध भौतिक तथा मानवीय स्रोत लगायत राजस्व आम्दानीलाई व्यवस्थापन गर्न आवश्यकीय व्यवस्थित एकीकृत ऐन, नियम र कार्यविधि तयारी तथा सोको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ । तर हाल प्रयाप्त

ऐन, नियम, विनियम, कार्यविधि तयार नभइरहेको हुँदा यथासम्भब छिटो तयार गरी प्रभावकारी कार्यान्वयन गरिने नीति लिइनेछ ।

### ग. सूचक तथा लक्ष परिमाण

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| आन्तरिक राजश्व संकलन तथा वाह्य श्रोत परिचालन क्षमतामा अभिवृद्धि भएको हुनछ । | आन्तरिक आय | रु. लाख | १०१२ | १२६५ | १९७६ | ३०८८ | वस्तुस्थिति विवरण<br>सर्वेक्षण प्रतिवेदन<br>प्रगति/अनुगमन प्रतिवेदन<br>वित्तिय प्रतिवेदन | ाजश्व सुधार कार्ययोजना तयार भई कार्यान्वयन भएको हुनेछ ।<br>अन्तराष्ट्रिय दातृ निकायको सहयोग प्राप्त भएको हुनेछ ।<br>संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदाय बीच समन्वय तथा सहकार्य भएको हुनेछ ।<br>राजश्व सुधार कार्ययोजना तयार भई कार्यान्वयन भएको हुनेछ । |
| | संघिय सरकार | | | | | | | |
| | वित्तिय समानीकरण | रु. लाख | ९६८ | १००३ | १२१३ | १४६८ | | |
| | शसर्त अनुदान | रु. लाख | १९८२ | २०९८ | ३०२१ | ४३५० | | |
| | समपुरक अनुदान | रु. लाख | ० | | ६२५ | ९७६ | | |
| | विशेष अनुदान | रु. लाख | ० | ० | ११०० | १३३१ | | |
| | अन्य अनुदान पूँजीगत | रु. लाख | २०० | २२० | २६६ | ३२२ | | |
| | राजश्व बाँडफाँडबाट प्राप्त अनुदान (संघ तथा प्रदेश ) | रु. लाख | ९४६ | १०४१ | १२५९ | १५२४ | | |
| | प्रदेश सरकार | | | | | | | |
| | वित्तिय समानीकरण | रु. लाख | १०१ | १०१ | १५८ | २४८ | | |
| | शसर्त अनुदान | रु. लाख | २७६ | २०० | २८८ | ४१५ | | |
| | समपुरक अनुदान | रु. लाख | ४५ | ११० | १३० | १५० | | |
| | विशेष अनुदान | रु. लाख | | ५० | ७० | ९० | | |

### घ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने । | १. राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| करको दायरा फराकिलो बनाई आन्तरिक राजस्व अभिवृद्धि गर्ने । | १. कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधि तयार पारिने छ ।<br>२. सबै प्रकारका आर्थिक तथा व्यवसायिक कारोबारमा संलग्न व्यक्ति तथा संस्थाहरूलाई स्थायी लेखा नम्बरका आधारमा करको दायरामा ल्याइनेछ ।<br>३. राजश्व अभिवृद्धिका लागि करदाता शिक्षालाई विस्तार गरी कर सम्बन्धी सचेतना अभिवृद्धि गरिनेछ ।<br>४. स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ । कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधि बारे जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ ।<br>५. स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ ।<br>६. राजस्व परामर्श समितिको क्रियाशिलता बृद्धि गरिनेछ । |

### ङ. प्रमुख कार्यक्रम

- आन्तरिक आयको संभावना अध्ययन र प्रक्षेपण
- करदाता शिक्षा कार्यक्रम
- उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम
- प्रशासन शाखा स्थापना र सुदृढीकरण
- अन्तर स्थानीय तह, संघीय तथा प्रदेश, निजी क्षेत्र र विकास साझेदार समन्वय कार्यक्रम
- वित्तिय व्यवस्थापन सुधार कार्यक्रम
- आय तथा अनुदान वृद्धिका लागि विस्तुत परियोजना प्रतिवेदन तयारी तथा पेश

## ९.४ विकास व्यवस्थापन

### क. संभावना, अवसर र बिद्यमान अवस्था

गाउँपालिकाबाट संचालन गरिने वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा निर्धारित ७ चरणहरू पूरा गर्ने गरिएको छ । वार्षिक नीति, कार्यक्रम र बजेट कार्यान्वयनमा सरोकारवाला सहित लक्षित वर्गको सहभागिता सुनिश्चित गरिएको छ भने उपभोक्ता समिति गठन र परिचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । गाउँ स्तरीय, वडा स्तरीय र उपभोक्ता स्तरीय अनुगमन समिति गठन र नियमन, योजनाको सार्वजनिक सुनुवाई एवं योजना सम्बन्धि सूचना पाटीको व्यवस्थाले योजना व्यवस्थापन पारदर्शिता एवं जवाफदेहि देखिन्छ ।

### ख. समस्या र चुनौति

विषयगत समितिहरूबाट विषयगत र क्षेत्रगत रूपमा समग्र योजना तर्जुमा र आयोजना कार्यक्रम तर्जुमा हुन सकिरहेको अवस्था छैन भने अन्य विषयगत कार्यालयहरूसंगको समन्वयमा कमी रहेको अवस्था छ । आवधिक योजना तयार भैनसकेको कारण आयोजना बैंकको व्यवस्था नभएको, प्रत्येक ३/३ महिनामा सार्वजनिक हुनु पर्ने सूचनाहरू सार्वजनिक हुन नसकेको र विषयगत कार्यालयबाट प्रदान गरिने सेवा सुविधाका लागि जिल्ला धाउनु पर्ने बाध्यता जस्ता समस्या र चुनौति प्रमुख रहेको छ । अधिकांस पुर्वाधारमा हाल लैङ्गिक, अपाङ्ग तथा वालमैत्री अवधारणा लागू गरिएको छैन तसर्थ सेवाग्राही तथा लक्षित वर्गले अपेक्षाकृत सेवा लिन सकिरहेका छैनन् ।

**ग.उद्देश्य :** सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर बृद्धि भएको हुनेछ ।

### घ.सूचक तथा लक्ष परिमाण

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| १ | नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | २७ | ३० | ३५ | ४० | सार्वजानिक सुनुवाई प्रतिवेदन<br>नीति तथा कार्यक्रम र वार्षिक बजेट सम्बन्धी प्रतिवेदन | संगठन संरचनामा परिमार्जन भई सोही अनुसार कर्मचारीको पदपूर्ति हुनेछ। |
| २ | सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न, पिछडिएको र लक्षित वर्ग | घरधुरी | ५०० | ७०० | ८०० | १००० | | |
| ३ | क्रियाशिल तथा साझेदार गर्ने गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ७ | १० | १५ | २० | | |
| ४ | स्वीकृत स्थानीय गौरवका आयोजना | संख्या | ७ | ९ | ९ | १० | | |
| ५ | स्वीकृत स्थानीय रणनीतिक/गुरुयोजना | विषय क्षेत्र | १ | २ | ३ | ३ | | |
| ६ | नतिजामूलक ढाँचामा आवधिक योजना तर्जुमा | भए/नभएको | ० | १ | १ | १ | | |
| ७ | अनुगमन तथा मूल्याङ्कन ढाँचा | भए/नभएको | भएको | भएको | भएको | भएको | | |
| ८ | समयमा सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | ६० | ७० | ८० | ९० | | |
| ९ | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | १ | २ | २ | २ | | |
| १० | गापाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | १ | २ | २ | २ | | |
| ११ | टोल वस्तीमा योजना | प्रतिशत | ३५ | ४० | ४५ | ४५ | | |

| क्रम संख्या | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७६/७७ सम्मको अवस्था) | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका) | | | | | | | |

## घ. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक तथा नतिजामूलक बनाउने । | १. पुर्वाधार विकास गर्दा लैङ्गिक, अपाङ्ग तथा वालमैत्री अवधारणा लागू गरिनेछ ।<br>२. योजना संचालन गर्दा जनसहभागिता अभिवृद्धि गरिनेछ ।<br>३. आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ ।<br>५. बैज्ञानिक भुउपयोग नीति तर्जुमा गरी लागू गरिनेछ ।<br>६. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा गरिनेछ । |

## ङ. प्रमुख कार्यक्रम

- आयोजना वैंक पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी
- आवधिक तथा विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम
- तेश्रो पक्षबाट प्राविधिक परीक्षण कार्यक्रम
- उपभोक्ता समिति क्षमता विकास कार्यक्रम
- मद्यकालिन खर्च संरचना तर्जुमा
- डिजिटल गाउँ वस्तुस्थिति निर्माण
- नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण

# परिच्छेद दश : बित्तीय व्यवस्थापन

आवधिक विकास योजनाको सफल कार्यान्वयनका लागि प्रभावकारी वित्तीय व्यवस्थापन आवश्यक पर्दछ। गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत-साधन, संघ, प्रदेश बाट प्राप्त हुनसक्ने वित्तीय हस्तान्तरण, सशर्त अनुदान तथा राजस्व बाँडफाँड लगायत अन्य बाह्य स्रोतबाट प्राप्त हुने रकम समेतको अधिकतम उपयोग गरी आवधिक योजनाद्वारा अपेक्षित लक्ष्य वा प्रभाव तहको नतिजा, उद्देश्य वा असर तहको नतिजा र वार्षिक रूपमा प्राप्त गर्ने प्रतिफल तहको नतिजाहरू हासिल गर्नका लागि नतिजा उन्मुख वित्तीय व्यवस्थापन गरिनु आवश्यक हुन्छ ।

## १०.१ सम्भावित स्रोत व्यवस्थापन र नपुग स्रोत परिचालन

यो आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिनेछ। उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने निःशर्त तथा समानीकरण अनुदान, स्थानीय तहलाई राजस्व बाँडफाँड बापत प्राप्त हुने रकम, निर्वाचन क्षेत्र विकास कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, दातृ संस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्थाबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

**तालिका ३: बजेटका श्रोतहरु र वार्षिक प्रक्षेपण**

| गत वर्षको अ.ल्या | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | कूल |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक आय | ७९३०२ | १०१२०० | १११३२० | १२२४५२ | १३४६९७ | १४८१६७ | १६२९८४ | ६७९६२० |
| संघिय सरकार | २७१२०३ | २९५००० | ३१०१०० | ३३६०९५ | ३६४४३९ | ३९५३५४ | ४२९०८३ | १८३५०७१ |
| वित्तिय समानीकरण | ९१७०० | ९६८०० | १००३०० | १०५३१५ | ११०५८१ | ११६११० | १२१९१५ | ५५४२२१ |
| शसर्त अनुदान | १७९५०३ | १९८२०० | २०९८०० | २३०७८० | २५३८५८ | २७९२४४ | ३०७१६८ | १२८०८५० |
| राजश्व बाँडफाँडबाट प्राप्त अनुदान (संघ तथा प्रदेश ) | ५५७१७ | ९४६५३ | १५४५८ | १७००४ | १८७०४ | २०५७५ | २२६३२ | ९४३७३ |
| विशेष अनुदान | ५०००० | | ५२५०० | ५५१२५ | ५७८८१ | ६०७७५ | ६३८१४ | २९००९६ |
| अन्य अनुदान पूँजीगत | | २०००० | २१००० | २२०५० | २३१५३ | २४३१० | २५५२६ | ११६०३८ |
| प्रदेश सरकार | ४२०२२ | ४२३८३ | ४८८६२ | ५९१४२ | ७१६०६ | ८६७२१ | १०५०५७ | ३७१३८८ |
| वित्तिय समानीकरण | ७९२८ | १०१३१ | १०१६० | १२७०० | १५८७५ | १९८४४ | २४८०५ | ८३३८३ |
| शसर्त अनुदान | २२६९० | २७६९० | ३३२२८ | ३९८७४ | ४७८४८ | ५७४१८ | ६८९०२ | २४७२६९ |
| समपुरक अनुदान | ११४०४ | ४५६२ | ५४७४ | ६५६९ | ७८८२ | ९४५९ | ११३५१ | ४०७३५ |
| सवारी साधन कर | | | १५४५८ | १६२३१ | १७०४२ | १७८९५ | १८७८९ | ८५४१५ |
| **जम्मा** | **४९८२४३** | **५५३२३६** | **५७४६९८** | **६२८०९९** | **६८७५२२** | **७५३७९६** | **८२७८८५** | **३४७२०००** |

## १०.२ विषय क्षेत्र अनुसार प्रस्तावित बजेट

विषय क्षेत्रगत रुपमा वृहत कार्यशाला गोष्ठीको छलफल, प्रचलित अभ्यास, प्राविधिक विश्लेषण र प्रति इकाई लागतका आधारमा आवधिक विकास योजनामा ५ वर्षको कुल वजेट रु.४ अर्व ११ करोड ५१ लाख १० हजार अनुमान गरिएको छ । यसर्थ आवधिक योजनाको प्राथमिकताका आधारमा प्रस्तावित क्रियाकलापहरूको कार्यान्वयनका लागि प्रभावकारी समन्वय एवं व्यवस्थापन गर्नुपर्ने देखिन्छ। आवधिक विकास योजनाअनुसार विषय क्षेत्रगत ५ बर्षको बजेट प्रक्षेपण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट**

| विषय क्षेत्र | कुल अनुमानित लागत (रु. हजार) | प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| **१. आर्थिक विकास** | **७४८५००** | **१८.१९** |
| प्रतिफल १.१ (कृषि विकास) जम्मा | ६०००० | १.४६ |
| प्रतिफल १.२ (सिंचाई) जम्मा | १८९००० | ४.५९ |
| प्रतिफल १.३ (पशु विकास) जम्मा | २५९००० | ६.२९ |
| प्रतिफल १.४ (उद्योग र व्यापार) जम्मा | १०८५०० | २.६४ |
| प्रतिफल १.५ (पर्यटन विकास) जम्मा | ८८५०० | २.१५ |
| प्रतिफल १.६ ( सहकारी तथा वित्तिय सेवा) जम्मा | ४३५०० | १.०६ |
| **२. सामाजिक विकास** | **११५९९६०** | **२८.१९** |
| प्रतिफल २.१ (शिक्षा तथा सीप विकास) जम्मा | २०९२६० | ५.०९ |
| प्रतिफल २.२ (स्वास्थ्य तथा पोषण) जम्मा | २३५८०० | ५.७३ |
| प्रतिफल २.३ (खानेपानी तथा सरसफाई) जम्मा | ४६०००० | ११.१८ |
| प्रतिफल २.४ (लैंगिक समानता तथा सामाजिक समावेशीकरण) जम्मा | २२९०० | ०.५६ |
| प्रतिफल २.५ (युवा तथा खेलकुद) जम्मा | २१८००० | ५.३ |
| प्रतिफल २.६ (कला तथा संस्कृति | १४००० | ०.३४ |
| **३. उर्जा तथा पुर्वाधार विकास** | **१९३३२००** | **४६.९८** |
| प्रतिफल ३.१ (सडक तथा यातायात) जम्मा | १०५३५०० | २५.६ |
| प्रतिफल ३.२ (आवास भवन तथा शहरी विकास) जम्मा | ३१०१०० | ७.५४ |
| प्रतिफल ३.३  विद्युत तथा उर्जाको जम्मा | ५४८००० | १३.३२ |
| प्रतिफल ३.४ (सूचना तथा संचार) जम्मा | २१६०० | ०.५२ |
| **४.वन, वातावरण तथा विपद व्यवस्थापन** | **१७५८००** | **४.२७** |
| प्रतिफल ४.१: १.१ वन तथा जैविक विविधता | १२५०० | ०.३ |
| प्रतिफल ४.२: भूमि तथा जलाधार व्यवस्थापन जम्मा | ३६००० | ०.८७ |
| प्रतिफल ४.३: वातावरण व्यवस्थापन जम्मा | १९१०० | ०.४६ |
| प्रतिफल ४.४ विपद व्यवस्थापन जम्मा | १०८२०० | २.६३ |
| **५. सुशासन तथा संस्थागत विकास** | **९७६५०** | **२.३७** |
| प्रतिफल ५.१ कानून, नीति तथा शुसासन जम्मा | ११११०० | ०.२७ |
| प्रतिफल ५.२ संस्थागत विकास जम्मा | २१८०० | ०.५३ |
| प्रतिफल ५.३ वित्तिय श्रोत व्यवस्थापन जम्मा | ६७५० | ०.१६ |
| प्रतिफल ५.४ योजना व्यवस्थापन जम्मा | ३८५०० | ०.९४ |
| प्रतिफल ५.५ संस्थागत सुशासन विकासको जम्मा | १९५०० | ०.४७ |
| **कुल बजेट** | **४११५११०** | **१००** |

## १०.३ निकायगत श्रोत संभाव्यता तथा प्रक्षेपण

आवधिक गाउँ विकास योजनाका अपेक्षित लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न स्थानीय निकाय, विषयगत कार्यालय, विकास साझेदार तथा सहयोगी निकायहरू, गैसस, निजी क्षेत्र तथा व्यवसायिक प्रतिष्ठान, समुदाय र समुदायमा आधारित संस्थाहरूको श्रोत लगानी हुने अपेक्षा गरिनेछ । सम्बन्धित निकाय तथा संघ सस्थाहरूको विगतमा उपलब्ध बजेट र परिवर्तित अवस्थालाई आधार मानी विभिन्न निकाय र साझेदारबाट योजना अवधिमा उपलब्ध हुन सक्ने श्रोत अनुमान गरिएको छ ।

**तालिका ५: विषयगत क्षेत्र अनुसारको आवश्यक, उपलब्ध तथा अपुग बजेट**

| विषयगत क्षेत्र | पाँच बर्षको लागि आवश्यक बजेट (रु. हजारमा) | उपलब्ध वजेट (५ बर्षको अनुमानित) (रु. हजारमा) | अपुग स्रोत ( रु. ०००) |
|---|---|---|---|
| आर्थिक विकास | ७४८५०० | ६३१५२४ | -११६९७६ |
| सामाजिक विकास | ११५९९६० | ९७८६८१ | -१८१२७९ |
| भौतिक विकास | १९३३२०० | १६३१०७९ | -३०२१२१ |
| वन तथा जैविक विविधता | १७५८०० | १४८३२६ | -२७४७४ |
| संस्थागत विकास | ९७६५० | ८२३८९ | -१५२६१ |
| कूल जम्मा | ४११५११० | ३४७१९९९.९१२ | -६४३११० |

## ५.८ अपुग श्रोत विश्लेषण तथा अपुग श्रोत परिचालन रणनीति

**तालिका ६: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट**

| क.सं. | अनुमानित श्रोत | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आवधिक योजनाको लागि आवश्यक अनुमानित श्रोत | ४,११५,११० | १०० |
| २ | आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने श्रोत | ३,४७२,००० | ८४.३७ |
| | अपुग श्रोत | ६४३,११० | १५.६३ |

## १०.४ स्रोत परिचालन रणनीति

प्रति इकाई लागतका आधारमा योजनाको प्रगति मापनका सूचक अनुसारको लक्ष्य प्राप्त गर्न ५ वर्षका लागि प्रमुख कार्यक्रम तथा आयोजनालाई आवश्यक बजेट तयार गरिनेछ। उक्त अनुमानित श्रोत मध्ये गाउँपालिकाको २ आ.व.को वार्षिक बजेटको आधारमा उपलब्ध हुन सक्ने बजेट र योजना कार्यान्वयन गर्दा आवश्यक पर्ने बजेट विश्लेषण गरिनेछ। गाउँपालिकाको आन्तरित श्रोत, प्रदेश तथा संघ अनुदान, विषयगत निकायमा उपलब्ध बजेट, विकास साझेदार तथा सहयोगी निकायबाट उपलब्ध हुने रकम, गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्था तथा समुदायको नगद र वस्तुगत योगदानसमेत गाउँपालिकामा उपलब्ध श्रोतको विगत वर्षहरूको प्रवाहको आधारमा योजना अवधिमा उक्त श्रोतहरूबाट प्रवाह हुन सक्ने रकमको आधारमा उपलब्ध हुन सक्ने बजेट प्रक्षेपण गरिनेछ।

योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि संभाव्य र नियमति श्रोतबाट अपुग हुने बजेट परिचालनका लागि तपशिल बमोजिमका रणनीतिहरू तय गरिनेछ :

- ठूला र विशेष परियोजनाहरूका लागि प्रदेश तथा संघीय सरकारसँग अनुदान रकम बढाउन पैरवी गरिने छ।
- गाउँपालिकको बजेट तर्जुमा गर्दा समपुरक कोषको व्यवस्था गरी संघ तथा प्रदेश सरकारसँग मिलेर ठूला आयोजनाहरू सञ्चालन गरिने छ।
- उत्पादनमूलक आयोजनामा नेपाल सरकारको स्वीकृती लिई ऋण परिचालन गरिने छ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रदान गरेका राजश्व असुली सम्बन्धी अधिकारको प्रयोग गर्दै करको दायरामा वृद्धि गरी आन्तरिक आय अभिवृद्धि गरिने छ।
- निजी क्षेत्र तथा गैससको समन्वय, सहकार्य तथा र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ।

- स्थानीय स्तरमा कार्यरत राष्ट्रिय आवधिक योजनाको लक्ष्य उद्देश्यमा योगदान पुग्ने गरी कार्यक्रम/परियोजना तर्जुमा गरी सोही अनुसार कार्यान्वयन गर्न लगाइने छ।
- पर्यटन प्रवर्द्धन लगायतका सम्भाव्य क्षेत्रमा निजी क्षेत्रको योगदान आकर्षित गर्ने खालका नीति तथा कार्यक्रमहरू ल्याइने छ।
- नागरिक प्रत्यक्ष लाभान्वित हुने क्रियाकलापमा नागरिकको न्यूनतम आर्थिक हिस्सा सुनिश्चित गरिने छ।
- गैरआवासीय नेपालीसँग समन्वय गरी विशेष कार्यक्रम/आयोजनामा लगानी गर्न प्रोत्साहन गरिन छ।
- महोत्सवलगायतका कार्यक्रम गरी थप रकम जुटाउने।
- संसद विकास कोषबाट प्राप्त हुने रकमलाई आविधक योजनाको कार्यक्रममा खर्च गर्न पहल गरिनेछ।
- संघीय सरकारको स्वीकृतिमा दातृ निकायसंग ऋण सहयोग लिएर ठूला आयोजना सञ्चालन गरिनेछ।
- अन्य स्थानीय तहसंग समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ।

## परिच्छेद एघार —– योजना अनुगमन तथा मूल्यांकन

स्थानीय तहको विकासको मेरूदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वनमा सशक्त स्वःअनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। कार्यान्यन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारू भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, गाउँपालिकाले आवधिक योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी त्यसै अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनुपर्दछ ।

### ११.१ बर्तमान अवस्था

गाउँपालिकाले वार्षिक योजना कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता सहित प्रभावकारी बनाएको देखिदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ । विकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ। निर्वाचित जनप्रतिनिधिहरूको बहालीपछि प्रतिनिधिसहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ। यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ। निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन । अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिँदैन । अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजन समेत हुने गरेको छैन । अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन ।

### ११.२ अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले उपाध्यक्ष वा उपप्रमुखको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। त्यस्तै उपाध्यक्षको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ। जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ। त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमनसम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

भरखरै स्थापित स्थानीय तहहरूको संस्थागत विकास भइनसकेको बर्तमान अवस्थामा उपरोक्त कानुनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ। योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको अवस्था छ। अनुगमनसम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन्, अनुगमनका लागि भिन्दै बजेटको विनियोजनसमेत हुन सकेको देखिँदैन । यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आआफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तहसम्मका

सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहेको छ । प्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन ।

कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरूरी देखिन्छ ।

## ११.३ रणनीति

- स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ,
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ,
- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ,
- विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ,
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ,
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ,
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ,
- अनुगमनको प्रतिवेदन गाउँपालिकाको वेबसाइट मार्फत समेत सार्वजनिक गरिनेछ ।

## ११.४ अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय

आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिने छ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँकार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेको छ ।

| अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि |
|---|---|
| ▪ सुपरीवेक्षण तथा अनुगमन समिति<br>▪ जिल्ला समन्वय समिति<br>▪ विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था<br>▪ नागरिक समाज संस्था तथा तेश्रो पक्ष | ▪ स्थलगत अनुगमन<br>▪ कार्ययोजना (लक्ष्य) र प्रगति विच तुलना<br>▪ नागरिक अनुगमन<br>▪ सहभागितामूलक मध्यावधि समीक्षा<br>▪ सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) |

आवधिक तथा बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछ ।

**तालिका ७: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया**

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | ▪ स्थलगत अनुगमन गर्ने<br>▪ चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | गाउ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | ▪ स्थलगत अनुगमन गर्ने<br>▪ बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>▪ नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | ▪ सहभागितामूलक छलफल गर्ने<br>▪ नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>▪ नमूना सर्वेक्षण गर्ने |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | ▪ नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>▪ सहभागितामूलक छलफल गर्ने<br>▪ अध्ययन तथा सर्वेक्षण गर्ने |

## इच्छाकामना गाउँपालिकाको प्रथम आवधिक विकास योजना (२०७७।०७८ – २०८१।०८२)

## विषय क्षेत्रगत मूख्य मूख्य रणनीतिक कार्यक्रम तथा आयोजना र लागत अनुमान

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/ ०७६ | कूल लक्ष्य (२०८१ /८२) | | |
| **आर्थिक विकास** | | | | | |
| **१.१ कृषि विकास** | | | | | |
| १.१.१ खाद्यान्नबाली विकास कार्यक्रम | संख्या | १ | ५ | १५०० | प्रत्येक वडामा मकै, कोदो, गहुँ र धान केन्द्रित खाद्यबालीको उत्पादन बृद्धि गर्ने |
| १.१.२ जैविक, प्रांगारिक मल तथा जैविक विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम | विघा | ० | ७० | ३५०० | सवै वडामा नमूना कार्यक्रम संचालन गर्ने (तरकारी वालीतर्फ) |
| १.१.३ कृषि प्राविधिक शिक्षालय स्थापना गर्ने | संख्या | ० | १ | २०००० | गाउँपालिका कार्यालय नजिक |
| १.१.४ बहुउद्देश्यीय कृषि तथा बन नर्सरी स्थापना र संचालन गर्ने | संख्या | १ | ७ | ३५०० | पत्येक वडामा एउटा हुने गरी स्थानीय आवश्यकता अनुसार तरकारी बीउ र फलफूलको बेर्ना उत्पादन गर्ने |
| १.१.५ व्यवसायिक फलफूल विकास कार्यक्रम - विशेष सुन्तला, केरा, आंप र लिची | विघा | १० | ७० | २५०० | पकेट क्षेत्र पहिचान गरी फलफुल खेती विस्तार |
| १.१.६ व्यवसायिक तरकारी विकास कार्यक्रम | विघा | २० | ५० | १५०० | पकेट क्षेत्र पहिचान गरी आलु वन्दा काउली, भेण्टा प्याज, लौका, खोर्सानी विस्तार |
| १.१.७ कृषि पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | ७ | १४६०० | १ वटा गापा स्तरिय खाद्यान्न तथा वीउ भण्डारण गृह (१००० मेट) |
| १.१.८ कृषि वजारीकरण प्रवर्द्धन कार्यक्रम | संख्या | २ | ९ | ४५०० | ७ वटा प्रत्येक वडामा तरकारी तथा खाद्यान्न संकलन केन्द्र |
| १.१.९ कृषि बाली विमा कार्यक्रम | संख्या | ० | ५ | १४०० | १ वटा गापा स्तरिय शीतभण्डार गृह (२००० मेट) |
| १.१.१० कृषि सम्बन्धी सालबसाली कार्यक्रम | पटक | १ | ५ | ७००० | मागको आधारमा प्रतेक वडामा |
| **कृषि विकासको जम्मा** | | | | **६००००** | |
| **१.२ सिचाई विकास** | | | | | |
| १.२.१ नहर कुलो तथा वाध मर्मत | पटक | ४ | ७ | १०५०० | सवै वडामा रहेका नहर तथा कुला नियमित मर्मत गर्ने |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/ ०७६ | कूल लक्ष्य (२०८१ /८२) | | |
| १.२.२ डिप बोरिंग संचालन (नाला निर्माण सहित) | वटा | ० | ५ | २५००० | आवश्यकता अनुसार |
| १.२.३ साना बोरिंग संचालन कार्यक्रम | संख्या | १००० | १५०० | ५२५०० | आवश्यकता अनुसार |
| १.२.४ लिफ्ट सिचाई (त्रिशुली नदी) | संख्या | ० | ४ | ८०००० | वडा नं. ३,४,५ का आसपासका क्षेत्रहरु |
